
# धम्मपद-अट्ठकथा

[ भाग-२ ]



लेखिका :

– नानीमैयाँ मानन्धर

Downloaded from http://www.dhamma.digital

**प्रकाशक :**

**श्रीमती केशरी लक्ष्मी कंसाकार,** (जमल)

**श्री पद्‌म नारायण मानन्धर,** (क्षेत्रपाटी)

**[सर्वाधिकार लेखिकामा सुरक्षित]**

**प्रथम संस्करण – १००० प्रति**

बुद्ध सम्वत् - २५४६
विक्रम सम्बत् - २०५९
नेपाल सम्बत् - ११२३
ईस्वी सम्वत् - २००३

**मूल्य : रु. ६०/-**

**कम्प्यूटर :**

स्कीम्स् पब्लिकेशन

गाबहाल, पाटन ।

*मुद्रक :*

**न्यू नेपाल प्रेस**

*प्रधान कार्यालय :*
नक्साल, नागपोखरी, काठमाडौं
फोन : ४४३४८५०, ४४३४७५३
फ्याक्स : (९७७-१) ४४३३९२९

*शाखा कार्यालय :*
शुक्रपथ, न्यूरोड, काठमाडौं
फोन : ४२५९०३२, ४२५९४५०
फ्याक्स : (९७७-१) ४२५८६७८

Downloaded from http://www.dhamma.digital

# समर्पण

दान दिनमा सदा तत्पर,
शील पालन गर्नमा दृढ संकल्पी,
विपश्यना ध्यान गर्नमा सतत् जागरुक,

**प्रातः स्मरणीय**
**महान उपकारी**
**सद्धर्म-प्रेमी ममतामयी**

पूजनीय माताश्री कृष्णमाया मानन्धरज्यूको
पूण्य स्मृतिमा

सश्रद्धा

समर्पित् !

Downloaded from http://www.dhamma.digital

# विषय-सूची


| विषय | पृष्ठ : |
|---|---|
| धर्म-प्रीतिका केही शब्द ........ | I-IV |
| दुइ शब्द ........ | क-ङ |
| **३. चित्तवग्गो** ........ | १-३२ |
| ३.१. चित्त चञ्चल छ ........ | १ |
| ३.२. चित्तलाई दमन गर्नु सुखदायक हुन्छ ........ | ४ |
| ३.३. एक उत्कण्ठित भिक्षुको कथा ........ | ९ |
| ३.४. चित्तको संयम ........ | १३ |
| ३.५. चित्तहत्थ स्थविरको कथा ........ | १६ |
| ३.६. पाँचशय विपश्यी भिक्षुहरू ........ | १९ |
| ३.७. तिस्स स्थविरको कथा ........ | २३ |
| ३.८. नन्द गोपालक ........ | २६ |
| ३.९. सोरेय्य स्थविरको कथा ........ | २९ |
| **४. पुप्फवग्गो** ........ | ३३-१०४ |
| ४.१. पाँचशय भिक्षुहरूको कथा ........ | ३३ |
| ४.२. शरीरको असारता ........ | ३६ |
| ४.३. विडूडभको कथा ........ | ३९-४७ |
| ४.३. (क) मृत्युले समाती लैजान्छ ........ | ४४ |
| ४.४. पति-पूजिकाको कथा ........ | ४८ |
| ४.५. कंजूस कोसिय सेठको कथा ........ | ५२-५८ |
| ४.५. भ्रमर समान भिक्षाटन गर | ५५ |


Downloaded from http://www.dhamma.digital

| विषय | पृष्ठ : |
| --- | --- |
| ४.६. **पाठिक आजीवकको कथा** ........................................ | ५९ |
| ४.७. **छत्तपाणी उपासकको कथा** ........................................ | ६३ |
| ४.८. **विशाखाको कथा** ........................................ | ६७–८९ |
| ४.८. (क) विशाखाको विवाह ........................................ | ७२ |
| ४.८. (ख) मृगार-माता ........................................ | ७७ |
| ४.८. (ग) महालता-पसाधन परित्याग ........................................ | ८१ |
| ४.८. (घ) पूर्वाराम विहार निर्माण ........................................ | ८४ |
| ४.८. (ङ) पूर्वाराम विहार महोत्सव | ८७ |
| ४.९. **शीलको सुगन्ध उत्तम हुन्छ** ........................................ | ९० |
| ४.१०. **महाकाश्यप स्थविरलाई देवराज इन्द्रको दान** ........................................ | ९३ |
| ४.११. **गोधिक स्थविरको परिनिर्वाणको कथा** ........................................ | ९७ |
| ४.१२. **गरहदिन्नको कथा** ........................................ | १०० |
| **शब्दार्थ** ........................................ | १०५ |
| **सहायक ग्रन्थहरू** ........................................ | १०९ |

Downloaded from http://www.dhamma.digital

# धर्म प्रीतिका केही शब्द

**सुत्त-पिटक**, **विनय-पिटक**, **अभिधम्म-पिटक**मा संग्रहित **बुद्ध वचन** नै बुद्ध धर्म हो। भगवान बुद्धले आफ्नो जीवनकालका पैतालिस वर्ष लोकहितको लागि धर्म प्रकाशित गर्नु भयो। विभिन्न स्थानहरूमा भिन्न-भिन्न व्यक्तिलाई धर्म बोधको अवस्थासम्म पुऱ्याउन दिनु भएका उपदेशहरू संग्रहित प्रामाणिक ग्रन्थहरू मध्ये **सुत्त-पिटक** अन्तर्गतको '**धम्मपद**' ग्रन्थ पनि एक हो। धर्मका विभिन्न पदहरू संगालेर तयार गरिएको, धर्मको मार्गमा बढ्दै जान सक्ने '**धम्मपद**' ग्रन्थको काव्यात्मक शैली कण्ठस्थ गर्नेहरूका लागि सरल छ। श्रुत परम्परालाई स्मरण गराउने यस ग्रन्थ भित्रका गम्भीर सन्देश आज पनि त्यतिकै महत्वपूर्ण छ।

विभिन्न मुलुकका बुद्ध धर्मानुयायीहरू '**धम्मपद**' बाट लाभान्वित भएका छन्। हाम्रो मुलुकका धर्मप्रेमी बन्धुहरूले पनि यसको सरल-सुबोधता ठम्याई विभिन्न भाषामा अनुवाद गरी धर्म प्रचारको कार्यमा योगदान दिई आएका छन्। यसै क्रममा सुश्री नानीमैयाँ मानन्धरको प्रयास पनि संलग्न हुन आएको छ। प्रथम खण्डको प्रकाशन पश्चात् द्वितीय खण्डको यस प्रयासले उहाँको पाइला यस क्षेत्रमा निरन्तर अघि बढिरहेको संकेत गर्दछ। ४२३ गाथाहरूको सिंगो '**धम्मपद**' ग्रन्थलाई बुझाउन अतीतकालका **अट्ठकथाचार्यहरू**ले योगदान दिनु भएका थिए। आजको वर्तमान युग अनुकूल बनाउन सुश्री नानीमैयाँ मानन्धरको प्रयासले सान्दर्भिकता बुझाउँदछ। प्रस्तुत खण्डमा **चित्त वर्ग** र **पुष्प वर्ग**का गाथाहरू र सोसँग सम्बन्धित घटना विवरण समेटी सुबोधता दिने प्रयास गरिएको छ।

**मन** वा **चित्त**को प्रधानता बुझाउने बुद्ध धर्मले मनको पूर्वगामिपनालाई बुझ्न जोड दिने गर्दछ। भगवान बुद्धले भन्नु भएको छ– "**चेतना'हं भिक्खवे कम्मं वदामि**" अर्थात् "भिक्षुहरू! चेतनालाई नै म कर्म भन्दछु।" **चित्त वर्ग**

Downloaded from http://www.dhamma.digital

भित्रका घटनाहरूले यसलाई अफ्र बढी प्रष्टसँग बुझ्न सघाइएको छ। सुन्दर आम्रवनको आकर्षणमा लट्ठिएर मानसिक एकाग्रताको अवस्थामा पुग्न नसक्ने **भिक्षु मेघिय**, भिक्षुहरूबाट **बत्तिस कोट्ठास भावना विधि** सिकेर ज्ञान प्राप्त गर्ने **मातिक माता** र **मातिक माता**को सहायताबाट **धर्म बोध**को अवस्थासम्म पुग्ने भिक्षुहरू, कल्पना लोकमा शयर गरी आफ्नो मामा भिक्षुलाई हम्किरहेको पंखाले हिर्काउने **भिक्षु संघरक्षित**, स्वादिलो खानाको लोभले भिक्षु बन्ने **चित्तहत्थ** पछि गृहस्थको अवस्थामा स्वास्नीले निद्रामा घुरेको आवाजबाट विरक्त भएर पुनः भिक्षु भई **मार्ग-फल लाभ** गरेको घटना, मैत्रीपूर्ण व्यवहारद्वारा प्रतिकूल परिस्थितिलाई अनुकूल बनाउने **५०० विपश्यी भिक्षुहरू**, आसक्तिपनाको दोष देख्ने **भिक्षु तिस्स**को घटनाले मनको विशालता र तत्क्षण प्रभाव दिने स्वभावलाई बुझाउँदछ।

मन, मनको स्वभाव र यसबाट दिने प्रभावको सम्बन्धमा **चित्त वर्ग** भित्रका घटना विवरणहरूले हृदय मित्रसम्म विझाउँदछ। क्षणिक समयको कुशल चेतनाले दिने राम्रो परिणाम 'स्वादिलो खानाको लोभले भिक्षु भएपछि गृहस्थ बन्ने **चित्तहत्थ** स्वास्नीको घुराईबाट विरक्तिएर पुनः भिक्षु भई धर्म लाभ गरेको' घटनाले बुझाउँदछ। यस्तै क्षणिक समयावधि मै मात्र पनि **अकुशल चेतना**लाई मनमा स्थान दिंदा कस्तो भयानक परिणाम भोग्नु पर्दो रहेछ भन्ने सन्देश **सोरेय्य**को लिंग परिवर्तनको घटनाले दिन्छ। कुनै पनि घटनालाई सानो-तुच्छ मानी उपेक्षा गर्नु मनको सम्बन्धमा उचित होइन। क्षणिक समय पनि हृदय परिवर्तनका लागि यथेष्ट छ भन्ने कुरा यस **वर्ग** भित्रका घटनाहरूले बुझाउँदछ। निसन्देह यो सत्य हो कि मनको परिवर्तनशील र पूर्वगामी स्वभाव ठम्याउने असमर्थताले गर्दा नै समयको सदुपयोग गर्नबाट मानिस वञ्चित भइरहेको हुन्छ। मनको परिवर्तनशील स्वभाव ठम्याउन सक्ने क्षमता भएमा प्राप्त अवसरलाई सदुपयोग गर्न मानिस चुक्ने छैन। यस **वर्ग** भित्रका घटनाहरूले यस्तै सन्देश दिइएको छ।

Downloaded from http://www.dhamma.digital

भगवान बुद्धले वाहृय देखावतीमा अल्भिएर सार पहिल्याउने अवसर नचुक्न सन्देश दिनु भएको छ । जति पनि **वाहृय जगत**का **रूप पक्ष**हरू छन् ती सबै लक्ष्य प्राप्तिका लागि साधनको रूपमा उपयोग गर्नका लागि मात्र हुन् । **वाहृय जगत**को **रूप पक्ष**मा अल्मलिएर त्यसैलाई साध्य ठानी टाँसिएर रहँदा कहिल्यै दु:खबाट मुक्त हुने छैन । **पुष्प वर्ग** भित्रका घटनाहरू यस्तै सन्देश बुझाउने खालका हुन् । पृथ्वी सम्बन्धी कुरा गरी व्यर्थमा समय खेर फाल्ने **५०० भिक्षुहरू**, **मरिचि**को ध्यान गर्ने भिक्षु, प्रतिशोधको भावनाले परिणामको वेवास्ता गर्ने **विड्डूभ**, **कोसिय सेठ**को कञ्जुसिपना, इर्ष्यालु **पाठिक आजिवक**, **विसाखा**ले व्यक्त गरेको वाक्य भित्रको आशय नबुझ्ने **मृगार श्रेष्ठी**, दोष रहित **भिक्षु गोधिक**ले गरेको जीवन उत्सर्गलाई बुझ्न नसक्ने **मार** र **गरहदिन्न**को घटनाले देखावति र सार छुटयाएर ग्रहण गर्नु पर्ने सन्देश दिन्छ ।

यस **वर्ग** भित्रको '**पति पूजिका**' को घटना विवरणले तात्कालिन समाजमा पतिलाई कुन स्थान दिएएको छ सो बुझाउँदछ । पतिको दीर्घायु कामना गरी व्रत बस्ने परम्परा आज पनि हामी केही धर्म विशेषका अनुयायीहरू माझ प्रचलनमा रहेको देख्न सक्छौ । तात्कालिन समयमा मात्र होइन वर्तमान कालमै पनि पतिलाई परमेश्वरको रूपमा मानेर पूजा गर्नेहरू छन् । अतीतकालदेखि चल्दै आएको सो परम्परा आज पनि विद्यमान नै छ । यसले वाहृय आकर्षणको अल्झाई अति बलियो छ भनी बुझाउँदछ । यस्तै आकर्षणले गर्दा **छत्तपाणि उपासक**ले व्यक्त गरेको भावना विपरित '**धर्म देशक**' को रूपमा जो कोहिलाई आजको हाम्रो समाजले ग्रहण गर्ने गरेको पाइन्छ । धर्मको मर्म बुझ्ने होऊन् वा नहोऊन् कुनै महत्व नदिइकन नै धर्म देशकको रूपमा आफूलाई प्रस्तुत गर्नु वा सो स्थान दिनु धर्मको अवमूल्यण गर्नु हो । **छत्तपाणि उपासक**ले आफूलाई प्राप्त अवसर समेत स्वीकार नगरी धर्म उपदेशका लागि कुनै भिक्षुलाई निम्तो गर्ने आग्रह गरेको घटनाले 'धर्म-मार्गलाई

Downloaded from http://www.dhamma.digital

बुझ्ने उचित-अनुचित पनि बुझ्ने हुन्छ' भनी बुझाइएको देखिन्छ। आजको हाम्रो समाजमा **छत्तपाणि** जस्ता उपासक पाउनु सरल छैन।

तात्कालिन समयमा भएका घटना प्रसंगसँग सम्बन्धित विवरणहरू सोहि कालखण्डका लागि मात्र होइनन्। मानिसको चेतनामा देखापर्ने राम्रो-नराम्रो स्वभाव अतीतकालका मानिसहरूमा मात्र भएका होइनन् वर्तमान कालका मानिसहरूमा पनि हुने गर्दछन्। तसर्थ यस अन्तर्गतको घटनालाई विगतको रछ्यानमा चटक्क फाल्नु योग्य होइन बरु यसलाई मनको स्वभाव ठम्याउन सहायकको रूपमा लिंदा उपयोगी हुनेछ।

सुश्री नानीमैंया मानन्धर बुद्ध धर्मलाई जनमानसमा फैलाउनका लागि प्रयत्नरत **हस्ती** हुनुहुन्छ। उहाँले बुद्ध धर्मले इंगित गरेको **परियत्ति, पटिपत्ति**सँग आफूलाई संलग्न गरी आउनु भएको छ। बुद्ध धर्मको सैद्धान्तिक प्रचारका लागि अनेकौं ग्रन्थ अनुवाद, लेखन गर्दै आउनु हुने उहाँ आफू स्वयं **ध्यान (भावना)** को साधक एवं **आचार्य** पनि हुनुहुन्छ। सिद्धान्त-व्यवहार-अनुभवको संमिश्रणयुक्त कौशलले गर्दा नै यति राम्रोसँग यस ग्रन्थलाई प्रस्तुत गर्न सम्भव भएको हो भन्नुमा अतिशयोक्ति होला जस्तो लाग्दैन। उहाँले धर्म कार्यमा दिंदै आउनु भएको योगदान निरन्तर रूपमा अगाडि बढ्दै जाऊन्। धर्म प्रीतिले सदैव उहाँको हृदय लबालब भरियुन्। यहि शुभेक्षा छ।

**"भवतु सब्ब मंगलं !"**

– **भिक्षु कुमार काश्यप**
**त्रिपिटकाचार्य।**

आनन्द कुटी विहार, स्वयम्भू,
काठमाडौं, नेपाल।
२०५९ मंसीर ५

Downloaded from http://www.dhamma.digital

# दुइ शब्द

**धम्मपद** पालि साहित्यको एउटा अमूल्य ग्रन्थ-रत्न हो । यो **सुत्त पिटक**को अन्तर्गत पर्ने **खुद्दकनिकाय**को दोस्रो ग्रन्थ हो। भगवान बुद्धले बुद्धत्व प्राप्त गर्नु भएदेखि महापरिनिर्वाण नहुन्जेल ४५ वर्षसम्म तथागतले समय समयमा दिनु भएको धर्म-उपदेशको सार संक्षेप यसमा संग्रहित भएको छ। यसमा २६ वर्ग र ४२३ गाथाहरू छन् ।

**धम्मपद** यस्तो एक ग्रन्थ हो, जसको प्रत्येक गाथामा धर्मको सारतत्वले भरिएको छ। ती गाथाहरू शील, समाधि, प्रज्ञा र निर्वाणलाई बडो रसयुक्त ढंगले उपमा, उपमेय सहित वर्णन गरिएको छ। यी गाथाहरू पढ्दा अद्भूत किसिमको **धर्म-संवेग** उत्पन्न भई शान्ति र शितलताको अनुभूति हुन्छ । विशेष गरी मानव जीवनमा अनायास घट्ने **हानी-नोक्सानी**, **वियोग-व्यथा**, **सोक-परिदेव** आदिबाट संतापित घडीमा यी गाथाहरूले औषधि उपचारको कार्य गर्दछ ।

**त्रिपिटक ग्रन्थ**लाई अत्यन्त विस्तारपूर्वक लेखिने **भाष्य** अर्थात् **व्याख्या**लाई **अट्ठकथा** भनिन्छ । **अट्ठकथामा** सम्बन्धित् घटना– कहाँ, कहिले, कोसँग, के विषयमा घटेको थियो; तथागतले कसलाई सम्बोधन गर्नु भई के उद्देश्यले गाथा प्रकाशमा ल्याउनु भयो; वर्तमानको घटनासँग पूर्व-जन्मको घटना कसरी सम्बन्धित् हुन गयो; यसबाट श्रोतावर्गलाई के कति मार्ग-फल एवम् लाभ प्राप्त भयो– यी सबै कुरा **भाष्यकार**ले स्पष्ट वर्णन गरी दिएको हुन्छ ।

प्रारम्भमा **अट्ठकथा** श्रीलंकामा सिंहल भाषामा लिपिबद्ध भएको थियो । ईस्वी सम्बत् ५०० शताब्दीमा भारतमा जन्मनु भएका **आचार्य बुद्धघोष**ले सम्पूर्ण त्रिपिटक अध्ययन गरिसक्नु भएपछि उहाँ श्रीलंकामा जानु भयो ।

Downloaded from http://www.dhamma.digital

## दुइ शब्द

उहाँले त्यहाँ भएका सबै **अट्ठकथा** पालि भाषामा अनुवाद गर्नु भयो। यो काम पूरा गर्न उहाँलाई ३० वर्ष लागेको थियो । अनुवाद कार्य पूर्ण भइसकेपछि पालि अट्ठकथा सहित आफ्नो गुरु **संघ महानायक रेवत महास्थविरज्यू**लाई भेट्न भारत फर्कनु भयो । त्यसबेलादेखि उहाँले अनुदित गर्नु भएको **पालि-अट्ठकथा**को महत्व बढ्दै गई आज बौद्ध जगतमा यसले ठूलो स्थान पाएको छ ।

एकातिर यस "**धम्मपद-अट्ठकथा**" मा पुण्य पारमी संग्रहित भएका मानिसहरू तथागतको दया र छत्रछाँया पाएर अथवा कुनै न कुनै कारणबाट भगवान बुद्धको सम्पर्कमा आउने गर्दछन्। अनि तथागतको उपदेश अनुरूप **चार आर्य-सत्य** र **अष्ठाङ्ग-मार्ग** आ-आफ्नो अनुभूतिद्वारा जीवनमा उतारी **आर्य मार्ग-फल** र **निर्वाण**लाई साक्षात्कार गरी मानव जीवन सफल पारेका कतिपय सत्य घटनाहरू यसमा दर्शाइएका छन्। अर्कोतिर पुण्य पारमिता संग्रहित भएका तर तथागत समक्ष आउने संयोग नपरेका अथवा अशक्त भएका कतिपय नर-नारीहरूकहाँ स्वयम् तथागत उपस्थित हुनु भई अथवा **छवण्ण रश्मि**को आभाष फैलाउनु भई धर्म उपदेश दिनु भएको कारणबाट तिनीहरूले **मार्ग-फल** र **निर्वाण** प्राप्त गर्न सकेको थुप्रै तथ्यहरू हाम्रो सामु छन् ।

भगवान बुद्धको समयमा तथागतको नजिक अथवा टाढा रहेका भिक्षु-भिक्षुणी, श्रामणेर, परिव्राजक, देवता, मार, राजपरिवार, गृहस्थ, यक्ष-यक्षिणी आदि अमनुष्यहरूबाट विषम परिस्थिति र समस्याहरू सिर्जना भए। त्यसलाई तथागतले **मैत्री, करुणा र उपेक्षाभाव**बाट मनोवैज्ञानिक तवरले समाधान गर्नु भएको घटना प्रसंशनीय र अनुकरणीय छन् ।

भगवान बुद्धलाई जतिसुकै प्रसंशा गर्ने भक्तहरू देखी प्रभावित भई तथागतले कहिल्यै कसैलाई **वरदान** दिनु भएन। त्यस्तै भए-नभएका कुराको लाञ्छना लगाई निन्दा गर्ने असभ्य, बेइमानी, पापीहरूलाई कहिल्यै **श्राप** दिनु

Downloaded from http://www.dhamma.digital

# दुइ शब्द

भएन । बरु तथागतले बडो करुणायुक्त चित्तले तिनीहरूको जीवनसँग सम्बन्धित् पूर्व-जन्मका घटनाहरूको माध्यमबाट धर्म-उपदेश गर्नु भई तिनीहरूलाई सही मार्ग दर्शाउनु हुन्थ्यो ।

प्राणीको सानो भन्दा सानो कर्मदेखि लिएर ठूल-ठूला कर्म-विपाक भोग गर्नै पर्ने; अझ आर्य पुद्गलको स्थितिमा पुगी सकेर पनि भोग गर्नु पर्ने विपाकबाट मुक्त नहुने कुरा "**धम्मपद-अट्ठकथा**" ले हामीलाई सतर्क गराई जुनसुकै कर्म गर्दा समयमा नै बडो होश पुऱ्याउनु पर्ने सन्देश दिएको छ ।

प्रस्तुत पुस्तक "**धम्मपद-अट्ठकथा**" मा भगवान बुद्धको अमृत वचन पालि गाथाबाट शुरु गरी तथागतले यस गाथा कहाँ, कहिले, कसको सन्दर्भमा प्रकाश पार्नु भएको हो; त्यो कुरो स्पष्ट उल्लेख गरी दिएको छु ।

यसमा कुनै-कुनै कथा यथावत् नै छन् भने कुनै-कुनै घटनाक्रमलाई संक्षेपीकरण गर्नु परेको छ । यस पुस्तकमा घटनाक्रम अनुसारको **शिर्षक** र **उप-शिर्षक** राखी दिएकी छु । कथाको अन्तमा गाथालाई फेरि एकचोटी दोहऱ्याई त्यसको अर्थ स्पष्ट पारी दिएकी छु । साथै त्यस धर्म-उपदेशबाट 'श्रोतावर्गले के, कति मार्ग-फल एवम् लाभ प्राप्त गरेका छन्' भन्ने कुराको परिणाम पनि दर्शाई दिएकी छु ।

यस पुस्तकमा '**चित्तवग्गो**' को **११ वटा गाथा** र '**पुप्फवग्गो**' को **१६ वटा गाथा** समेत जम्मा **२७ वटा गाथाहरू**को सन्दर्भमा आएको बुद्धकालीन घटनाहरू र त्यससँग सम्बन्धित अतीतका कथाहरू समावेश भएका छन् ।

'**धम्मपद**' पुस्तक मैले सानै उमेरदेखि पढेको थिएँ । तर त्यसबेला गाथा र अर्थमा सीमित रह्यो । हुनत यसले पनि मेरो जीवनमा कहिले माता-पिताको वियोग-व्यथालाई मलम-पट्टिको कार्य गरी दिन्थ्यो भने कहिले कल्याण-मित्रको निर्देशन दिइरहन्थ्यो । अझ गम्भीर साधनाको अवधिमा त तथागतले साधना सम्बन्धी सारयुक्त वाणी उच्चारण गरिरहनु भएको जस्तै भान हुन्थ्यो ।

Downloaded from http://www.dhamma.digital

# दुइ शब्द

संयोगको कुरा हो, गत छ-सात वर्षदेखि प्रत्येक शुक्रबार विहान प्रसारित हुने रेडियो नेपालको धार्मिक कार्यक्रममा बुद्ध-धर्म सम्बन्धी प्रवचन प्रसारण गर्ने कार्य गर्दै आइरहेको थिएँ। त्यसै सिलसिलामा "**धम्मपद-अट्ठकथा**" पढ्ने लेख्ने कार्यतिर लाग्दा यसको महत्ता र विशेषता झन छर्लङ्ग हुँदै आयो। रेडियो नेपालको धार्मिक कार्यक्रममा प्रसारित गर्ने लक्ष्य लिई लेखेकोले लेख लेख्दा समय र परिस्थितिको परिधि भित्र रहेर लेख्नु पर्ने भएकोले यस पुस्तकमा कतै कुनै लेख छोटचाउनु पर्ने, कुनै बढाउनु पर्ने बाध्यता भएको महसुस हुन्छ।

मूल "**धम्मपद-अट्ठकथा**" झैं प्रस्तुत पुस्तकको रूप त्यति विस्तृत नहोला। तैपनि यस पुस्तक साह्रै संक्षिप्त पनि छैन। मध्यम कायको रूपमा आजको समय सुहाउँदो भाषा र शैलीमा उतार्ने धृष्टता लिएकी छु।

श्रद्धेय संघनायक भिक्षु अनिरुद्ध महास्थविरज्यूले अनुवाद गर्नु भएको "**धम्मपद-अट्ठकथा**", विपश्यना विशोधन विन्यास, इगतपुरीबाट प्रकाशित "**धम्मपद-अट्ठकथा**" DAW MYA TIN, M.A. द्वारा अनुदित "THE DHAMMAPADA VERSES AND STORIES" को आधारमा प्रस्तुत पुस्तक "**धम्मपद-अट्ठकथा**" लेखेकी छु। अतः उहाँहरू प्रति हार्दिक कृतज्ञता एवम् आभार व्यक्त गर्न चाहन्छु। विशेष गरी श्रद्धेय संघनायक भिक्षु अनिरुद्ध महास्थविरज्यूको शिघ्र स्वास्थ्य लाभको मंगल कामना गर्दै उहाँ प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

श्रद्धेय त्रिपिटकाचार्य भिक्षु कुमार काश्यपज्यूलाई प्रस्तुत पुस्तकको निमित्त भूमिका अथवा केही शब्दले लेखी दिनु हुन सविनय अनुरोध गरेकी थिएँ। उहाँले आफ्नो अत्यन्त व्यस्त अमूल्य समय दिनु भई '**धर्म प्रीतिका केही शब्द**' लेखी दिनु भई यस पुस्तकको महत्ता र विशेषता स्पष्ट पारी दिनु भएकोमा म उहाँलाई हृदयदेखि कृतज्ञता ज्ञापन गर्दछु।

Downloaded from http://www.dhamma.digital

# दुइ शब्द

भगवान बुद्धले ४५ वर्ष सम्म **गाम**, **निगम**, **जनपद**मा चारिका गर्नु हुँदै धर्म-उपदेश गर्नु भएको सारयुक्त वाणी एवम् व्याख्या यस"**धम्मपद-अट्ठकथा**" मा निहित भएको छ। यस्तो अमूल्य ग्रन्थ **धम्मपद-अट्ठकथा** [भाग-१] गत वर्ष २०५८ आषाढ महिनामा श्री प्रल्हाद कृष्ण मानन्धरज्यूले प्रकाशन गर्नु भएको थियो। अहिले "**धम्मपद-अट्ठकथा**" [भाग-२]" श्रीमती केशरी लक्ष्मी कंसाकारज्यू तथा मेरो आदरनीय दाजु श्री पद्म नारायण मानन्धरज्यूको संयुक्त प्रयासबाट यस ग्रन्थ प्रकाशित भई पाठक वर्ग समक्ष राख्न पाएकोमा मलाई ठूलो हर्ष लागेको छ। यसर्थ म उहाँहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु। साथै 'यस्तो धार्मिक कार्यमा झन्-झन् अघि बढ्न सकुन्' भन्ने शुभेच्छा व्यक्त गर्दछु।

*"चीरं तिट्ठतु सद्धमो !"*

Dhamma.Digital

९४५/३२ लेखनाथ सडक
(कुमारी गल्ली, नयाँ बजार)
काठमाडौं, नेपाल।
२०५९ माघ ६ गते, दुतिया।
फोन : ४३५८९९३

– **नानीमैयाँ**

Downloaded from http://www.dhamma.digital

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

# धम्मपदं

# ३. चित्तवग्गो

## ३.१. चित्त चंचल छ

३. (३३) "**फन्दनं चपलं चित्तं – दूरक्खं दुन्निवारयं ।**
**उजुं करोति मेधावी – उसुकारोव तेजनं ॥**"

३. (३४) "**वारिजोव थले खित्तो – ओकमोकत उब्भतो ।**
**परिफन्दतिदं चित्तं – मारधेय्यं पहातवे ॥**"

**चालिका** नगरमा '**चालिक**' भन्ने नाम गरेको एउटा पर्वत थियो । एक समय भगवान बुद्ध त्यस **चालिक पर्वत**मा विहार गरिरहनु भएको थियो । त्यस बेला **आयुष्मान मेघिय स्थविर**ले तथागतको सेवा टहल गर्दथ्यो । उनै **मेघिय स्थविर**को कारणमा भगवान बुद्धले यी गाथा भन्नु भएको हो ।

एक दिन **मेघिय स्थविरले किमिकाल** भन्ने नदीको तीरमा एक सुन्दर उपवन देखेछ । त्यस उपवनमा आँपको बघैंचा थियो । आम्रवन साह्रै रमणीय थियो । **आयुष्मान मेघिय**ले त्यस रमणीय उपवनमा गएर ध्यान गर्ने विचार गऱ्यो । अनि उनी भगवान बुद्धकहाँ गई तथागतलाई सादर वन्दना गरी एक छेउमा बस्यो । उनले तथागतसँग त्यस रमणीय उपवनमा गई ध्यान गर्न जाने अनुमति माग्यो ।

भगवान बुद्धले भन्नुभयो– "**मेघिय** ! अहिले म यहाँ एक्लै छु । अहिले नजाऊ । अरू कोही भिक्षु यहाँ आए पछि मात्र तिमी त्यहाँ गई ध्यान गर्न जानु ।"

Downloaded from http://www.dhamma.digital

यसरी तथागतले उनलाई तीन पटक रोक्नु भयो । तैपनि **मेघिय भिक्षुले** तथागतको कुरालाई मानेन । साह्रै जिद्दी गरी तथागतसँग वचन लिई उनी त्यहाँ गई ध्यान गर्न गयो ।

तर **आयुष्मान मेघियले** केही गरेपनि आफ्नो चित्त वशमा लिन सकेन । मन साह्रै चञ्चल भयो । उनलाई काम वितर्कले सताउनुसम्म सतायो । कति उपाय गर्दा पनि ध्यान गर्न सकेन । आखिर उनी कायल भई भगवान बुद्ध कहाँ फर्केर आयो । उनले तथागतलाई त्यहाँ भएका सबै कुरा बिन्ति गऱ्यो ।

**भगवान बुद्ध**ले भन्नुभयो– "**मेघिय** ! तिमीले ठूलो भूल गऱ्यौ । म यहाँ एकलै छु । अरू भिक्षु नआइकन नजानु भनी रोक्दा रोक्दै तिमी गयौ । यसरी आफ्नो चित्तको वशमा पर्नु उचित छैन । यो चित्त क्षण क्षणमा परिवर्तन हुन सक्छ । यसलाई आफ्नो वशमा राख्न सक्नु पर्दछ ।"

यसरी तथागतले **आयुष्मान मेघिय** स्थविरलाई सम्झाउनु हुँदै यी दुइ गाथा प्रकाशमा ल्याउनु भएको हो—

**"फन्दनं चपलं चित्तं - दूरक्खं दुन्निवारयं ।**
**उजुं करोति मेधावी - उसुकारोव तेजनं ॥"**

अर्थ– चित्त चञ्चल छ, चपल छ; यसलाई रोकी राख्न कठिन छ । यसलाई निवारण गर्न पनि दुष्कर छ । यस्तो चित्तलाई बुद्धिमान व्यक्तिले बाण कारकले बाणलाई सीधा गरे झैं सीधा गर्दछ ।

**"वारिजो'व थले खित्तो - ओकमोकत उब्भतो**
**परिफन्दतिदं चित्तं - मारधेय्यं पहातवे ॥"**

अर्थ– माछालाई पानीबाट झिकी जमिनमा राख्दा जसरी छटपटिने हो; त्यसरी नै यो चित्त मारको बन्धनबाट निस्किंदा छटपटिन्छ ।

Downloaded from http://www.dhamma.digital

## चित्त चञ्चल छ (३)

तथागतको यस धर्मदेशनाको अन्तमा मेघिय स्थविर **स्रोतापत्ति फल**मा प्रतिष्ठित भयो । अरू धेरै श्रोतागणहरू **स्रोतापत्ति मार्ग-फल** आदि प्राप्त गर्नमा सफल भए ।

Downloaded from http://www.dhamma.digital

# ३.२. चित्तलाई दमन गर्नु सुखदायक हुन्छ

३. (३५) "**दुन्निग्गहस्स लहुनो - यत्थ कामनिपातिनो ।**
**चित्तस्स दमथो साधु - चित्तं दन्तं सुखावहं ॥**"

एक समय **भगवान बुद्ध श्रावस्ती**मा विहार गरिरहनु हुँदा तथागतले यो गाथा एक भिक्षुको कारणमा भन्नु भएको हो ।

**कोशल देश**को एक पर्वतको फेदीमा घना बस्ती थियो । त्यहाँ **मातिक** भन्ने एउटा गाउँ थियो ।

एक दिन साठी जना भिक्षुहरू तथागतसँग **अरहत्** सम्म हुन सक्ने **कर्मस्थान ध्यान** सिकेर **मातिक** गाउँमा भिक्षाटनको लागि गए । त्यस गाउँको प्रमुखको नाम **मातिक** थियो । **मातिक**की आमाले ती भिक्षुहरूलाई देखेर सबैलाई भोजन प्रदान गरिन् र सोधिन्– "भन्ते ! तपाईहरू कहाँ जानु हुन्छ ?"

भिक्षुहरूले भने– "हामीलाई सुविधा र अनुकूल भएको ठाउँमा जानेछौं ।"

'स्थविरहरूले **वर्षावास**को लागि सुविधा हुने ठाउँ खोजिरहेका होलान्' भनी विचार गरी तिनले भनिन्– "भन्ते ! तपाईहरू यी तीन महिना यसै गाउँको नजिक बस्नु भए हामीले **त्रिशरण** सहित **पञ्चशील**, **अष्टशील** समादान गरी **उपोसथ ब्रत** पालन गर्ने अवसर पाउने थियौं ।"

**मातिक माता**को यस अनुरोधलाई स्थविरहरूले स्वीकार गरे । तिनले भिक्षुहरूलाई बस्ने ठाउँको व्यवस्था मिलाई दिइन् ।

एक दिन ती सबै भिक्षुहरू एकत्रित भई यसरी निर्णय गरे– "आयुष्मानहरू ! हामी सबैले भगवान बुद्धसँग ध्यान गर्ने विधि र शिक्षाहरू

Downloaded from http://www.dhamma.digital

सिकेर आएका छौं । अप्रमादी भई हामी सबैले ती विधि र शिक्षाको अनुशरण गर्नु पर्दछ। प्रमादी हुनेहरूका लागि अपाय दुर्गतिको द्वारहरू खुला रहने छन्। अतएव स्थविर भिक्षुको उपस्थान गर्न जाने समयमा र भिक्षाटन जाने बेलामा बाहेक अरू समयमा यस विहार भित्र एकै ठाउँमा नबसौं । कारणवशः कसैलाई सञ्चो भएन भने विहारको बीचको घण्टा बजाउने र त्यसको आवाज सुनेपछि हामी सबै भेला भई रोगीको उपचार गर्ने ।" यसरी निर्णय गरिसकेपछि ती भिक्षुहरू आ-आफ्नो ठाउँमा बसेर ध्यान भावना गर्न थाले ।

एक दिन **मातिक माता** घिउ, तेल, मह आदि लिन लगाई आफ्ना दास-दासीहरूका साथ विहारमा गइन्। त्यहाँ कोही पनि भिक्षुहरू नदेखी त्यसको कारण सोधिन् । विहारको बीचको घण्टा बजाए पछि मात्र भिक्षुहरू त्यहाँ जम्मा हुने थाहा पाएर घण्टा बजाउन लगाइन्। कसैलाई सञ्चो भएन होला भन्थानी भिक्षुहरू आ-आफ्नो ठाउँबाट बाहिर निस्की विहारको बीच भागमा जम्मा हुन थाले। ती भिक्षुहरू त्यहाँ आउँदा कुनै पनि भिक्षु दुइ जना एक साथ नआएको देखी 'यी भिक्षुहरूको आपसमा झगडा भएको हुनुपर्छ' भनी तिनले शङ्का गरिन् । भिक्षुहरूलाई सादर वन्दना गरी तिनले सोधिन्– "भन्ते ! तपाईहरूको बीचमा झगडा भएको हो ? किन होला ! यहाँ तपाईहरू अलग अलग आउनु भएको ?"

भिक्षुहरूले भने– "होइन, हामी आपसमा झगडा गरेका छैनौं । बरु '**श्रमण-धर्म**' पालन गरिरहेको छौं" भनी तिनलाई आफूहरूले गरेका निर्णयहरू सुनाए ।

तिनले सोधिन्– "भन्ते ! यो **श्रमण-धर्म** भनेको के हो ?"

भिक्षुहरूले भने– "यस शरीरमा भएको **बत्तीस कोट्ठास** अर्थात बतीस खण्डको स्मरण गरी त्यसको **अनित्य स्वभाव**लाई अनुभव गर्ने ध्यानलाई '**श्रमण-धर्म**' भनिन्छ ।

Downloaded from http://www.dhamma.digital

**मातिक माता**ले जिज्ञासा राखिन्– "भन्ते ! यसरी ध्यान गर्ने काम तपाईहरूले मात्रै गर्नु हुने हो कि हामीले पनि गर्नु हुन्छ ?"

भिक्षुहरूले सम्झाए– "**मातिक माता** ! यो ध्यान जसले पनि गर्नु हुन्छ ।"

**मातिक माता**ले अनुरोध गरिन्– "भन्ते ! त्यसो भए '**बत्तीस कोट्ठास भावना विधि**' मलाई पनि सिकाई दिनुहोस् ।"

भिक्षुहरूले तिनलाई सबै विधि राम्रोसँग सिकाई दिए । **मातिक माता**ले त्यस दिनदेखि **बत्तीस कोट्ठास**को स्मरण गरी ध्यान गर्न थालिन् । यसरी ध्यान गर्दा गर्दै तिनले भिक्षुहरूले भन्दा पहिल्यै **अनागामी मार्ग–फल** प्राप्त गरिन् । साथै तिनी **लौकिक अभिज्ञा** र **चार प्रतिसम्भिदा–ज्ञान** पनि प्राप्त गर्नमा सफल भइन् ।

अनि तिनले 'यी भिक्षुहरूले यस्तो धर्म अर्थात् **मार्ग–फल** कहिले प्राप्त गरेका रहेछन्' भनी **आफ्नो दिब्य–चक्षु**ले हेर्दा तिनीहरू **पृथगजन** नै रहेको कुरा थाहा पाइन् । 'ती भिक्षुहरूलाई शयनासन अनकूल भएन कि अथवा आहार अनुकूल भएन; के कारणले विपश्यना ध्यान बढाउन नसकेको होला' भनी विचार गर्दा आहार अनुकूल नभएको कारण थाहा पाई अनेक प्रकारका सूप ब्यञ्जनयुक्त भोजन गराइन् । सन्तोषपूर्वक भोजन गरेर आएका भिक्षुहरूको चित्त एकाग्र भयो । **विपश्यना ध्यान** बढाउँदै लगी अन्तमा **प्रतिसम्भिदाज्ञान** सहित तिनीहरू **अरहत्व फल** प्राप्त गर्नमा सफल भए ।

**वर्षावास** सकिएपछि ती भिक्षुहरू भगवान बुद्धको दर्शनार्थ श्रावस्तीमा गए । तथागतले तिनीहरूसँग कुशलवार्ता गरिसक्नु भएपछि ती भिक्षुहरूले तथागतलाई बिन्ति गरे– "भगवान शास्ता ! हामीलाई **मातिक** गाउँमा केही कष्ट भएन । निवासको राम्रो व्यवस्था गरी दिइन् । चिताए बमोजिमको अनुकूल आहार प्रदान गरेकीले **विपश्यना ध्यान** बढाउनमा यसबाट ठूलो मद्दत मिल्यो । यसरी अनेक प्रकारले **मातिक माता**को प्रशंसा गरे । तिनको

Downloaded from http://www.dhamma.digital

त्यस्तो प्रशंसा सुनी एक जना भिक्षु त्यस गाउँमा जाने विचार गऱ्यो । भगवान बुद्धसँग **कर्मस्थान ध्यान** सिकेर त्यस भिक्षु त्यस गाउँमा पुग्यो । त्यस भिक्षुले '**मातिक माता**ले मनको कुरा जान्दछिन्' भन्ने कुरा सुनेको थियो । उसले विचार गऱ्यो– "म थाकेको छु । विहार सफा गर्न एक जना मानिस पठाइदिए हुन्थ्यो ।" तिनले मानिस पठाई दिइन् । "पिउनको लागि सखरको सर्वत पठाए हुन्थ्यो" भिक्षुले त्यो पनि पायो । "विहानको लागि मधुर यागु र रोटी पठाए हुन्थ्यो" भनी उसले सोच्यो । तिनले त्यो पनि पठाइ दिइन् । भोजनको समयमा पनि भिक्षुले चिताए अनुसारको भोजन पठाई दिइन् । "तिनलाई एकपल्ट हेर्न पाए हुन्थ्यो" भन्ने मनमा लाग्यो । अनेक प्रकारका सूप ब्यञ्जन सहित भोजन लिई तिनी विहारमा आइपुगिन् । **मातिक माता**लाई देखेर भिक्षुले सोध्यो– "तिमीले अरूको मनको कुरा जान्दछौ ?" तिनले सीधा जवाफ नदिइकन यसरी भनिन्– "परचित्त नजान्नेले यस्तो गर्न सक्छ र ?"

तिनको कुरा सुनी भिक्षुको मनमा यस्तो लाग्यो– "म भने **पृथगजन** छु । मेरो मनमा राम्रा-नराम्रा कुरा आउन सक्छन् । केही भएर मेरो मनमा नराम्रो कुरा आयो भने यिनले मलाई दसी सहित पक्रने छिन् । यहाँ बस्नु ठीक छैन ।"

त्यस भिक्षु त्यहाँबाट **श्रावस्ती**मा गई भगवान कहाँ गयो । भगवान बुद्धले उसलाई सम्बोधन गरी भन्नु भयो– "भिक्षु ! किन यति छिटो फर्केको ? के त्यहाँ बस्ने व्यवस्था भएन ?"

भिक्षुले बिन्ति गऱ्यो– "शास्ता ! त्यहाँ बस्ने राम्रो व्यवस्था छ । तर म त्यहाँ बस्न सक्तिन ।"

तथागतले सोध्नु भयो– "किन ?"

भिक्षुले बिन्ति गऱ्यो– "भन्ते भगवन् ! **मातिक माता**ले मनमा चिताएको कुरा जान्दछिन् । म चाहिं पृथगजन छु । मेरो मनमा राम्रा नराम्रा कल्पनाहरू उत्पन्न

Downloaded from http://www.dhamma.digital

हुन सक्छन् । यदि मैले नराम्रो चिताएको खण्डमा दसी सहित चोरलाई समाते जस्तै तिनले मलाई समात्ने छिन् । त्यसैले म त्यहाँ बस्न नसकी फर्की आएको हुँ ।"

भगवान बुद्धले भन्नु भयो– "भिक्षु ! तिमी त्यहाँ नै गएर बस्नु पर्छ ।"

भिक्षुले बिन्ति गऱ्यो– "भगवन् ! म त्यहाँ गएर बस्न सक्तिन ।"

भगवान बुद्धले भन्नु भयो– "भिक्षु ! त्यसो भए तिमीले एउटा चीजको रक्षा गर्न सक्छौ ?"

भिक्षुले बिन्ति गऱ्यो– "भगवन् ! त्यो चीज के हो ?"

भगवान बुद्धले भन्नु भयो– "भिक्षु ! तिम्रो एउटा चित्त मात्र तिमीले रक्षा गर ।" चित्त रक्षा गर्नु गाह्रो छ । तिमीले अरू केही विचार नगर । आफ्नो चित्तलाई मात्र निग्रह गर । चित्त निग्रह गर्नु पनि सजिलो छैन ।"

यसै सन्दर्भमा तथागतले यो गाथा उल्लेख गर्नु भयो—

**"दुन्निग्गहस्स लहुनो-यत्थ कामनिपातिनो ।**
**चित्तस्स दमथो साधु-चित्तं दन्तं सुखावहं ॥"**

अर्थ— क्षण क्षणमा उत्पन्न हुने, कजाउन गाह्रो, जहाँ मन लाग्यो त्यहाँ जाने, यस्तो चित्तलाई दमन गर्नु राम्रो हुन्छ । जसले चित्तलाई दमन गर्दछ; उसले सुख प्राप्त गर्दछ ।

यस धर्म-देशनाको अन्तमा धेरै जनतालाई धर्म लाभ भयो । धर्म-देशना सार्थक भयो ।

Downloaded from http://www.dhamma.digital

# ३.३. एक उत्कण्ठित भिक्षुको कथा

३. (३६) "**सुदुद्दसं सुनिपुणं - यत्थकाम निपातिनं**
**चित्तं रक्खेथ मेधावी-चित्तं गुत्तं सुखा वहं** ॥"

यो गाथा तथागतले **श्रावस्तीमा** एक **उत्कण्ठित भिक्षु**को कारणमा भन्नु भएको हो ।

भगवान बुद्ध **श्रावस्तीको जेतवनमा विहार** गरिरहनु हुँदा एक जना **कुलपुत्र** भिक्षु अर्थात् गृहस्थको घरमा बरोबर जाने भिक्षु थियो । त्यस भिक्षु एक सेठको घरमा जाने गर्थ्यो । एक दिन सेठको छोरोले त्यस भिक्षुलाई भन्यो– "भन्ते ! म दुःखबाट मुक्त हुन चाहन्छु । मलाई दुःखबाट मुक्त हुने कुनै उपाय बताई दिनुहोस् ।"

भिक्षुले भन्यो– "यदि दुःखबाट मुक्त हुन चाहन्छौ भने **सलाक-दान** देऊ, **पाक्षिक-दान** देऊ, **वर्षावासिक-दान** देऊ, **चीवर** आदि प्रत्ययहरू दान देऊ । आफ्नो आम्दानीलाई तीन भागमा विभाजन गरी एक भागले आफ्नो काम धन्दा चलाऊ, एक भागले आफ्नो जहान-परिवारको पालन-पोषण गर, एक भाग बुद्ध-शासनमा परित्याग गर ।" स्थविर भिक्षुले भने अनुसार सबै गरिसकेपछि फेरि स्थविर कहाँ गई उसले सोध्यो– "भन्ते ! यो भन्दा पनि माथिल्लो काम अरू के गर्नु पर्छ ?"

भिक्षुले भन्यो– "उपासक ! **त्रि-शरणमा** गई **पञ्चशील** पालन गर ।"

उसले **त्रि-शरणमा** गई **पञ्चशील** पालन गरी स्थविरसँग फेरि सोध्यो– "यो भन्दा माथिल्लो अरू गर्नु पर्ने केही छ कि ?"

भिक्षुले भन्यो– "उपासक ! **दश-शील** पालन गर ।"

उसले **दश-शील** ग्रहण गर्‍यो ।

Downloaded from http://www.dhamma.digital

यसरी क्रमैसँग पुण्यकर्म गरेको हुनाले मानिसहरूले उसलाई "अनुपूर्व सेठको छोरो" भन्न थाले ।

एकदिन उसले स्थविरलाई सोध्यो– "यो भन्दा माथि गर्नु पर्ने अरू बाँकी छ कि ?"

भिक्षुले भन्यो– "उपासक ! त्यसोभए तिमी **प्रव्रजित** होऊ ।"

घर छाडी ऊ **प्रव्रजित** भयो । एक जना **अभिधर्म** जान्ने भिक्षु उसको **आचार्य** भयो र एक **विनयधर** भिक्षु **उपाध्याय** भयो । उसलाई **उपसम्पन्न** गराइसकेपछि आचार्य हुने भिक्षुले **अभिधर्म** सम्बन्धी कुरा सिकाउन थाल्यो । "यस्तो गर्नु हुँदैन, उस्तो गर्नु हुँदैन" भनी अर्ति बुद्धि दिने गऱ्यो । उता **उपाध्याय** हुनेले **विनय** सम्बन्धी कुरा सिकाउँदै भन्यो– "यस्तो गर्नु पर्छ, उस्तो गर्नु पर्छ; यो गर्नु योग्य छ, यो गर्नु अयोग्य छ ।"

**आचार्य** र **उपाध्याय**को कुरा सुनेर ऊ हैरान भयो । उसले विचार गऱ्यो– "म दुःखबाट मुक्त हुन प्रव्रजित भएँ। यहाँ त मलाई हात पसार्ने ठाउँ पनि छैन। बरु गृहस्थ भएर नै दुःखबाट मुक्त हुन सक्छु होला। गृहस्थ नै हुनु पऱ्यो ।"

त्यहाँ देखि ऊ उत्कण्ठित भएर ध्यान भावना गर्न पनि छोड्यो । अध्ययन गर्न पनि छोड्यो । ऊ रोगी जस्तै देखिन थाल्यो । केही दिनपछि उसको **आचार्य** र **उपाध्याय**ले यो कुरा थाहा पाए । अनि उसलाई साथमा लिई भगवान बुद्ध कहाँ गए ।

तथागतले सोध्नु भयो– "भिक्षुहरू ! तिमीहरू किन यहाँ आयौ ?"

"भन्ते, भगवन् ! यो भिक्षु तथागतको धर्ममा **उत्कण्ठित** भएको छ ।"

तथागतले भन्नु भयो– "भिक्षु ! के यो कुरा सत्य हो ।"

Downloaded from http://www.dhamma.digital

उत्कण्ठित भिक्षुले बिन्ति गऱ्यो– "शास्ता ! कुरा सत्य हो ।"

तथागतले भन्नु भयो– "भिक्षु ! उत्कण्ठित भएको कारण के हो ?"

भिक्षुले बिन्ति गऱ्यो– "भन्ते, भगवन् ! म दुःखबाट मुक्त हुनको लागि **प्रव्रजित** भएँ। मेरो **आचार्य**ले मलाई **अभिधर्म**को कुरा र **उपाध्याय**ले **विनय**को कुरा सिकाउनु हुन्छ। यहाँ त मैले हात पसार्ने ठाउँ पनि पाइन। त्यसैले मैले गृहस्थ भएर जाने निश्चय गरें ।"

तथागतले भन्नु भयो– "भिक्षु ! तिमीले एउटा चीजको रक्षा गर्न सक्छौ भने अरू काम गर्नु पर्दैन ।"

भिक्षुले बिन्ति गऱ्यो– "भगवन् ! त्यो के काम हो ?"

तथागतले भन्नुभयो– "तिमीले तिम्रो चित्त एउटालाई रक्षा गर्न सक्छौ ?"

भिक्षुले बिन्ति गऱ्यो– "भगवन्, शास्ता ! म मेरो चित्तलाई रक्षा गर्न सक्छु ।"

तथागतले भन्नु भयो– "त्यसो भए तिमीले आफ्नो चित्तलाई मात्रै रक्षा गर्नु ।"

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भयो—

**"सुदुद्दसं सुनिपुणं - यत्थकाम निपातिनं ।**
**चित्तं रक्खेथ मेधावी-चित्तं गुत्तं सुखा वहं ।।"**

अर्थ— यो चित्तलाई देख्न अति गाह्रो छ। यो अति सूक्ष्म र निपुण छ– जहाँ मन लाग्यो त्यहाँ जान्छ । यस्तो चित्तलाई पण्डित बुद्धिमान व्यक्तिले आफ्नो वशमा राख्नु पर्दछ । चित्त वशमा राख्न सकेमा मात्र सुख प्राप्त हुन्छ ।

Downloaded from http://www.dhamma.digital

यस धर्म देशनाको अन्तमा त्यस भिक्षुले **स्रोतापत्ति मार्ग-फल** प्राप्त गऱ्यो। अरू धेरैले **स्रोतापत्ति** आदि **मार्ग-फल** प्राप्त गर्नमा सफल भए। यस धर्म-देशना अरू धेरै मानिसहरूलाई सार्थक सिद्ध भयो।

Downloaded from http://www.dhamma.digital

# ३.४. चित्तको संयम

३. (३७) “दूरङ्गमं एकचरं – असरीरं गुहासयं ।
**ये चित्तं सञ्ञमेस्सन्ति – मोक्खन्ति मारबन्धना ॥”**

एक समय **भगवान बुद्ध श्रावस्ती**को **जेतवनाराम**मा विहार गरिरहनु हुँदा तथागतले यो गाथा **संघरक्षित** भिक्षुको कारणमा भन्नु भएको हो ।

**श्रावस्तीको** एक जना कुलपुत्र बुद्ध शासनमा प्रव्रजित भयो । **उपसम्पदा** गर्दा उसको नाम **संघरक्षित** राखियो । उनले **विपश्यना ध्यान**मा लागेर केही समय पछि नै **अरहत्व**को अवस्था प्राप्त गऱ्यो ।

उनकी बहिनीको एउटा छोरा थियो । ठूलो भएपछि ऊ पनि **प्रव्रजित** भयो । **संघरक्षित** स्थविरको भाञ्जा भएकोले उसलाई सबैले “**भागिनेय्य संघरक्खित**” भन्न थाल्यो ।

**उपसम्पदा** भइसकेपछि **भागिनेय्य संघरक्खित** एउटा गाउँको विहारमा वर्षावास बस्न गयो । त्यहाँ उसलाई सात हात लामो र अर्को आठ हात लामो दुइ कपडा प्राप्त भयो । आठ हात लामो चाहिं कपडा आफ्नो मामा उपाध्यायलाई चढाउने उसले संकल्प गऱ्यो र मामा बस्ने विहारमा गयो । त्यसबेला मामा चाहिं बाहिर गइरहेको थियो । विहारमा कुचो लगाई सफा सुग्घर पारी मामाको प्रतिक्षामा बसिरहयो । उपाध्याय आए पछि पाउ धुने पानी राखी आसन विछ्याई दियो । आसनमा बसेको उपाध्यायलाई उभिएर पंखा हम्की रहयो र आफूले ल्याएको कपडा चढाउन उनलाई अनुरोध गऱ्यो ।

उपाध्यायले भन्यो– “अहिले मसँग चीवर पर्याप्त छ । मलाई यसको आवश्यकता छैन, तिमी आफै परिभोग गर ।”

उनले भन्यो– “भन्ते ! मैले यो कपडा प्राप्त भएदेखिन् तपाईलाई दान दिने संकल्प गरेको थिएँ । तपाईले परिभोग गर्नु भए महान् फल प्राप्त हुनेछ ।”

Downloaded from http://www.dhamma.digital

यसरी आग्रह गर्दा पनि स्थविरले स्वीकार गरेन ।

अनि पंखा हम्कदै उसले विचार गऱ्यो– "म उहाँको भाञ्जा हुँ। **प्रव्रजित** भएपछि म उहाँको साथमा बसेको छु। तैपनि उहाँले यो कपडा स्वीकार गर्नु भएन । यसरी बसिरहनु भन्दा गृहस्थी भएर जानु नै वेश हुनेछ ।"

उसले फेरि सोच्न थाल्यो– "गृहस्थी भएर गएपछि जीविका चलाउन केही न केही काम गरेर खानु पर्दछ । अब यही कपडा बेचेर एउटी बाखी किन्ने छु। बाखी चाड चाडै ब्याउने छिन् । अलि पैसा भएपछि एउटी स्वास्नी ल्याउने छु। अनि एउटा छोरो पाउने छु। छोरालाई मामाको दर्शन गराउन ल्याउँदा पत्नीसँग दुधे बालकलाई मैले माग्नेछु। तिनले मलाई बच्चा दिन मान्दैन। त्यसै बेला तिनको हातबाट बच्चा खसेर गाडाले किच्नेछ। अनि म तिनलाई लट्ठीले यसरी पिट्नेछु" भन्दै हम्किरहेको पंखाले मामाको टाउकोमा बेसरी हिर्कायो ।

उसले मनमा कल्पना गरिरहेको सबै कुरा स्थविरलाई थाहा थियो । स्थविरले भन्यो– "**संघरक्खित** ! तिमीले आफ्नो स्वास्नीलाई पिट्न कल्पना गर्दै मलाई हिर्काएको ?"

"अहो ! मैले कल्पना गरिरहेको सबै कुरा मामाले थाहा पाउनु भएको रहेछ" भनी तर्सिएर ऊ त्यहाँबाट भाग्न थाल्यो। अनि अरू तरुण भिक्षुहरूले उसलाई भेट्टाएर समातेर ल्याई भगवान बुद्ध कहाँ लगे ।

तथागतले सोध्नु भयो– "भिक्षुहरू किन तिमीहरू यहाँ आएको ? यसलाई किन समातेर ल्याएको ? के भयो ?"

भिक्षुहरूले बिन्ति गरे– "भगवन्, शास्ता ! यस भिक्षुले यस्तो यस्तो काम गरी **उत्कण्ठित** अर्थात् तर्सेर भाग्न लाग्यो । यसलाई हामीले समातेर उपस्थित गराएका हौं ।"

तथागतले त्यस भिक्षुलाई सोध्नु भयो– "के यो कुरा साँचो हो ?"

Downloaded from http://www.dhamma.digital

उनले बिन्ति गऱ्यो– "हो, भन्ते भगवन् !"

तथागतले भन्नु भयो– "यस्तो काम किन गरेको ?"

उसले '**वर्षावासमा** प्राप्त भएको कपडाको कुरोदेखि लिएर स्थविरलाई पंखाले हिर्काएको सम्मको कुरा' सविस्तार वर्णन गरी त्यसै कारणबाट तर्सेर भाग्न खोजेको कुरा पनि बिन्ति गऱ्यो ।

भगवानले उसलाई सम्बोधन गरी भन्नु भयो– "भिक्षु ! चिन्ता नगर । यस चित्तले धेरै टाढाको चीजलाई पनि आलम्बन गर्दछ । **राग, द्वेष, मोह**को बन्धनबाट छुटकारा पाउनको निमित्त मेहनत गर्न सक्नु पर्दछ ।"

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भयो—

**"दूरङ्गमं एकचरं - असरीरं गुहासयं ।**
**ये चित्तं सञ्ञमेस्सन्ति - मोक्खन्ति मारबन्धना ॥"**

अर्थ— जतिसुकै टाढाको **आलम्बन**लाई पनि ग्रहण गर्न सक्ने, एक क्षणमा एउटै मात्र उत्पन्न हुने, शरीर नभएको अर्थात् निराकार, हृदयरूपी गुफाको आस्रयमा रहने– यस चित्तलाई जसले संयम गर्दछ, ऊ मारको बन्धनबाट मुक्त हुन्छ ।

यस धर्म-देशनाको अन्तमा **भागिनेय्य संघरक्खितथेर स्रोतापत्ति मार्ग-फल** प्राप्त गर्नमा सफल भयो । अरू धेरैले **मार्ग-फल** प्राप्त गरे । तथागतको यस धर्म-उपदेश अरू स्रोतावर्गलाई सार्थक सिद्ध भयो ।

Downloaded from http://www.dhamma.digital

# ३.५. चित्तहत्थ स्थविरको कथा

३. (३८) "**अनवट्ठित चित्तस्स - सद्धम्मं अविजानतो ।**
**परिप्लवपसादस्स - पञ्ञा न परिपूरति ॥"**

३. (३९) "**अनवस्सुत चित्तस्स - अनन्वाहत चेतसो ।**
**पुञ्ञपाप पहीनस्स - नत्थि जागरतो भयं ॥"**

एक समय **भगवान बुद्ध श्रावस्ती**मा विहार गरिरहनु हुँदा तथागतले यो गाथा **चित्तहत्थ स्थविर**को कारणमा वताउनु भएको हो ।

एक दिन **श्रावस्तीमा** वस्ने एक जना गोठालोको गोरु हरायो । गोरु खोज्दै-खोज्दै जाँदा बल्ल जङ्गलमा भेट्टाएछ । गोरु खोज्न निकै हिडी सकेकोले उसलाई भोक र प्यासले पनि सताएको थियो । 'अहिले भिक्षुहरू कहाँ गए केही खानेकुरा अवश्य पाइन्छ' भन्ने विचार गरी ऊ विहारमा गयो । भिक्षुहरूलाई वन्दना गरी एक छेउमा वस्यो । 'ऊ भोकाएको छ' भनी थाहा पाएर भिक्षुहरूले 'थालमा बाँकी रहेको खाना खानु' भनी आदेश दिए । ऊ गएर खाना खायो । सूप ब्यञ्जन युक्त भोजन उसलाई साह्रै स्वादिलो लाग्यो ।

उसले विचार गर्‍यो– "म दिनदिनै दुःख कष्ट गरी कति मेहनत गर्छु । तैपनि एक छाक यस्तो मिठो भोजन जुटाउन सकेको होइन । यी भिक्षुहरूलाई कामसाम नगरिक नै दिनहुँ यस्तो सूप ब्यञ्जनयुक्त स्वादिलो भोजन प्राप्त हुँदो रहेछ । गृहस्थ भई किन दुःख पाइरहने ? म पनि भिक्षु हुनु पर्‍यो ।"

यसरी सोचेर ऊ भिक्षुहरू कहाँ गयो र **प्रव्रज्या** माग्यो । भिक्षुहरूले उसलाई **प्रव्रजित** गरी दियो । स्वादिलो भोजन पाएकोले ऊ मोटाउँदै आयो ।

एक दिन उसको मनमा यस्तो लाग्यो– "आ ! यो भिक्षाटन मात्रै गरेर के जीविका गर्ने ? गृहस्थ नै भएर जानु पर्‍यो ।" उसले **चीवर** छोडी घरमा गयो । घरमा कामले गर्दा केही दिनमा नै ऊ विस्तारै डुब्लाउँदै गयो ।

Downloaded from http://www.dhamma.digital

"यस्तो दुःख कष्ट गरी गृहस्थीमा बस्नु पनि झन्झटै रहेछ। अब भएन। गएर प्रव्रजि नै हुनु पर्‍यो" भनी सोचेर फेरि **प्रव्रजित** हुन गयो । केही दिन पछि उसलाई भिक्षु भएर बस्न मन लागेन फेरि **चीवर** छोडेर गृहस्थ भयो । यसरी उसले छ पटकसम्म **प्रव्रजित** भएर चीवर छोड्यो । यस किसिमले बार-बार चित्तको वशमा परेर घर फर्कने र **प्रव्रजित** हुने भएकोले उसलाई "**चित्तहत्थ**" भन्न थाल्यो ।

'**चित्तहत्थ**' कहिले **चीवर** छोडेर घर आउने कहिले भिक्षु हुने गर्दा गर्दै उसकी पत्नी गर्भवती भइन् ।

एक दिन '**चित्तहत्थ**' खेत जोतेर हलो आदि लिई घर फर्कदाँ उसकी पत्नी लम्पसार परी सुतिरहेकी थिइन्। तिनले लगाएको वस्त्र यताउता परेको थियो। मुखबाट र्‍याल चुहिरहेको थियो। 'घुरघुर' आवाज आउने गरी घुरिरहेकी थिइन् । यो दृश्य देख्ने बित्तिकै उसलाई मसानमा राखेको फुलेको शरीरको जस्तो भान भयो । काषायवस्त्र लिई ऊ तुरन्तै घरबाट निस्क्यो । घरसँगै बसिरहकी उसकी सासूले उसलाई घर भित्र पस्ने बित्तिकै फेरि तुरन्तै निस्केर गएको देखेर 'किन होला !' भनी सोचेर उसको घरमा गएर हेर्न गयो । छोरी चाहिं लम्पसार परेर सुतिरहेकी देखेर तिनलाई उठाइन् र भनिन्– "तिम्रो पति काषायवस्त्र लिएर बाहिर गइसक्यो । अब ऊ फर्कन्दैन होला ।"

छोरीले भनी– "आमा तपाई चूप लाग्नुहोस्। ऊ कहाँ जान्छ र ? केहि दिन पछि फेरि फर्केर आउनेछ ।"

यता **चित्तहत्थ** त्यस्तो दृश्य देखेर विरक्त भएर "अहो ! '**अनित्य**', '**दुःख**' भन्दै गइरहेको बेलामा उसले **स्रोतापत्ति मार्ग–फल** प्राप्त गर्‍यो । विहारमा गई सातौं पटक **प्रव्रज्या** माग्दा कसैले पनि उसलाई **प्रव्रजित** गराउन चाहेन । "अब एक पटक मात्र मलाई **प्रव्रजित** गराउनुहोस्" भनी बारबार प्रार्थना गरे पछि बल्ल उसले **प्रव्रज्या** पायो । केही दिन भित्रै उसले **विपश्यना ध्यानद्वारा प्रतिसम्भिदा ज्ञान** सहित **अरहत्व**को स्थिति प्राप्त गर्‍यो ।

Downloaded from http://www.dhamma.digital

अरू भिक्षुहरूले उसलाई गिज्याउँदै भने– "आवुसो **चित्तहत्थ** ! यस पालि त तिमी धेरै दिन बस्यौ नि । **चीवर** छोड्ने होइन र ? कहिले छोड्ने ?"

उनले भन्यो– "भन्ते ! पहिले म संसर्गमा थिएँ । त्यसैले म चीवर छोडेर जाने गर्थे । अब त्यो सँसर्ग ममा छैन । त्यसलाई मैले चुँडाली सकें । अब म नफर्कने भइसकें ।"

उसको कुरा सुनी भिक्षुहरूले यसलाई भगवान बुद्ध कहाँ लगी उसले भनेको कुरा बिन्ति गरे ।

तथागतले भन्नु भयो– "भिक्षुहरू ! हो, मेरो पुत्रले आफ्नो चित्त स्थिर नभएको बेलामा सद्धर्म अवबोध नभएको बेलामा यसले गमनागमन गऱ्यो । अब उसको पाप पुण्य दुवै प्रहीण भइसक्यो" भन्नु हुँदै यी गाथा प्रकाशमा ल्याउनु भयो—

**"अनवट्ठित चित्तस्स - सद्धम्मं अविजानतो ।**
**परिप्लवपसादस्स - पञ्ञा न परिपूरति ॥"**

अर्थ— जसको चित्त स्थिर हुँदैन; जसले सद्धर्मलाई जानेको हुँदैन, जसको प्रसन्न हुने स्वभाव हुँदैन त्यस्तो व्यक्तिमा प्रज्ञापूर्ण हुँदैन ।

**"अनवस्सुत चित्तस्स-अनन्वाहत चेतसो ।**
**पुञ्ञपाप पहीनस्स-नत्थि जागरतो भयं ॥"**

अर्थ— जो व्यक्ति अनासक्त हुन्छ, जसको चित्त स्थिर हुन्छ, जसले पुण्य-पापलाई प्रहीण गरिसकेको हुन्छ, जो जागृत रहन्छ; उसलाई भय हुँदैन ।

तथागतको यस धर्म-देशना सुनेर धेरै जनसमूह लाभान्वित भए ।

Downloaded from http://www.dhamma.digital

# ३.६. पाँच शय विपश्यी भिक्षुहरू

३. (४०) "**कुम्भूपमं कायमिमं विदित्वा,**
**नगरूपमं चित्तमिदं ठपेत्वा ।**
**योधेथ मारं पञ्ञायुधेन,**
**जितञ्च रक्खे अनिवेसनो सिया ॥**"

एक समय **भगवान बुद्ध श्रावस्ती**को **जेतवनाराम**मा विहार गरिरहनु भएको थियो। त्यसबेला तथागतले यो गाथा पाँच शय विपश्यी भिक्षुहरूको कारणमा भन्नु भएको हो।

**श्रावस्ती**मा पाँच शय भिक्षुहरूले तथागतसँग **अरहत**सम्म हुन सक्ने **कर्मस्थान**को उपदेश सुने। त्यसपछि उनीहरूले '**श्रमण-धर्म** पालन गर्ने छौं' भनी अठोट गरी तिनीहरू श्रावस्तीबाट एक शय योजन टाढा घनाबस्ती भएको एक गाउँमा पुगे। त्यहाँका वासिन्दाहरूले उनीहरूलाई देखेर "तपाईहरू कहाँ जानु हुन्छ ?" भनी सोधे।

Dhamma.Digital

"सुविधा भएको ठाउँमा जानुछ" भनी भिक्षुहरूले उत्तर दिए। त्यहाँका वासिन्दाहरूले तीन महिना **वर्षावास**को लागि यसै गाउँको नजिक बस्न प्रार्थना गरे। भिक्षुहरूले तिनीहरूको प्रार्थना स्वीकार गरे। भिक्षुहरू नजिकैको बनमा गएर बसे।

वनमा बस्ने देवताहरूले "**शीलवान** भिक्षुहरू आउँदैछन्। यिनीहरू एक रात बास बसेर जाने होलान्" भन्ठानी रूखबाट ओर्लेर भुइँमा बसे। भोलिपल्ट पनि ती भिक्षुहरू त्यहीं बस्न आएको देखेर 'आज कसैले **निमन्त्रणा** गरेको हुनु पर्छ' भनी सोचेर ती देवताहरू भुइँमा बसे। तर भिक्षुहरू दिन दिनै आउने-बस्ने गरेकोले देवताहरूलाई फसाद पऱ्यो। भिक्षुहरू भन्दा उच्च स्थानमा ती देवताहरू बस्न सक्तैनथे। त्यसैले देवताहरू सबै मिलेर ती भिक्षुहरूलाई

Downloaded from http://www.dhamma.digital

भगाउने उपाय सोच्न थाले । तिनीहरूले कहिले भयानक दृश्यहरू देखाउन थाले । कहिले डरलाग्दो आवाजहरू निकाल्न थाले ।

"फलानो ठाउँमा मैले शीर नभएको शरीर देखें, फलानो ठाउँमा मैले कंकाल देखें, फलाना-फलानो ठाउँमा भयंकर आवाजहरू सुनें" भनी भिक्षुहरूका बीचमा आपसमा कुरा चल्न थाल्यो । कोही भिक्षुहरू साह्रै डराए । कोही-कोही बिरामी पनि भए । यी कारणहरूले गर्दा ती भिक्षुहरू त्यहाँ बस्न नसकेर फर्केर गई भगवान बुद्ध कहाँ गए ।

तथागतले सोध्नु भयो– "भिक्षुहरू ! तिमीहरू चाँडै फर्केर आयौ नि । किन ? के भयो ?"

भिक्षुहरूले त्यहाँ भएका सबै घटनाहरू तथागतलाई सविस्तर बिन्ति गरे ।

भगवान बुद्धले भन्नु भयो– "भिक्षुहरू ! तिमीहरू त्यहीं गएर बस्नु ।"

भिक्षुहरूले बिन्ति गरे– "भन्ते, भगवन् ! हामी त्यहाँ गएर बस्न सक्तैनौं ।"

तथागतले भन्नु भयो– "भिक्षुहरू ! तिमीहरूले **आयुध** अर्थात् शस्त्र लिएर गएनौं । अब जाँदा शस्त्र लिएर जानु ।"

भिक्षुहरूले बिन्ति गरे– "भगवन्, शास्ता ! कस्तो शस्त्र लिएर जाने ?"

भगवान बुद्धले भन्नु भयो– "भिक्षुहरू ! मैले दिएको **मैत्री** रूपी शस्त्र लिएर जानु भन्नु हुँदै सबै प्राणी प्रति मैत्रीभाव राख्ने '**मैत्री सूत्र**' को कुरा सिकाई दिनु भयो । साथै यो पनि भन्नु भयो कि तिमीहरू त्यस वनमा पुग्ने बित्तिकै यो सूत्र मैत्रीपूर्वक पाठ गरी आ-आफ्नो स्थानमा गई बस्नु ।"

भगवान बुद्धको आज्ञालाई शिरोपर गरी ती भिक्षुहरू त्यस गाउँको बनतिर लागे । बनमा पस्नु भन्दा पहिले ती भिक्षुहरू सबै मिलेर सबै

Downloaded from http://www.dhamma.digital

प्राणीहरू प्रति मैत्री भाव राखी एकै लय, एकै स्वरमा '**मैत्री सूत्र**' पाठ गर्न थाले । भिक्षुहरूको **मैत्री** र **मेत्तसुत्त**को प्रभावले गर्दा जंगलमा बस्ने देवताहरू **साह्रै प्रसन्न** भए । त्यसबेलादेखि तिनीहरूले भिक्षुहरूलाई कुनै प्रकारका डर, त्रास देखाउने काम गरेनन् । बरु त्यहाँ हुने अरू किसिमका भयबाट उनीहरूलाई आरक्षा, सुरक्षा गर्नमा मद्दत गर्न थाले । उनीहरूलाई आदर-सत्कार गरी ध्यान गर्नको लागि बडो राम्रो वातावरण बनाई दिए ।

अब ती भिक्षुहरूलाई त्यस बनमा बस्न साह्रै सजिलो भयो । देवताहरूको अनेक प्रकारका मद्दतले गर्दा उनीहरूको चित्त शान्त हुँदै गयो । ध्यान गर्न अनुकूल वातावरणले गर्दा मन एकाग्र भयो । उनीहरूले आ-आफ्नो चित्तलाई **विपश्यना ध्यान**मा लगाए– "यो **आत्म-भाव अनित्य** हो । यसमा क्षण-क्षणमा '**उदय-व्यय**' भइरहन्छ । यो शरीर एक दिन माटोको भाँडो फुटे झैं विनाश भएर जानेछ ।"

यसरी **विपश्यना-ध्यान** अविवृद्धि गरिरहेकै बेलामा तथागतले आफ्नो **छवण्ण रश्मी** फैलाउन भई उनीहरू कै अगाडि बसिरहे झैं गरी उनीहरूलाई सम्बोधन गर्नु भई भन्नु भयो– "भिक्षुहरू ! ठीक छ । त्यस्तै हो । तिमीहरूको ध्यान ठीक ठाउँमा परिरहेछ । अवश्य यो शरीर माटोको भाँडो फुटे झैं फुटेर जानेछ ।" यसरी भन्नुहुँदै तथागतले यो गाथा प्रकाशमा ल्याउनु भयो—

**"कुम्भूपमं कायमिमं विदित्वा,**
**नगरूपमं चित्तमिदं ठपेत्वा ।**
**योधेथ मारं पञ्ञायुधेन,**
**जितञ्च रक्खे अनिवेसनो सिया ॥"**

अर्थ— 'यस शरीर माटोको भाँडो जस्तै हो' भनी जानेर चित्तलाई नगर समान सुरक्षित गरी प्रज्ञा रूपी शस्त्रले **मार**सँग युद्ध गर' मारलाई पराष्ट गरिसकेपछि अनासक्त भई आफ्नो चित्तलाई रक्षा गर ।

Downloaded from http://www.dhamma.digital

तथागतको यस धर्म-देशनाको अन्तमा पाँच शय भिक्षुहरू आ-आफ्नो आसनमा बस्दा बस्दै **पटिसम्भिदा** सहित **अरहन्त** भई तथागतको सुवर्ण वर्ण शरीरलाई वर्णन गर्दै सादर वन्दना गरे ।

Downloaded from http://www.dhamma.digital

# ३.७. तिस्स स्थविरको कथा

**३. (४१) "अचिरं वत यं कायो – पठविं अधिसेस्सति ।**
**छुद्धो अपेत विञ्ञाणो – निरत्थंव कलिङ्गरं ॥"**

एक समय **भगवान बुद्ध श्रावस्ती**को **जेतवनाराम**मा विहार गरिरहनु भएको थियो । त्यसबेला तथागतले यो गाथा '**तिस्स**' स्थविरको कारणमा भन्नु भएको हो ।

**श्रावस्ती**को एकजना कुलपुत्र तथागतको धर्म श्रवण गर्न गइरहन्थ्यो । धर्मको कुरा सुन्दा सुन्दै उसलाई **बुद्ध शासन**मा **प्रव्रजित** हुने इच्छा जागृत भयो । एकदिन तथागत कहाँ गई सादर वन्दना गरी **प्रव्रज्या** तथा **उपसम्पदा** माग्यो । भगवान बुद्धले उसलाई **प्रव्रजित** गराउनु भयो र उनलाई **तिस्स** नाम राख्नु भयो ।

**तिस्स** भिक्षुले **श्रमण-धर्म** पालन गर्दै रह्यो । समय बित्दै जाँदा उनको शरीरमा खटिराहरू निस्कन थाले । खटिरा निस्किदा पहिले सर्ष्यूँ जत्रै थिए । पछि हुँदाहुँदै ती खटिरा मुगी जत्रा भए । पछि क्रमशः बढेर केराउ जत्रै, सिमीको बिउ जत्रै र अमला जत्रो भए । यसरी बढ्दा बढ्दै बेल जत्रो भई ती खटिराहरू फुटे । पीप निस्कन थाल्यो । सारा शरीरमा प्वालै प्वाल भयो । उसको शरीर गन्हाउन थाल्यो । मानिसहरूले उसलाई '**कुहेको शरीर हुने तिस्स भिक्षु**' भन्न थाले ।

पछि उसको हाडहरू पनि भाँचिन थाले । औषधि उपचार गरेर साध्य नहुने अवस्थामा पुग्यो । रगत र पीपले गर्दा उसको चीवर वस्त्रहरू शरीरमा नै टाँसिए । सेवा गर्ने भिक्षुहरूले उसलाई सेवा गर्न नसकी छाडेर गए । ऊ एक्लै भयो । अनाथ भई बस्न पर्‍यो ।

भगवान बुद्ध दिनको दुइ पटक **करुणा समापत्ति ध्यान**मा बस्नु हुन्थ्यो ।

Downloaded from http://www.dhamma.digital

विहान सवेरै ध्यानमा बस्नु हुँदा चक्रवालको छेउ देखि लिएर **गन्धकुटी** अर्थात् उहाँको निवास स्थानसम्मका प्राणीहरूलाई **करुणा दृष्टि**ले हेर्नु हुन्छ भने सन्ध्या कालमा ध्यान गर्नु हुँदा गन्धकुटीदेखि चक्रवालको छेउसम्म दृष्टि फैलाई **करुणा समापत्ति**मा बस्नु हुन्थ्यो ।

एक दिन तथागतले यसरी **करुणा दृष्टि**ले हेर्नु हुँदा कुहेको शरीर भएको त्यस '**तिस्स**' **भिक्षु**लाई देख्नु भयो । साथै सेवा गर्न बसेका सबै भिक्षुहरूले उसलाई छाडेर गएका कुरा पनि थाहा पाउनु भयो । समयमा नै उचित सेवा पाउन सकेमा **अरहत्त** अर्थात् जीवन मुक्त हुन सक्ने **पूर्व पारमी** एवम् क्षमता त्यस '**तिस्स**' भिक्षुमा रहेको कुरा चाल पाउनु भई तथागतले विचार गर्नु भयो– "यस भिक्षुलाई सहायता गर्ने अब म बाहेक अरू कोही भएन । म उसकहाँ गएको खण्डमा उसको ठूलो कल्याण हुनेछ ।"

भगवान बुद्धले यसरी विचार गर्नु भई तथागत गन्धकुटीबाट निस्कनु भई विहार चारिकाको रूपमा अग्निशालामा जानु भयो । त्यहाँ तथागतले कराही पखाली पानी हालेर चुल्होमा बसाल्नु भयो । पानी तातो नभएसम्म तथागत त्यहीं पर्खिरहनु भयो । पानी तातेपछि तथागतले '**तिस्स**' **भिक्षु** लेटिरहेको खाट उचाल्न लाग्नु भयो । यत्तिकैमा अरू भिक्षुहरू दौडेर आई "भगवन् शास्ता ! खाट हामीले उचालेर बाहिर लैजाने छौं" भन्दै खाट बाहिर ल्याए । तथागतले तातो पानी राख्न एउटा सानो भाँडो मगाउन भई '**तिस्स**' **भिक्षु**लाई विस्तारै तातो पानीले छम्कनु भई अरू भिक्षुहरूलाई उसको चीवर समात्न लगाउनु भयो । '**तिस्स**' **भिक्षु**को शरीरमा टाँसिरहेको चीवर यसरी विस्तार विस्तारै निकाल्न लगाउनु भई चीवर तातो पानीमा धुन लगाई सुकाउन लगाउनु भयो । तथागत स्वयं आफ्नै हातले '**तिस्स**' भिक्षुलाई विस्तारै तातो पानीले नुहाइ दिनु भई सुकिलो चीवर लगाई दिनु भयो । नुहाइ सकेपछि '**तिस्स**' भिक्षुले शरीर हलुंगो भएको महशूस गऱ्यो । उसलाई खाटमा लेटाई दियो ।

त्यसपछि तथागत उसको सिराननिर उभिएर त्यस '**तिस्स**' **भिक्षु**लाई

Downloaded from http://www.dhamma.digital

सम्बोधन गर्नु भई यस गाथाद्वारा शरीरको **अनित्यता**, **अस्थिरता** र **निरर्थकता**लाई छर्लङ्ग्याउनु हुँदै भन्नु भयो—

**"अचिरं वतयं कायो - पठविं अधिसेस्सति ।**
**छुद्धो अपेत विञ्ञाणो - निरत्थंव कलिङ्गरं ॥"**

अर्थ— चाँडै नै यो शरीर विज्ञान (चित्त) रहित भई काम नलाग्ने खोक्रो मूढा झैं निरर्थक भई पृथ्वीमा लडी रहने छ ।

तथागतको करुणा युक्त **अनित्यता**का सार संक्षेप यस अमरवाणी सुनेर **विपश्यना**द्वारा **प्रतिसम्भिदा** सहित **तिस्स** भिक्षुले अर्हत्वको स्थिति प्राप्त गऱ्यो । अरू पनि थुप्रै भिक्षुहरूले **स्रोतापन्न** आदि स्थिति प्राप्त गरे ।

**तिस्स भिक्षु** तत्काल त्यहीं परिनिर्वाण भयो अर्थात् उसले देह त्याग गऱ्यो । भगवान बुद्धले उसको अग्निसंस्कार गराउनु भई **धातु चैत्य** बनाउन लगाउनु भयो ।

Downloaded from http://www.dhamma.digital

# ३.८. नन्द गोपालक

३. (४२) “**दिसो दिसं यं तं कयिरा – वेरी वा पन वेरिनं ।**
**मिच्छा पणिहितं चित्तं – पापियो नं ततो करे ॥**”

यो गाथा तथागतले **कोशल** देशमा बस्ने **नन्द गोपालक** अर्थात् **नन्द गोठालो**को कारणमा भन्नु भएको हो ।

**श्रावस्तीमा अनाथपिण्डिक महाजन**को **नन्द** भन्ने एक जना गोठालो थियो । **नन्द** धनी थियो । तैपनि उसले गाईहरूको हेरचाह गर्थ्यो ।

समय समयमा **अनाथपिण्डिक महाजन**ले भिक्षुसंघ सहित भगवान बुद्धलाई निमन्त्रणा गर्थ्यो । भोजन प्रदान गर्थ्यो । त्यसबेला **नन्द गोपालक**ले **पञ्च गोरस** ल्याई तथागतको दर्शन गर्थ्यो । उहाँको धर्म उपदेश पनि सुन्ने गर्थ्यो । अनि उसले आफ्नो निवासमा पाउकष्ट गरिदिन हुन तथागतलाई सादर अनुरोध पनि गर्थ्यो । तर उसको ज्ञान परिपक्व नभएका कारणले गर्दा तथागत उस कहाँ जानु भएको थिएन । किनभने जसरी **केणिय जटिल** गेरुवा वस्त्र धारण गरी पाँच शय गाडाहरूद्वारा व्यापार गर्न लगाई हजार परिवारको मालिक भई बस्दथ्यो; त्यस्तै **नन्द गोपालक** पनि गोठालोको भेषमा रहेर राजाको कर संकलन गरी आफ्नो परिवारको रक्षा गरिरहेको थियो ।

पछि नन्द गोपालकको ज्ञान परिपक्व भयो । अर्थात् उसको दृष्टि ठीक हुँदै आयो । उसले गर्ने आजीविकाको तरिका राम्रो भयो ।

एक दिन तथागत थुप्रै भिक्षुसंघहरूका साथ चारिका गर्नु हुँदै उसको घरको नजिकमा रहेको एउटा रूखमुनि बस्नु भयो । **नन्द गोपालक**ले भगवान बुद्धलाई आफ्नो घर नजिकको **वृक्ष** मुनि बसिरहनु भएको देखेर भाव विभोर भई गएर तथागतलाई सादर वन्दना गरी एक छेउमा बस्यो । अनि उसले भिक्षुसंघ सहित तथागतसँग भोजनको लागि निमन्त्रणा स्वीकार गर्न सादर

Downloaded from http://www.dhamma.digital

अनुरोध गऱ्यो । तथागतले मौन भई उसको भोजन स्वीकार्नु भयो ।

**नन्द गोपालक**ले सात दिनसम्म भिक्षुसंघ सहित तथागतलाई **पञ्च गोरस**द्वारा भोजन प्रदान गऱ्यो र अन्य दान कार्य पनि सम्पन्न गऱ्यो । सातौं दिनमा भोजन पश्चात् तथागतले **दानानुमोदन** गर्नु भई **आनुपूर्वी कथा**को उपदेश दिनु भयो । उपदेशको अवसानमा **नन्द गोपालक स्रोतापन्न** भयो अर्थात् ऊ मुक्तिको स्रोतमा पऱ्यो । अनि उसले भगवान बुद्धको भिक्षा पात्र लिई तथागतलाई टाढासम्म पुऱ्याउन गयो ।

धेरै टाढा पुगिसकेपछि उसको हातबाट भिक्षा पात्र लिनु भई तथागतले उसलाई भन्नु भयो– "**नन्द** ! तिमी धेरै टाढा आइपुग्यौ । अब तिमी फर्केर जाऊ ।" **नन्द गोपालक**ले तथागतलाई सादर वन्दना गरी फर्केर गयो ।

**नन्द गोपालक** फर्केर आफ्नो घरतिर आइरहेको बेलामा बाटोमा उसलाई एक जना ब्याधाले हानेर मारी दियो ।

पछि आइरहेका भिक्षुहरूले ऊ मरेको देखेर अचम्म भए । भगवान बुद्ध कहाँ गई तिनीहरूले विन्ति गरे– "भन्ते, भगवन् ! तथागतलाई पुऱ्याउन आएको **नन्द गोपालक** फर्केर आउँदा उसको घर नपुग्दै बाटैमा कुनै एक व्याधाले हानेर उसलाई मारी दियो । तथागत त्यहाँ नजानु भएको भए शायद उसको मृत्यु नहुने हो कि ?"

तथागतले भन्नुभयो– "भिक्षुहरू ! म त्यहाँ गए पनि, नगए पनि अथवा ऊ अन्यत्र कतै गए पनि उसको प्राण बच्ने थिएन । ऊ चार दिशा र चार अनुदिशामा गए पनि उसको रक्षा गर्ने कुनै उपाय थिएन । यहाँ जुन काम चोरले वा शत्रुले गर्न सक्तैन ती कार्य यी सत्वहरूका आफ्ना प्रदुष्ट चित्तले गर्दछन् ।"

यसरी भिक्षुहरूलाई सम्झाउनु भई तथागतले यो गाथा प्रकाशमा ल्याउनु भयो—

Downloaded from http://www.dhamma.digital

**"दिसो दिसं यं तं कयिरा - वेरी वा पन वेरिनं ।**
**मिच्छा पणिहितं चित्तं - पापियो नं ततो करे ॥"**

अर्थ— वैरीले वैरीलाई अर्थात् शत्रुले शत्रुलाई जति हानी, नोक्सानी गर्ने हो, त्यो भन्दा पनि अधिक मात्रामा कुमार्गमा लागेको चित्तले हानी, नोक्सानी गर्दछ ।

यस धर्म-देशनाको अन्तमा धेरै भिक्षुहरू **स्रोतापत्ति मार्ग-फल**मा प्रतिष्ठित भए । थुप्रै मानिसहरूलाई यो उपदेश सार्थक भयो ।

Downloaded from http://www.dhamma.digital

# ३.९. सोरेय्य स्थविरको कथा

**३. (४३) “न तं माता पिता कयिरा – अञ्ञे वापि च ञातका ।**
**सम्मा पणिहितं चित्तं सेय्यसो नं ततो करे ॥”**

एक समय **भगवान बुद्ध श्रावस्ती**को **जेतवनाराम**मा विहार गरिरहनु हुँदा तथागतले **सोरेय्य स्थविर**को कारणमा यो गाथा भन्नु भएको हो ।

श्रावस्तीमा ‘**सोरेय्य**’ भन्ने एउटा नगर थियो । त्यहाँ ‘**सोरेय्य**’ नामक **श्रेष्ठी पुत्र** बस्दथ्यो ।

एक दिन **सोरेय्य श्रेष्ठी पुत्र** आफ्नो एक जना मिल्ने साथीसँग सुखपूर्वक रथमा बसी महान् परिवारहरूका साथ नुहाउनको लागि नगर बाहिर गइरहेको थियो ।

त्यसबेला अरहन्त भइसकेका **महाकात्यायन स्थविर सोरेय्य नगरमा** भिक्षाटन जानको लागि त्यस नगर बाहिर **संघाटी चीवर** लगाइरहनु भएको थियो । उहाँको शरीर सुवर्ण वर्णको थियो । संयोगले **सोरेय्य श्रेष्ठी पुत्र** पनि त्यहीं आइपुगेको थियो । **महाकात्यायण** स्थविरको सुवर्ण वर्ण शरीर देखेर **सोरेय्य श्रेष्ठी पुत्र**ले विचार गर्‍यो– “अहा ! यो स्थविर मेरो पत्नी भएको भए कति राम्रो हुन्थ्यो अथवा मेरी पत्नीको शरीर यस भिक्षुको जस्तै सुवर्ण वर्ण भएको भए कति राम्रो हुन्थ्यो !”

यसरी उसले विचार गर्दा गर्दै उसको पुरुष लिङ्ग लोप भएर गयो र स्त्रीलिङ्ग उत्पन्न भयो । तत्काल आफूमा यस्तो अद्भूत घटना घटेको देखेर उसलाई साह्रै शरम लाग्यो । ऊ लज्जित भयो । हतरपतर रथबाट ओर्लेर कसैलाई केही नभनी ऊ भाग्यो । यसरी भागेर गई **तक्षशिलातिर** गइरहेको एउटा गाडाको पछि पछि लाग्यो ।

**सोरेय्य श्रेष्ठी पुत्र** अचानक हराएकोले उसको साथी र उसका परिवारहरूले

Downloaded from http://www.dhamma.digital

निकै खोजतलाश गरे । तर उसलाई कहीं पनि भेटाउन सकेन् । पछि 'ऊ अवश्य पनि मऱ्यो होला' भन्ठानी उसको आमा-बाबु र अन्य परिवारहरू रोई कराई, विलाप गरी उसको नाममा मृत-भोजन दान दिए ।

यता लिङ्ग परिवर्तन भएर स्त्री भएको **श्रेष्ठी पुत्र** एउटा गाडाको एक कुनामा बसी **तक्षशिला** पुग्यो । त्यहाँ एक श्रेष्ठी पुत्रसँग तिनको विवाह भयो । तिनले दुइ वटा छोरा पाइन् । **सोरेय्य नगरमा श्रेष्ठी पुत्र** भई बस्दा उसका दुइ वटा छोराहरू थिए ।

एक दिन तिनको पहिलेको साथी **सोरेय्य नगर**बाट धेरै मानिसहरूका साथ व्यापारको लागि **तक्षशिला**का आइरहेको थियो । त्यसबेला तिनी झ्यालमा बसिरहेकी थिई । आफ्नो साथीलाई देखेर तुरुन्त बोलाउन पठाई ठूलो स्वागत सम्मान गरिन् । अनि **सोरेय्य नगर**को र आफ्नो घरको कुरा सोध्न थालिन् । तर साथी चाहिंले भने तिनलाई पटक्कै चिनेन । तिनले विगतमा घटेका घटना सबै सुनाइन् । यस्तो अनौठो घटना सुनेर साथीले भन्यो– "के तपाईले **महाकात्यायन स्थविर**सँग क्षमा माग्नु भयो ?"

तिनले भनीन्– "अहँ, मैले क्षमा मागेको छैन ।"

साथीले भन्यो– "त्यसोभए तपाईले उहाँ स्थविरसँग क्षमा माग्नु पर्छ ।"

त्यस बखत **महाकात्यायन स्थविर** पनि **तक्षशिला**मा आउनु भएको थियो । साथी चाहिंले स्थविर कहाँ गई भोजनको लागि निमन्त्रणा गऱ्यो । भोजन गराई सकेपछि त्यस स्त्रीलाई **महाकात्यायन स्थविर**को पाउमा ढोग्न लगायो र भन्यो– "भन्ते ! यिनीलाई क्षमा गरी दिनुहोस् ।"

स्थविरले सोध्यो– "किन ? के भयो ? के को लागि क्षमा दिने ?"

अनि त्यस व्यापारीले उहाँलाई शुरु देखिको सबै कुरा बताई दियो ।

स्थविरले भन्नुभयो– "हुन्छ त, त्यसोभए म क्षमा गर्छु ।"

Downloaded from http://www.dhamma.digital

स्थविरले 'क्षमा गर्छु' भन्ने बित्तिकै त्यस स्त्रीको स्त्रीलिङ्ग लोप भई पुनः पुलिङ्ग उत्पन्न भयो ।

यो दृश्य देखी **तक्षशिला**को **श्रेष्ठी पुत्र**ले भन्यो– "यी दुइवटा छोराहरू तिम्रै कोखबाट जन्मेका हुन् । यी हामी दुइका पुत्रहरू हुन् । तिमी मसँग यहीं बस ।"

यी कुरा सुनी उसले भन्यो– "साथी ! मैले यही जीवनमा पुरुष भएर दुइवटा र स्त्री भएर दुइवटा पुत्रहरू जन्माएँ । यो मेरो जीवनमा घटेका बडो अनौठो घटना हो । अब म गृहस्थ भएर बस्दिन । स्थविरसँगै **प्रव्रजित** भएर जानेछु । यी बालकहरूलाई अप्रमादी भई पालन गर" भन्दै दुबै पुत्रलाई म्वाई खाई उसलाई जिम्मा लगाई दियो ।

ऊ **महाकात्यायन स्थविर** कहाँ गई प्रव्रजित भयो । उसको नाम '**सोरेय्य स्थविर**' राखियो । पछि दुबै भिक्षुहरू श्रावस्तीमा पुगे । **सोरेय्य भिक्षु** श्रावस्तीमा आइपुगेको खबर पाई त्यहाँका भिक्षुहरू आश्चंर्य चकित भई त्यस भिक्षुकहाँ आई सोधे– "यस्तो अनौठो घटना घटेको के साँचै हो ?" यदि यो कुरा सत्य हो भने यी दुइ-दुइ बालकहरू मध्ये तपाईलाई कुन चाहिं बालक माथि बढी स्नेह छ ?"

उसले भन्यो– "आवुसो ! कोखमा बसेकाहरू प्रति बढी स्नेह हुन्छ ।"

त्यस्तै अरू भिक्षुहरूले पनि त्यसलाई यस्तै-यस्तै प्रश्न गरी हैरान गर्न थाले । ऊ साह्रै विरक्त भई एकान्तमा गई **विपश्यना ध्यान** गर्न थाल्यो । विस्तार विस्तारै उसलाई **अनित्यता**को **बोध** हुँदै आयो र अन्तमा ऊ **प्रतिसम्भिदा ज्ञान** सहित अरहन्त अर्थात् जीवन मुक्तिको स्थिति प्राप्त गर्नमा सफल भयो ।

तैपनि उसलाई भिक्षुहरूले प्रश्न गर्न छोडेको होइन । प्रश्नको उत्तरमा अब उसले यसो भन्ने गर्थ्यो– "अब मलाई कसैको पनि स्नेह छैन ।"

उसले भनेको कुरा नपत्याई भिक्षुहरूले भगवान बुद्धकहाँ गई उक्त कुरा बिन्ति गरे ।

Downloaded from http://www.dhamma.digital

तथागतले भन्नु भयो– "भिक्षुहरू ! उसले ठीक भन्यो । ठीक ठाउँमा गएको चित्तले मार्गदर्शन पाएपछि उसमा कोही प्रति स्नेह हुँदैन। जुन सम्पत्ति आमा-बाबुले दिन सक्तैनन् त्यस्तो सम्पत्ति राम्ररी ठीक ठाउँमा गएको चित्तले प्राप्त गर्दछ ।"

यस सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भयो—

**"न तं माता पिता कयिरा - अञ्ञे वापि च ञातका ।**
**सम्मा पणिहितं चित्तं - सेय्यसो नं ततो करे ॥"**

अर्थ— सुमार्ग वा सम्यक् मार्गमा लागेको चित्तले आफूलाई जति उपकार गर्ने हो । त्यति उपकार आमा-बाबु र अरू आफन्तहरूले गर्न सक्तैनन् ।

तथागतको यस धर्म-देशनाको अन्तमा धेरैले **स्रोतापत्ति मार्ग-फल** प्राप्त गर्नमा सफल भए । अरू धेरै जनसमूहलाई यो धर्म-उपदेश सार्थक सिद्ध भयो ।

Downloaded from http://www.dhamma.digital

# ४. पुप्फवग्गो

## ४.१. पाँच शय भिक्षुहरूको कथा

४. (४४) "**को इमं पठविं विजेस्सति**[1],
**यमलोकञ्च इमं सदेवकं ?**
**को धम्मपदं सुदेसितं,**
**कुसलो पुप्फमिव पचेस्सति ?**"

४. (४५) "**सेखो पठविं विजेस्सति**[1],
**यमलोकञ्च इमं सदेवकं ।**
**सेखो धम्मपदं सुदेसितं,**
**कुसलो पुप्फमिव पचेस्सति ॥**"

एक समय **भगवान बुद्ध श्रावस्ती**को **जेतवनाराम**मा विहार गरिरहनु हुँदा **पृथ्वी** सम्बन्धी कुरा गर्ने पाँच शय भिक्षुहरूको कारणमा यी दुइ गाथा भन्नु भएको हो ।

Dhamma.Digital

एक समय पाँच शय भिक्षुहरू तथागतको साथमा **जनपद**मा चारिकाको लागि गएका थिए । दिनभरी तिनीहरू जनपदको नगर-नगर र गाउँ-गाउँमा घुमेर साँझपख तिनीहरू सबै जेतवन विहारमा फर्के । अनि **उपस्थान शाला**मा सबै जम्मा भई आपसमा कुरा गर्न थाले– "हामी आज गएको ठाउँहरू मध्ये फलानो गाउँ फलानो गाउँ भन्दा माथि पर्छ । फलानो गाउँ तल पर्छ । एक ठाउँमा हिलै हिलो मात्र रहेछ । अर्को ठाउँमा भने सान-साना ढुङ्गा र पत्थरहरू छन् । एक ठाउँमा माटो कालो रहेछ, अर्को ठाउँको माटो भने तामा जस्तै रहेछ ।

यसरी तिनीहरू **पृथ्वी** सम्बन्धी कुराकानी गरिरहेको बेलामा भगवान बुद्ध त्यहाँ आइपुग्नु भयो । तथागतले भिक्षुहरूलाई सम्बोधन गर्नु भई भन्नु

१. विचेस्सति ।

Downloaded from http://www.dhamma.digital

भयो– "भिक्षुहरू ! अहिले तिमीहरूको वीचमा के कुरा भइरहेको थियो ?"

भिक्षुहरूले विन्ति गरे– "भन्ते भगवन् ! आज हामी घुमेर आएको भिन्न भिन्न स्थानको **पृथ्वी** सम्वन्धी कुरा गरिरहेका थियौं ।"

तथागतले भन्नु भयो– "भिक्षुहरू ! तिमीहरूले गरिएका कुरा आफू भन्दा बाहिरको **पृथ्वी**को कुरा भयो । तिमीहरूले त आफू भित्रको **पृथ्वी**को विषयमा विचार गर्न सक्नु पर्दछ । चिन्तन गर्न सिक्नु पर्दछ । यसरी तथागतले ती भिक्षुहरूलाई सम्झाउनु हुँदै यी गाथा प्रकाशमा ल्याउनु भई प्रश्न गर्नु भयो—

"**को इमं पठविं विजेस्सति**[1],
**यमलोकञ्च इमं सदेवकं** ?
**को धम्मपदं सुदेसितं,**
**कुसलो पुप्फमिव पचेस्सति** ?"

अर्थ— कसले देवतासहित यस **पृथ्वी** र **यमलोक**लाई जित्न सक्छ ? कुशल मालिले राम्रा राम्रा फूलहरू केलाएर लिए झैं कसले राम्रोसँग देशना गरेका **धर्मपद**हरू केलाएर लिन सक्छ ?

अर्थात् कसले यस **आत्म-भाव** रूपी पृथ्वीलाई र चार **अपाय दुर्गति**लाई आफ्नो ज्ञानले जान्न सक्तछ, बुझ्न सक्तछ, बोध गर्न सक्तछ र साक्षात्कार गर्न सक्तछ ? त्यस्तै यस मनुष्य लोक र देवलोकलाई जानेर बुझेर बोध गरेर कसले जित्न सक्तछ ? साथै कुशल मालिले राम्रा-राम्रा फूलहरू केलाएर लिए झैं **सैंतीस बोधिपक्षिय धर्म**लाई कसले जानी बुझी, साक्षात्कार गरी लिन सक्तछ ?

अनि तथागतले गाथाद्वारा यसको उत्तर पनि दिनु भयो—

"**सेखो पठविं विजेस्सति**[1],
**यमलोकञ्च इमं सदेवकं ।**

---

१. विचेस्सति ।

Downloaded from http://www.dhamma.digital

**सेखो धम्मपदं सुदेसितं,**
**कुसलो पुप्फमिव पचेस्सति ॥"**

अर्थ— **शैक्ष पुरुष**ले देवतासहित यस पृथ्वी र यमलोकलाई जित्न सक्तछ । **शैक्ष पुद्गल**ले कुशल मालिले राम्रा राम्रा फूलहरू केलाएर लिए झैं राम्रोसँग देशना गरी राखेको **धर्मपद** केलाएर लिन सक्तछ ।

अर्थात् **शील**, **समाधि**, **प्रज्ञा**मा (**शैक्ष**) शिक्षित भएको दक्ष भएको, मुक्तिको स्रोतमा परिसकेको वा मुक्तिको मार्गमा पुगिसकेको सात प्रकारका **शैक्ष**हरूले यस **आत्म भाव** रूपी **पृथ्वी**लाई ज्ञात गर्दछन्, बुझ्दछन्, बोध गर्दछन्, साक्षात्कार गरी जित्दछन् । त्यस्तै, यस मनुष्यलोक र देवलोकलाई **शैक्ष**हरूले आफैले जानेर, बुझेर, बोध गरेर कुशल मालिले राम्रा राम्रा फूलहरू केलाएर लिए झैं राम्रोसँग देशना गरी राखेका **सैंतीस बोधिपक्षिय धर्म**लाई केलाएर लिन्छन् ।

तथागतको यस धर्म-देशनाको अन्तमा ती पाँच शय भिक्षुहरू **प्रतिसम्भिदा सहित अरहन्त** भए । त्यहाँ उपस्थित भइरहेका अरू परिषद्लाई धर्म-देशना सार्थक भयो ।

Downloaded from http://www.dhamma.digital

# ४.२. शरीरको असारता

४. (४६) "**फेणूपमं कायमिमं विदित्वा,**
**मरीचिधम्मं अभिसम्बुधानो ।**
**छेत्वान मारस्स पपुप्फकानि,**
**अदस्सनं मच्चुराजस्स गच्छे ॥**"

एक समय **भगवान बुद्ध श्रावस्ती**को **जेतवनाराम**मा विहार गरिरहनु भएको थियो । त्यसबेला एक जना **मृगतृष्णा (मरीचि)** को ध्यान गर्ने भिक्षुको कारणमा यो गाथा भन्नु भएको हो ।

एक पटक एक जना भिक्षुले तथागतसँग **कर्मस्थान ध्यान** सिक्यो । **श्रमण-धर्म** पालन गरी **विपश्यना ध्यान** गरी जीवन मुक्त हुने लक्ष लिई ऊ जङ्गलमा गयो । जङ्गलमा वसी उसले खूब मेहनत गरी ध्यान गऱ्यो । तर ऊ आफ्नो लक्ष्यमा पुग्न सकेन । जतिसुकै उद्योगाभ्यास गरी ध्यान गरे पनि ऊ अरहन्त अर्थात् जीवन मुक्त हुने स्थितिमा पुगेन । 'फेरि एक चोटी तथागत कहाँ गई विशेषरूपले ध्यान भावना गर्ने विधि सिक्नु पऱ्यो' भनी ऊ श्रावस्तीतिर फर्किरहेको थियो । फर्किरहँदा बीच बाटोमा उसले '**मरीचि**' अर्थात् **मृगतृष्णा** जस्तो देख्यो । टाढावाट हेर्दा पानी जस्तो अथवा चलिरहेको जलासय जस्तो देखिने; नजिक गएर हेर्दा त्यस ठाउँमा केही पनि नदेख्ने । उसले यही दृश्यलाई आफ्नो जीवनसँग **तुलना** गरी हेर्न थाल्यो– "यस **आत्मभाव** पनि यसरी र क्षण क्षणमा **उत्पत्ति** र **विनाश** भइरहन्छ ।"

यसरी **मरीचि कर्मस्थान भावना** गर्दै ऊ बाटोमा गइरहेको थियो । लामो बाटोको हिडाईले उसलाई थकाई लाग्यो । ऊ हिडिरहेको बाटोमा **अचिरवती नदी** पर्दथ्यो । त्यहाँ उसले नुहाई-धुवाई गऱ्यो । अनि त्यस नदी नजिकैको एउटा रूखको छायाँमा बसेर वेगले बगिरहेको त्यस नदीको पानीलाई हेरिरहृयो । पानी वेगले बगेकोले यताउती ठक्कर खाई फींज-फोकाहरू

Downloaded from http://www.dhamma.digital

उठ्ने-फुट्ने दृश्यलाई हेर्दै आफ्नो शरीरसँग तुलना गरी हेर्दै 'यो शरीरको स्वभाव पनि यी फींजका फोकाहरू जस्तै **उत्पन्न** हुन्छ; **विनाश** भएर जान्छ' भनी चिन्तन मनन गरी **विपश्यना ध्यान** बढाउन थाल्यो। त्यसै बेला भगवान बुद्धले त्यस भिक्षुको चित्त-स्थितिलाई जानेर भन्नु भयो– "भिक्षु ! तिम्रो विचार ठीक छ। यस **आत्म-भाव** पनि फींजको-फोका जस्तै **उत्पाद** हुन्छ, **व्यय** हुन्छ। **मरीचि** अर्थात् **मृगतृष्णा** झैं **देखिने** हुन्छ, **गायव** हुन्छ, **उत्पन्न** हुन्छ, **विनाश** हुन्छ। यही यसको स्वभाव हो" भन्नु हुँदै तथागतले यस गाथा प्रकाशमा ल्याउनु भयो—

**"फेणूपमं कायमिमं विदित्वा,**
**मरीचिधम्मं अभिसम्बुधानो ।**
**छेत्वान मारस्स पपुप्फकानि,**
**अदस्सनं मच्चुराजस्स गच्छे ॥"**

अर्थ— 'यो शरीर **फींज** समान छ, **मृगजाल** समान छ' भनी प्रज्ञा ज्ञानले हेरी रहने व्यक्ति मारको बन्धनलाई चुडाँलेर मृत्यु राजले देख्न नसक्ने ठाउँमा पुग्दछ।

अर्थात् **बत्तीस प्रकार**का **असुचि**ले भरिएको यस शरीर **अस्थिर** छ। क्षण क्षणमा उत्पन्न हुने विनाश हुने पानीको फोका समान छ, फींज-पिण्ड समान छ। जसरी **मरीचि** अर्थात् **मृगतृष्णा** टाढाबाट हेर्दा पानी झैं देखिने हुन्छ, चलायमान हुन्छ; तर नजिक जाँदा सुक्खा हुन्छ, लिन योग्य वस्तु केही हुँदैन। त्यस्तै यस शरीर पनि अस्थिर छ, क्षण क्षणमा **उत्पत्ति-विनाश** भइरहन्छ, परिवर्तनशील छ, नाश भएर जाने स्वभावको छ। यस्तो स्वभाव-धर्मलाई जानेर आफ्नो अनुभूतिद्वारा साक्षात्कार गरी जसले यस संसार दु:खलाई आर्य-मार्गद्वारा छेदन-भेदन गर्दछ; त्यस्ता **क्षीणास्रवी भिक्षु**लाई मृत्युराजले देख्न सक्तैन। ऊ अमृत निर्वाणको स्थितिमा पुग्दछ।"

तथागतको यस अमृतमय उपदेशको अवसानमा त्यस भिक्षु **प्रतिसम्भिदा**

Downloaded from http://www.dhamma.digital

सहित **अरहन्त** अर्थात् जीवन मुक्तिको स्थितिमा पुग्न सफल भयो । उसको जीवन कृत कृत्य भयो, धन्य भयो ।

उनले तथागतको सुवर्ण वर्ण शरीरलाई स्तुती गर्दै, वन्दना गर्दै जेतवन विहारमा आइपुग्यो ।

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# ४.३. विडूडभको कथा

**४. (४७) "पुप्फानि हेव पचिनन्तं - ब्यासत्तमनसं नरं**
**सुत्तं गामं महोघोव - मच्चु आदाय गच्छति ॥"**

एक समय **भगवान बुद्ध श्रावस्ती**को **जेतवनाराम**मा विहार गरिरहनु भएको थियो । त्यसबेला सपरिवार बाढीले बगाइएका **विडूडभ**को कारणमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भएको हो ।

एक समय **श्रावस्तीको महाकोशल राजा**को छोरो '**पसेनदिकुमार**', **वैशाली**को '**महालि**' भन्ने **लिच्छवीकुमार** र **कुशीनगर**को '**बन्धुल**' नामक **मल्ल राज पुत्र**– यी तीन कुमारहरू शिल्पविद्या अध्ययनको लागि **तक्षशिला**मा गइरहेका थिए । बाटोमा ती तीनै जनाको भेट भयो । आपसमा कुराकानी चल्यो । आ-आफ्नो परिचय दियो । अनि ती तीनै जनाले एक अर्कोसँग मित लगाए । त्यसपछि तिनीहरू गुरु कुलमा गई अध्ययन गर्न र शिल्प विद्या सिक्नमा व्यस्त रहे ।

थोरै समयमा नै सबै विद्यामा पारंगत भई आचार्यसँग बिदा लिई ती तीनै जना आ-आफ्नो घर फर्के ।

ती तीन जना मध्ये **श्रावस्ती**को **पसेनदिराज कुमार**ले आफ्नो पिता **महाकोशल राजा**लाई शिल्प-विद्या दर्शाएर साह्रै प्रसन्न पाऱ्यो । यसै खुशियालीमा उसलाई राज्याभिषेक दिई राजा बनाइयो ।

**वैशाली**को **महालि लिच्छवीकुमार**ले अति उत्साहित भई शिल्पविद्या देखाएको कारणबाट उसको दुइ वटै आँखा गुमाउनु पऱ्यो । यस्तो दुर्घटना भएको कारणले **लिच्छवी राजा** र **प्रजाहरूले** एक लाख आम्दानी भएको एउटा द्वार प्रदेश दिई उसलाई जीवन-यापनको चाँहिदो व्यवस्था गरिदिए । त्यस द्वार प्रदेशको आस्रयमा रहेर उसले पाँच शय लिच्छवी राजपुत्रहरूलाई शिल्पविद्या सिकाउने काम गरिरहयो ।

Downloaded from http://www.dhamma.digital

**कुशीनगर**को **बन्धुल मल्ल राजपुत्र**लाई पनि आफ्नो शिल्पविद्याको प्रदर्शन गरेर देखाउनु परेको थियो । साठी-साठीवटा बाँसको एक-एक मुठा गरी साठी मुठा लहरै उठाई राखेका थिए । प्रत्येक बाँस भित्र फलामको डण्डी घुसाई राखेको कुरा **बन्धुल मल्ल राजपुत्र**लाई थाहा थिएन । उसलाई ती सबै उठाई राखेको बाँसका मुठाहरू काट्न आदेश दिने बित्तिकै आकाशमा उफ्रेर आफ्नो खड्गले ती बाँसहरू काट्दै गयो । बाँस काट्दा फलामको आवाज आएकोले उसले यसको कारण सोध्यो । उसलाई छकाएर डण्डी भित्र घुसाएको कुरा थाहा पाएपछि उसले साह्रै अपशोच गरी भन्यो– “यदि मलाई यो कुरो पहिल्यै थाहा दिएको भए यी डण्डीको आवाजै नआउने गरी काटी दिन्थे । मेरा यत्तिका परिवार र मित्रहरूले समेत छकाएकोमा मलाई ठूलो दुःख लागिरहेछ । अब म यस राज्यमा बस्दिन । मेरो मित **श्रावस्ती**को **पसेनदिराजा** कहाँ जान्छु ।” यति भनी ऊ **श्रावस्ती**मा गयो । **पसेनदि राजा**ले उसलाई ठूलो सम्मानका साथ स्वागत गरी आफ्नो राज्यमा लगी सेनापति पद दिएर राख्यो ।

भगवान बुद्धको सुकीर्ति चारैतिर फैलिंदै गयो । भिक्षुसंघ प्रति मानिसहरूको विश्वास झन्-झन् बढ्यो । **राजा पसेनदि**लाई दुनियाँको विश्वास बलियो पार्न तथागतका नातेदार शाक्यहरूसँग नाता जोड्ने ठूलो इच्छा भयो । उसले विचार गऱ्यो– “गौतम बुद्धको आफन्त पर्ने एक जना राजकुमारीलाई दरवारमा ल्याई महारानी बनाउन पाए यी श्रामणेर भिक्षुहरूले पनि तथागतको आफन्त पर्ने भनी मलाई विश्वास गर्नेछन् । अनि दरवारमा जहिले पनि यिनीहरूको आवत्-जावत् भइरहने छ ।”

यसरी विचार गरी **राजा पसेनदि**ले **कपिलवस्तु**मा एउटी शाक्य कुमारी माग्न दूतहरू पठायो । शाक्यहरूले आफ्ना जातको ठूलो अभिमान गर्थे । तिनीहरू आफ्ना शाक्य कुमारीहरू विजातीय व्यक्तिलाई दिन चाहँदैनथे । तर गर्ने के ? राजाको वचन ! त्यसमा पनि **कोशल**को राजा शाक्यहरू भन्दा शक्तिशाली थियो । ‘एउटा उपाय त जसरी भएपनि निकाल्नु पऱ्यो’ भनी तिनीहरूले सल्लाह गरे ।

Downloaded from http://www.dhamma.digital

**महानाम शाक्य** तथागतको काकाको छोरो थियो । उसका '**वासभ खत्तिया**' भन्ने एउटी सुन्दरी छोरी थिइन् । तिनी दासीको कोखबाट जन्मेकी थिइन् । तिनलाई नै दिएर पठाउने तिनीहरूले निधो गरे । दूतहरूसँगै तिनलाई श्रावस्ती पठाई दिए ।

उता **राजा पसेनदि** तथागतको आफन्त पर्ने राजकुमारी पाएकोले सन्तुष्ट भयो । तिनलाई अभिषेक दिई पाँच शय परिचारिकाहरूका मालिकनी बनाई **अग्र महेषी**को पदमा प्रतिष्ठित गरायो ।

धेरै समय नबित्दै **वासभ खत्तिया**ले एउटा छोरो जन्माइन् । बालकको नामाकरण गर्न राजाले आफ्नो ससुरालीमा एक जना दूत पठायो । '**वल्लभ**' भनिएकोमा दूतले '**विडूडभ**' सुनेर कुमारको नाम '**विडूडभ**' नै राखियो । अनि **विडूडभ**लाई बालकालदेखि तथागतको प्रिय पात्र बनाउनको लागि सेनापतिको पद दिइयो ।

**राजकुमार विडूडभ** सुख ऐश्वर्यमा हुर्कर सात वर्षको भयो । अरू राजकुमार र उसका अरू साथीहरू बेला बखतमा मामा घर जाने गर्थे । मामाघरबाट अनेक प्रकारका खेलौना र कोसेलीहरू ल्याउने गर्थे । 'तर आफ्नो भने मामा भन्ने पनि चिनेको छैन । कहिल्यै मामाघर पनि लगेको होइन ।' किन होला ? भनी मन मनै सोचेर **विडूडभ** आफ्नो आमा कहाँ आएर आफूलाई लागेका सबै कुरा सोध्यो । आमा चाहिंले भनिन्– "प्रिय पुत्र ! तिम्रा मामाहरू शाक्य राजाहरू हुन् । उनीहरू बस्ने देश यहाँवाट धेरै टाढा पर्छ । त्यसैले तिमीलाई केही चीज पठाउन नसकेको हुनुपर्छ ।" यसरी फकाएर राख्दा राख्दै **विडूडभ कुमार** सोह्र वर्षमा लाग्यो । उसले मामा घर जान साह्रै ढिपी गऱ्यो । अबको पालि आमा चाहिंले केही गरे पनि उसलाई रोक्न नसक्ने भईन् । अनि तिनले पहिल्यै माइतमा यसरी खबर पठाइन्– "**विडूडभ कुमार कपिलवस्तु**मा आउँदैछ । उसलाई '**दासी पुत्रीको छोरो**' भनी कत्ति पनि थाहा नदिनु होला ।"

Downloaded from http://www.dhamma.digital

**विडूडभ कुमार कपिलवस्तु** पुग्दा शाक्यहरूले चाँहिदो व्यवस्था मिलाइसकेको थियो । उसलाई नमस्कार गर्नु पर्ने शाक्य कुमारहरूलाई पहिल्यै गाउँ तिर पठाएर ऊ भन्दा जेठो शाक्यहरू **सबै संस्थागार**मा जम्मा भइरहेका थिए । **विडूडभ**ले सबैलाई नमस्कार गर्दै गयो तर आफूलाई नमस्कार गर्ने कोही पनि भेटेन । यसको कारण सोध्दा तिनीहरू सबै **जनपद** तिर गइरहेको जवाफ पायो ।

**विडूडभ कुमार** त्यहाँ बसुन्जेल उसलाई ठूलो सेवा-सत्कार गऱ्यो । ऊ यसैमा खुशी भई दुइ-चार दिन वसी आफ्नो देशमा फर्क्यो । तर बीच बाटोमा पुग्दा उसको एक जना सिपाहिंको एउटा हतियार लिन विर्सेकोले फर्केर लिन जाँदा '**विडूडभ दासीपुत्र** वसेको यो पिंढका' भन्दै गालि गर्दै दूध-पानीले पिंढका सफा गरिरहेको देख्यो । त्यस सिपाहिंले त्यहाँको सबै हालखबर बुझेर '**विडूडभ** एक दासीको पुत्र भएको कुरा आफ्नो साथीहरूलाई भन्यो । यो हल्ला राजदरवार सम्म पुग्यो र **विडूडभ**को कानमा पनि पऱ्यो ।

**विडूडभ**ले मनमनै सोच्यो– "म बसेको पिढ्का दूध पानीले धोएर शुद्ध गरेछ भन्ने तिनीहरू वस्ने पिढका शाक्यहरूको गर्दनको रगतले धोएर शुद्ध गराउने छु ।"

यता आफूलाई दासीपुत्री दिई शाक्यहरूले छकाएको कुरो थाहा पाई राजा साह्रै रिसायो । **वासभ खत्तिया** र तिनको छोरोलाई दिइराखेको सुख-सुविधा र धन-सम्पत्ति सबै फिर्ता लिई नोकर-चाकरलाई जति दिने गरेको छ, त्यति मात्र दिन लगायो ।

यस्तो घटना घटेको दुइ चार दिनपछि तथागत राजदरवारमा पाल्नु भयो । राजाले तथागतलाई सादर वन्दना गरी सबै घटनाको विवरण बिन्ति गऱ्यो ।

तथागतले भन्नुभयो– "महाराज ! शाक्यहरूले अयोग्य काम गऱ्यो ।

Downloaded from http://www.dhamma.digital

राजकुमारी नै दिनु परेपछि समान जातिको दिनु पर्ने हो । तैपनि महाराज ! **वासभ खत्तिया राजपुत्री** नै हो । तिनले क्षत्रिय राजाकहाँ अभिषेक पाइसकेकी छिन् । **विडूडभ** पनि क्षत्री राजाका कारणबाट जन्म भएको हो । आमाको गोत्र भन्दा बाबुको गोत्र नै प्रमाणकर हुन्छ ।" यसरी सम्झाउनु हुँदै 'दरिद्र दाउरा बोकेर जीवन यापन गर्ने महिलालाई अग्रमहिषी पद दिई तिनको कोखबाट जन्मेको कुमारलाई **वाराणसी** नगरको **राजा** बनाएको घटना उल्लेख गर्नु हुँदै '**कट्ठवाहन जातकको कथा**' प्रकाशमा ल्याउनु भयो ।

तथागतको यस धर्म कथा सुनी, सन्तुष्ट भई 'बाबुको गोत्र नै पर्याप्त रहेछ' भनी आमा-छोरो दुबैलाई पहिल्यै कै पद प्रतिस्थामा राख्यो ।

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# ४.३. (क) मृत्युले समाती लैजान्छ

**कोशल राजा पसेनदि**को देहान्त भएपछि **विडूडभ राज गद्दी**मा बस्यो । राज्य पाएर धेरै समय नबित्दै शाक्यहरू प्रतिको वैरभाव उसले सम्झ्यो । सबै शाक्यहरूलाई मार्ने नियतले विशाल सेना तयार गर्न लगायो । **कपिलवस्तु**मा हमला गर्न सेना सहित ऊ निस्क्यो ।

त्यस दिन विहान भगवान बुद्ध **करुणा समापत्ति**मा बस्नु हुँदा तथागतका आफन्तहरू सहित शाक्यकुलको विनाश हुने लक्षण देख्नु भयो । तथागतले 'ज्ञातिबन्धुहरूको संग्रह गर्नु योग्य छ' भनी चिन्तन गर्नु भयो । विहानको भिक्षाटनमा जानु भई भोजन पश्चात् **गन्धकुटी**मा केही बेर **सिंह सय्या**मा लेट्नु भयो । साँझपख तथागत आकाश मार्गबाट **कपिलवस्तु**को सीमानामा आउनु भयो । त्यहाँ एउटा रूख थियो । त्यसमा त्यति धेरै हाँगा-विंगा थिएन । पातहरू पनि थोरै थिए । घाम अझै चर्किरहको थियो । तथागत त्यसै वृक्ष मुनि बस्नु भयो ।

त्यहाँबाट अलि पर **विडूडभ**को राज्यको सीमाना थियो । त्यहाँ पनि एउटा ठूलो वरको वृक्ष थियो । त्यसमा प्रशस्त हाँगा-विंगाहरू थिए । बाक्लो गरी रूखका पातहरू थिए । चर्केको घाममा त्यस वृक्षमुनि बस्दा शितल हुन्थ्यो ।

**विडूडभ** सेना सहित त्यस ठाउँमा आइपुग्यो । नजिकै उसले नाङ्गो रूखमुनि तथागतलाई बसिरहनु भएको देख्यो । ऊ नजिक गई शास्तालाई 'वन्दना गरी' बिन्ति गऱ्यो– "भन्ते भगवन् ! अहिले यस्तो गर्मी भइरहेको छ । यो छाँया नभएको वृक्ष मुनि तथागत किन बस्नु भएको ? उ मेरो राज्य भित्र ठूलो वरको वृक्ष छ । छाँया पनि प्रशस्त छ । कृपया तथागत त्यस वृक्षमुनि बस्नुहोस् ।

Downloaded from http://www.dhamma.digital

तथागतले भन्नु भयो– "महाराज ! आफन्तहरूको छाँया शितल हुन्छ ।"

**विडूडभ**ले 'आफन्तहरूको आरक्षाको लागि तथागत यहाँ आएर बस्नु भएको हुनुपर्छ' भनी तथागतको आशयलाई बुझेर बुद्धलाई सादर वन्दना गरी श्रावस्तीमा फर्केर गयो । भगवान बुद्ध पनि आकाश मार्गबाट **जेतवनाराम**मा जानु भयो ।

**विडूडभ**ले शाक्यहरूको दोषलाई फेरि सम्झना गरी अनेक सेना, पल्टन, फौज सहित **कपिलवस्तु**मा हमला गरी शाक्यहरू सखाप पार्ने लक्ष्य लिई दरवारबाट बाहिर निस्क्यो । **श्रावस्ती**को सीमाना तिर आइपुग्यो ।

त्यसदिन पनि तथागत त्यसै नाङ्गो वृक्ष मुनि बसिरहनु भएको देखेर **विडूडभ**ले तथागतलाई सादर वन्दना गरी फर्केर गयो ।

तेस्रो पल्ट पनि **विडूडभ** शाक्यवंशलाई संहार गर्न कपिलवस्तुको सीमाना सम्म आइपुगेको थियो । त्यसबेला पनि तथागत त्यसै रूखमुनि बसिरहनु भएको देखी आफ्नो राज्यमा फर्केर गयो ।

चौथो पटक **विडूडभ** निस्कन लाग्दा भगवान बुद्धले शाक्यहरूको पूर्वकर्मको विषयमा दिव्यचक्षुले हेर्नु भयो । **विडूडभ** र उनका परिवार माछा भई जन्म लिंदा शाक्यहरूले खोलामा विष हालेर मारेर आएको कर्म विपाकलाई मेटाउन नसक्ने तथ्य थाहा पाउनु भयो । त्यसकारण त्यस दिन तथागत त्यहाँ जानु भएन ।

**कपिलवस्तु**का शाक्यहरू विशेष गरी तथागतका नातेदारहरूले आफ्नो प्राण जाने भएता पनि प्राणी हिंसा गर्दैनन् । झूठ बोल्दैन । तर **विडूडभ**का सैन्यहरू तिनीहरूसँग लड्न तयार भएर आए । तिनीहरूसँग संघर्ष त गर्नै पर्‍यो । तिनीहरूले आपसमा सल्लाह गर्न थाले– "हामी शिक्षित छौं । **उपासना** गर्दछौं । धर्ममा विश्वास गर्दछौं । प्राणी हिंसा गर्दैनौं भने यी नरसंहार हामीबाट कसरी हुन सक्छन् ? तैपनि हाम्रा हस्त-लीलाको दक्षता

Downloaded from http://www.dhamma.digital

दर्शाएर यिनीहरूलाई भगाउन चेष्टा गर्नु पर्दछ ।" यसरी छलफल गरिसकेपछि तिनीहरूले **कवच** लगाएर युद्ध क्षेत्रमा आई युद्ध गर्न थाले ।

**कपिलवस्तु**का शाक्यहरूका चमत्कारपूर्ण युद्ध देखेर **विडूडभ**ले भन्यो– "यी शाक्यहरू **प्राणघात** गर्दैनन् भन्छन् । तर यहाँ त थुप्रै मानिसका ज्यान गइसकेको छ ।"

उसको कुरा सुनेर उसकै एक जना मानिसले भन्यो– "महाराज ! राम्रोसँग हेर्नु होस् । हामी पट्टिको एक जना मानिस पनि मारिएको छैन ।"

अनि **विडूडभ**ले आफ्नो सेनालाई हुकुम दियो– "मेरो बाजे **महानाम शाक्य** र उहाँ कहाँ बस्ने शाक्यहरूलाई जीवन दान देऊ । बाँकी रहेका शाक्यहरू– 'ज-जसले म शाक्य हुँ' भन्छ; तिनीहरू सबैलाई मारी देऊ ।"

विचरा शाक्यहरू प्राणै गए पनि भूठ बोल्न सक्तैनथे । त्यसैले तिनीहरू मध्ये कसैले '**घाँस**' को सहायता लिए । कसैले **वेत-बाँस**को सहारा लिए । 'तिमी शाक्य हो' भनी सोध्दा मुखमा घाँस राखेर 'यो शाक्य होइन', 'घाँस हो' भन्थे । 'वेत-बाँस' समाउनेले 'यो शाक्य होइन', 'वेत-बाँस हो' भन्थे । बाँकी रहेका दूधे बालकसहित सबैलाई मार्न लगाई तिनीहरूको रगतले पिढका पखाल्न लगायो ।

यसरी **विडूडभ**ले **शाक्य-वंश**को संहार गराएर **महानाम शाक्य**कहाँ फर्क्यो । त्यसबेला विहानको जलपानको समय थियो । बाजेसँग सँगै बसेर जलपान गर्न **महानाम शाक्य**लाई बोलाउन पठायो । क्षत्री शाक्यहरू आफ्नो जीवन **उत्सर्ग** गर्नु परे पनि दासी-पुत्रसँगै बसेर खाँदैनथे । त्यसैले 'पहिले नुहाएर शरीर शुद्ध गर्नु पर्छ' भनी एउटा पोखरीमा गई आत्महत्या गर्न खोज्दा एउटा नागराजाले उसलाई बचाई बाह्र वर्षसम्म सुरक्षित गरी राख्यो ।

यता **विडूडभ**ले आफ्नो बाजेलाई धेरै बेर पर्खदाँ पनि नआएपछि सबै ठाउँमा खोज्न लगायो । कहीं पनि नभेटेपछि ऊ आफ्नो राज्यतिर फर्क्यो ।

Downloaded from http://www.dhamma.digital

बाटोको बीचमा **अचिरवती नदी** पर्दथ्यो। त्यस नदी नजिकै पाल टाग्न लगाई सबै शैन्य सहित वास बस्यो। **विडूडभ**को महापापका कर्मले गर्दा राती अचानक घनघोर पानी परी **विडूडभ** सहित उसका सबै परिषद्, शैन्य-सिपाहिं नदीले बगाएर लग्यो।

भिक्षुहरूको बीचमा यस समाचारको विषयमा चर्चा चलिरहको थियो। भगवान बुद्ध त्यस समयमा त्यहाँ आइपुग्नु भई यस सन्दर्भमा तथागतले भिक्षुहरूलाई सम्बोधन गर्नु भई यो गाथा उल्लेख गर्नु भयो—

**"पुप्फानि हेव पचिनन्तं - ब्यासत्तमनसं नरं**
**सुत्तं गामं महोघोव - मच्चु आदाय गच्छति ॥"**

अर्थ— निदाइरहेका ग्रामवासीहरूलाई बाढीले बगाएर लगे झैं **पञ्चकाम** रूपी फूल टिप्नमा आसक्त भइरहेका मानिसहरूलाई मृत्युले लैजान्छ।

तथागतको यस धर्म-देशनाको अन्तमा थुप्रै मानिसहरूले **स्रोतापत्ति** आदि **मार्ग-फल** प्राप्त गरे। अरू धेरै मानिसहरूलाई यो धर्म-देशना सार्थक सिद्ध भयो।

Downloaded from http://www.dhamma.digital

# ४.४. पति-पूजिकाको कथा

४. (४८) "**पुप्फानि हेव पचिनन्तं - ब्यासत्तमनसं नरं ।**
**अतित्तं येव कामेसु - अन्तको कुरुते वसं ॥**"

एक समय **भगवान बुद्ध श्रावस्ती**मा विहार गरिरहनु भएको थियो । त्यसबेला एउटी पति-पूजिका अर्थात् आफ्नो पतिदेवलाई पूजा गर्ने महिलाको सन्दर्भमा यो गाथा आज्ञा गर्नु भएको हो ।

**त्रयत्रिंश देवलोक**मा '**मालभारी**' भन्ने एक जना **देवपुत्र** थियो । उसको परिचारिकाको रूपमा एक हजार **अप्सरा**हरू थिए । तिनीहरू पुष्प-उद्यानमा गई फूलहरू टिपी **देवपुत्र**लाई सिंगारिरहेका थिए । त्यसबेला एक जना **देवपुत्री** अचानक च्यूत भई श्रावस्तीको एउटा कुलमा जन्म भयो । तिनलाई '**माल भारी देवपुत्र**को परिचारिका हुँ' भनी पूर्व जन्मको कुरा स्मरण भयो । ठूली भइसकेपछि तिनले दिन-दिनै सुगन्धित फूल आदिले पूजा गरी 'म त्यही देवपुत्र कहाँ जन्म लिन पाउँ' भनी आशिका गर्थिन् ।

Dhamma.Digital

ती कुमारी क्रमशः सोह्र वर्षकी भई । तिनलाई पतिकुलमा विहे गरेर पठायो । पतिको घरमा भिक्षुहरूलाई **सलाक दान** दिने, **पाक्षिक दान** दिने, **वर्षावासिक** दान दिने गर्थ्यो । ती महिला ती दानहरूमा सहभागी भई "म यस पुण्यको प्रभावले पहिले कै देवपुत्र कहाँ जान पाउँ" भनी प्रार्थना गर्थी । त्यसकारण भिक्षुहरूले तिनलाई '**पति-पूजिका उपासिका**' भनी भन्न थाले ।

**पति-पूजिका**ले सधैं झैं आसन-शालामा गई पानी ल्याई दिन्थी । आसन विछ्याएर मिलाई दिन्थी । अरू दाताहरूले दान-शालामा भिक्षुहरूलाई भोजन गराउने इच्छा गरेमा तिनले तिनीहरूको काममा सघाई दिन्थी । भोजन तयार गरी दिन्थी र अरू पनि सक्दो मद्दत गरी दिन्थी । यसरी तिनले थुप्रै-थुप्रै पुण्य संचय गर्ने मौका पाएकी थिइन् ।

Downloaded from http://www.dhamma.digital

समय भएपछि तिनी गर्भवती भइन् । दश महिना पछि तिनले एउटा छोरो जन्माइन् । पहिलो छोरो टुकुटुकु हिंड्न थालेपछि तिनले अर्को छोरो जन्माइन् । यसरी उनी क्रमशः चारवटा छोराको आमा बनिन् ।

एक दिन तिनी भिक्षुहरू कहाँ गई दान दिइन् । पूजा गरिन् । धर्म-श्रमण गरिन् । शीललाई आरक्षा गरिन् । साँझपख अचानक एउटा रोग लागेर तिनको तत्काल मृत्यु भयो । तिनको आशिकानुसार पहिले कै **देवपुत्र** कहाँ तिनी उत्पन्न भइन् ।

त्यतिञ्जेल अरू अप्सराहरूले देवपुत्रलाई फूलले सिंगारिरहकै थिए । देवपुत्रले तिनलाई देखेर भन्यो– "बिहानदेखि तिमीलाई देखिन नि ! कहाँ गइरहेकी थिई ?"

तिनले भनिन्– "स्वामी ! म यहाँबाट च्यूत भएर **श्रावस्ती**को एउटा घरमा जन्मे । सोह्र वर्ष पुगेपछि मलाई विहे गरिदिई पतिकुलमा पठायो । त्यहाँ मैले चार वटा छोराहरू जन्माएँ । साथै सानै उमेरदेखि दान, पुण्य कर्म आदि गरी तपाईलाई पाउने प्रार्थना पनि गर्दै रहे । एकदिन अचानक एउटा रोग लागि म त्यहाँ मृत्यु भई यहाँ उत्पन्न हुन पुगें ।"

देवपुत्रले सोध्यो– "मनुष्यलोकमा मानिसको आयु कति छन् नि ?"

तिनले भनिन्– "लगभग शय वर्ष ।"

देवपुत्रले सोध्यो– "त्यति मात्रै ? यति छोटो आयु भएको मानिसहरू अल्छि, प्रमादी भएर बस्छन् कि पुण्य कार्य गर्नमा प्रयत्नशील रहन्छन् ?"

तिनले भनिन्– "स्वामी ! तपाईले कस्तो प्रश्न गर्नु भएको ? त्यहाँ अधिकांश मानिसहरू त असंख्य वर्ष आयु भएको जस्तो ठान्छन् र कहिल्यैं बुढा-बुढी हुनु नपर्ने, मर्न नपर्ने जस्तो ठानी धेरै जसो धर्मकार्य गर्नमा अल्छी र प्रमादी भएर बस्छन् ।"

यस्तो कुरा सुनी **मालभारी देवपुत्रलाई महासंवेग** उत्पन्न भयो । "लगभग

Downloaded from http://www.dhamma.digital

शय वर्ष मात्रै आयु भएका यी मानिसहरू त्यसरी अल्छी र प्रमादी भई बसेर तिनीहरू कहिले दुःखबाट मुक्त हुने होला”– भनी अपसोच प्रकट गऱ्यो ।

भोलिपल्ट भिक्षुहरू आसन-शालामा जाँदा, त्यहाँ सफा गरी नराखेको, आसान नबिछ्याइएको र पानीको भाँडोमा पानी पनि नभएको देखेर '**पति-पूजिका उपासिका** कहाँ गइन्' भनी सोधे ।

त्यहाँ बस्नेहरूले भने– “भन्ते ! तिनी हिजो तपाईहरूलाई भोजन गराइसकेपछि घर फर्किन् । साँझपख तिनलाई एउटा रोग लाग्यो र तत्काल तिनको मृत्यु भयो ।”

यी कुरा सुनेर पृथग्जन भिक्षुहरूले तिनको उपकार सम्झेर आँसु बहाउन थाले । **क्षीणास्रवी** अर्थात् **आस्रव-क्षय** भइसकेका भिक्षुहरूलाई पनि **धर्म-संवेग** उत्पन्न भयो । भोजन पश्चात् ती भिक्षुहरू भगवान बुद्ध कहाँ गई सादर वन्दना गरी बिन्ति गरे– “भन्ते भगवन् ! **पति-पूजिका** उपासिका जहिले पनि समय निकालेर भिक्षुसंघको सेवा-सत्कार गर्थिन् । पुण्य-कर्म गर्नमा सहभागी बनी पहिलेको स्वामी कहाँ जान प्रार्थना गर्थिन् । अब तिनको के गति भयो होला ? शास्ता ! तिनको जन्म कहाँ भयो होला ?”

तथागतले भन्नु भयो– “भिक्षुहरू ! तिनी पहिले जहाँबाट आएकी थिइन्, फेरि त्यहीं उत्पन्न हुन पुगिन् ।”

भिक्षुहरूले बिन्ति गरे– “भन्ते भगवन् ! प्राणीहरूको आयु कति छोटो रहेछ ! विहान हामीलाई भोजन गराएर साँझपख तिनको मृत्यु भयो ।”

तथागतले भन्नु भयो– “भिक्षुहरू ! हो, प्राणीहरूको आयु अत्यन्त कम छ । यी प्राणीहरूको काम-भोग, इच्छा र कामनाहरू तृप्त नहुँदै यिनीहरूलाई मृत्युराजले आफ्नो वशमा लिन्छन् र रुआउँदै, विलाप गराउँदा-गराउँदै यिनीहरूलाई लिएर जान्छ ।”

Downloaded from http://www.dhamma.digital

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भयो—

**"पुप्फानि हेव पचिनन्तं - ब्यासत्तमनसं नरं ।**
**अतित्तं येव कामेसु - अन्तको कुरुते वसं ॥"**

अर्थ— **पञ्चकाम** रूपी फूल टिप्नमा आसक्त भइरहेका मानिसहरूलाई कामभोगमा तृप्त नहुँदै मृत्युले आफ्नो वशमा लिन्छ ।

तथागतको यस धर्म-देशनाको अन्तमा धेरै मानिसहरू **स्रोतापत्ति** आदि **मार्ग-फल** प्राप्त गर्नमा सफल भए ।

यस धर्म-देशना अरू जनताहरूलाई सार्थक भयो ।

Downloaded from http://www.dhamma.digital

# ४.५. कंजूस कोसिय सेठको कथा

४. (४९) "**यथापि भमरो पुप्फं - वण्णगन्धंअहेठयं ।**
**पलेति रसमादाय - एवं गामे मुनीचरे ॥**"

एक समय **भगवान बुद्ध श्रावस्ती**मा विहार गरिरहनु भएको थियो । त्यसबेला तथागतले यो गाथा '**कंजूस सेठ**' को कारणमा आज्ञा गर्नु भएको हो । यसको कथा **राजगृह नगर**बाट शुरु भएको थियो ।

राजगृह नगर नजिकै '**सक्खर**' भन्ने एउटा ठूलो गाउँ थियो । त्यहाँ '**कोसिय**' भन्ने एक जना धनी महाजन बस्दथ्यो । उसँग अस्सी करोड धन सम्पत्ति थियो । तर त्यो साह्रै कंजूस थियो । उसले एउटा सिन्कोसम्म पनि दान गरेको थिएन । न उसले भएको धन-सम्पत्ति परिभोग नै गर्थ्यो । न आफ्ना पत्नी, छोरा छोरीलाई नै परिभोग गर्न दिन्थ्यो ।

एक दिन त्यो महाजन राजाको सेवामा गई सेवा-सत्कारको काम भ्याई सकेर राजदरवारबाट फर्किरहेको थियो । बाटोमा एक जना मानिसले **मालपुवा** खाइरहेको देखेर उसलाई पनि त्यस्तो रोटी खान मन लाग्यो । ऊ घरमा पुगेर विचार गर्न थाल्यो– "यदि मैले घरमा त्यस्तो रोटी पकाउन दियो भने मसँग खाने मानिसहरू थुप्रै हुनेछन् । तील, चामल, सक्खर आदि निकै खर्च गर्नु पर्ने हुन्छ ।" त्यसैले कसैलाई केही नभनी खान मन लागेको तृष्णालाई दबाएर सहेर बसी रह्यो ।

**मालपुवा** खाने तृष्णा मेटाउन नसकेको चिन्ताले गर्दा **कोसिय महाजन** दिन पर दिन डुब्लाउँदै गयो । आखिर ऊ रोगी जस्तै देखियो । तैपनि 'धन खर्च होला' भनेर यो कुरो कसैलाई भनेन । महाजनको त्यस्तो अवस्था देखेर उसकी पत्नीले अनेक प्रकारले प्रश्न गरिन्– "स्वामी ! तपाईलाई के तकलिफ भयो ? तपाईसँग महाराज रिसाई बक्स्यो कि ? छोरा-छोरी, नोकर-

Downloaded from http://www.dhamma.digital

चाकरहरूबाट केही भूल भयो कि ? अथवा तपाईलाई केही चीज खाने इच्छा भयो ?" आफ्नी पत्नीले यसरी एक एक गरी कोटचाएर प्रश्न गरेपछि उसले विस्तारै भन्यो– "अरू त मलाई केही चिन्ता छैन; तर **मालपुवा** खाने ठूलो इच्छा भइरहेछ ।"

पत्नीले भनिन्– "यति जावो कुरामा पनि तपाईले चिन्ता लिनु पर्छ र ? तपाई धन नभएको मान्छे होइन । अहिल्यै पूरा गाउँलेलाई पुग्ने गरी **मालपुवा** पकाई दिन्छु ।"

सेठले भन्यो– "अहँ ! यस्तो धन खर्च गर्ने काम मबाट हुँदैन ।"

पत्नीले फेरि भनी– "त्यसो भए हाम्रो टोल भरीको मानिसलाई मात्र पुग्ने गरी पकाउने ।" यस कुरामा पनि सहमत नभएपछि घर-परिवार र नोकर-चाकरलाई मात्र पकाउने कुरा चल्यो । महाजनले यस कुरालाई स्वीकार नगरेपछि 'स्वास्नी, छोरा-छोरीलाई मात्र पुग्ने गरी पकाउने कुरा भयो । सेठ यस कुरा मान्न पनि तयार भएन । त्यसो भए "तपाई र मलाई मात्र पुग्ने गरी पकाउन पर्ला; हुँदैन" भनी सोधिन् । पछि "तँलाई किन खानु परेको ?" भनी सेठनीलाई हप्काएछ । "त्यसोभए भइहाल्यो त, तपाई एक जनालाई मात्र पकाई दिनेछु" भनेपछि सेठ यस कुरामा सहमत भयो ।

'भान्छामा नै **मालपुवा** पकायो भने अरूलाई थाहा होला र दिनु पर्ला' भन्ने विचार गरी चाहिने जति मात्र सामान बोकाई सेठनीलाई 'घरको सात तल्ला माथि गई रोटी पकाउन जाऊ' भनी पठायो । सेठले चाहिं सबै नोकर-चाकरलाई तल पठाएर तलदेखि झ्याल ढोका बन्द गर्दै, चुकुल लगाउँदै घरको सात तल्ला माथि पुगेर रोटी पकाउन लागेको ठाउँमा बस्यो । सेठनीले चुल्होमा आगो बाली कराहीमा तेल तताएर **मालपुवा** पकाउन थाली ।

त्यस दिन तथागत विहान सवेरै **महाकरुणा समापत्तिमा** बस्नु भई 'आज बोध गर्नु पर्ने कोही योग्य व्यक्ति छ कि' भनी बुद्ध-नेत्र फैलाउनु

Downloaded from http://www.dhamma.digital

भयो । तथागत बस्नु भएको स्थानबाट **पैतालिस योजन** टाढा बसेका ती महाजन-महाजननी दुबैमा **स्रोतापन्न** अर्थात् मुक्तिको स्रोतमा पर्न सक्ने क्षमता भएको कुरा तथागतको ध्यान दृष्टिमा पऱ्यो। त्यतिखेरै भगवान बुद्धले ऋद्धिबल दर्शाउनमा उपाधि प्राप्त गर्नु भएको **महामौद्गल्यायन स्थविर**लाई सम्बोधन गर्नु भई भन्नु भयो– "**मौद्गल्यायन** ! **राजगृह** नगर नजिकै '**सक्कर**' भन्ने एउटा **निगम** छ । त्यहाँ '**कोसिय**' भन्ने एक जना कंजूस महाजन बस्दछ । उसलाई पकाउन लगाएको **मालपुवा** अरूलाई दिन पर्ला भन्ने डरले अहिले ऊ आफ्नो प्रासादको सात तल्ला माथि बसी कसैले नदेख्ने गरी आफ्नी पत्नीलाई कराहीमा **मालपुवा** पकाउन लगाउँदै छ। अहिले तिमी त्यहाँ गई त्यस महाजनलाई दमन गरी उसको लोभ रूपी विषलाई निर्मूल पार्न मद्दत गर । अनि पकाइरहेको **मालपुवा** सहित दूध, घिऊ, मह, सक्खर आदि सबै सामान ती दुबैलाई बोक्न लगाई तिमीले आफ्नो **ऋद्धिबल**द्वारा तिनीहरूलाई यहाँ जेतवनमा लिएर आऊ । आज म पाँच शय भिक्षुहरू सहित तिनीहरूले पकाएको **मालपुवा** भोजन गर्नेछु ।"

तथागतको वचनलाई **महामौद्गल्यायन स्थविर**ले शिरोपर गरी त्यस सेठ कहाँ जानु भयो ।

Downloaded from http://www.dhamma.digital

# ४.५. (क) भ्रमर समान भिक्षाटन गर

**महामौद्गल्यायन** स्थविर तथागतको वचन अनुसार आफ्नो **ऋद्धिबल**द्वारा तुरन्तै **राजगृह नगर**को '**सक्खर**' नामक **निगम**मा पुग्नु भयो । त्यहाँ '**कोसिय सेठ**' को प्रासादको सात तल्ला माथि पुग्नु भई झ्याल बाहिर भिक्षा पात्र लिई आकाशमा उभिरहनु भयो । स्थविरलाई देखेर सेठको हृदय काँप्यो । "यस्तै मगन्तेहरूले देख्ला भनेर म यहाँ सम्म आएर बसें; तैपनि यिनीहरूले पीछा गर्न छोडेको होइन" भन्दै उसलाई हानेर भगाउने वस्तु अगाडि केही नदेखी साह्रै रिसाएर यसो भन्यो– "ये श्रमण ! तिमी त्यहाँ आकाशमा उभिरहेर के पाइन्छ र ? आकाशमा ओहर-दोहर भई **चंक्रमण** गरे पनि यो रोटी तिमीले पाउँदैनौ ।"

स्थविर झ्याल अगाडि ओहोर-दोहर भई आकाशमा चंक्रमण गर्नु भयो । सेठले भन्यो– "चंक्रमण गरेर के गर्ने ? आकाशमा पलैंति कसेर बसे पनि तिमीले रोटी पाउँदैनौ ।"

स्थविर आकाशमा पलैंति कसेर झ्याल अगाडि बस्नु भयो ।

सेठले रिसाएर भन्यो– "त्यसरी पलैंति कस्दैमा तिमीले के पाउँछौ ? झ्यालमा बस्न आए पनि म तिमीलाई रोटी दिन्न ।"

स्थविर भिक्षापात्र लिई झ्यालमा उभिरहनु भयो ।

सेठले फेरि झोकिएर भन्यो– "त्यसरी उभिइरहँदैमा रोटी पाइन्छ के ? यो घरभरी धुँवाले भरिदिए पनि म तिमीलाई रोटी दिन्न ।"

स्थविरले आफ्नो ऋद्धिद्वारा प्रासाद धुवाँले भरी दियो ।

आखिर केही नलागेर सेठले आफ्नी पत्नीलाई 'एउटा सानो **मालपुवा** पकाएर दिई पठाउनु' भन्यो ।

सेठनीले सानो रोटी पकाउन खोज्दा कराही भरी भएर आयो । सेठले

Downloaded from http://www.dhamma.digital

आफैले सानो रोटी पकाउन खोज्यो। त्यो झन ठूलो भयो। यसरी जति जति सानो रोटी पकाउन खोज्यो त्यति त्यति झन् झन् ठूलो हुँदै आयो । सेठ हैरान भयो र भन्यो– "भइहाल्यो, यसलाई एउटा रोटी दिई पठाऊ ।"

एउटा रोटी झिक्न दोज्दा दालामा भएको सबै रोटी एक ढिक्का भयो। सेठनीले रोटी छुटाउन नसकेपछि सेठले कोशिस गऱ्यो। केही लागेन। आखिर दुइ जना दुइतिर बसेर रोटी तान्न थाले । एक एक रोटी अलग छुटाउने कोशिश गर्दा गर्दै पसिना निस्कन थाल्यो । सेठलाई **मालपुवा** खाने लालसा कम हुँदै गयो । अनि सेठनीलाई भन्यो– "प्रिय ! अब मलाई यो रोटी खाने इच्छा भएन दाला समेत त्यस **श्रमण**लाई दिएर पठाऊ ।"

सेठनीले सबै रोटी दिन लाग्दा स्थविरले दुबैजनालाई धर्म-उपदेश दिनु भयो । **त्रिरत्न**को गुण वर्णन गर्नु भई 'दान गरेको पुण्यको फल आकाशमा रहेको चन्द्र जस्तै प्रकट हुने कुरा दर्शाउनु भयो । स्थविरको कुरा सुनी महाजन साह्रै खुशी भयो र उसले विनम्र अनुरोध गऱ्यो– "भन्ते ! भित्र पाल्नुहोस् । आसनमा बस्नु भई यो **मालपुवा** खानु होस् ।"

**महामौद्गल्यायन स्थविर**ले भन्नु भयो– "हे महासेठ ! **तथागत सम्यक् सम्बुद्ध** आज तपाईको **मालपुवा** भोजन गर्न पाँच शय भिक्षुसंघसहित **जेतवनाराम**मा पर्खिरहनु भएको छ। यदि तपाईको इच्छा भएमा रोटी सहित सबै परिकार बोकाएर तथागत कहाँ जाऔं ।"

सेठले स्थविरको वचनलाई स्वीकार गऱ्यो ।

स्थविरले आफ्नो **ऋद्धिवल**द्वारा **पैतालिस योजन** टाढा रहेको महाजनको प्रासादको भऱ्याङ्ग जेतवनको ढोकामा जोडी दियो ।

महाजन र महाजननी दुबै जना प्रासादबाट ओर्लेर जेतवनमा पुगे । तिनीहरूले तथागतलाई भोजनको लागि सूचना दिई पठाए । **भगवान बुद्ध** भोजन शालामा आउनु भई विछ्याइएको **बुद्धासन**मा **विराजमान** हुनु भयो ।

Downloaded from http://www.dhamma.digital

भिक्षुसंघ पनि आ-आफ्नो स्थानमा बस्नु भयो। महाजनले तथागत सहित भिक्षुसंघलाई **दक्षिणोदक** अर्थात् जलधाराले हात धुन लगायो। महाजननीले तथागतको भिक्षा-पात्रमा **मालपुवा** राखी दिइन्। शास्ताले आफूलाई चाहिँदो मात्र लिनु भयो। पाँच शय भिक्षुहरूले पनि त्यस्तै गरे। महाजनले दूध, घिउ, मह, सक्खर आदि राखी दियो। तथागतले पाँच शय भिक्षुसंघसँगै **मालपुवा** भोजन गर्नु भयो। महाजन र महाजननीले पनि आफूलाई चाहिने जति **मालपुवा** लिई भोजन गरे। तैपनि रोटी कम भएर गएको देखिएन। विहारमा भएका खाने मान्छे सबैलाई पेट भरी ख्वाए। तैपनि रोटी सिद्धिएको होइन। यो कुरा तथागतलाई जानकारी दिइयो।

तथागतले भन्नु भयो– "बाँकी रहेको रोटी विहार बाहिर खन्याइ देऊ।"

त्यस स्थान '**मालपुवा खन्याएको ढिस्को**' भन्ने नामले आज सम्म प्रख्यात छ।

महाजन आफ्नी पत्नी सहित तथागतकहाँ गई सादर वन्दना गरी एक छेउमा बस्यो। तथागतले **भुक्तानुमोदना, धर्म-देशना** गर्नु भयो। **धर्म-देशना**को अन्तमा दुबै महाजन-महाजननी **स्रोतापत्ति-फल**मा प्रतिष्ठित भए अर्थात् ती दुबै मुक्तिको स्रोतमा परे। ती दुबैको जीवन धन्य भयो। तथागतलाई वन्दना गरी जेतवनबाट निस्केर भर्‍याङ्ग चढी आफ्ना प्रासाद माथि पुगे। त्यसबेला देखि महाजनले आफ्नो अस्सी करोड धन-सम्पत्ति **बुद्ध-शासन** अभिवृद्धि गर्नको लागि मात्रै खर्च गर्‍यो।

भोलिपल्ट साँझपखको धर्म-सभामा भिक्षुहरू जम्मा भई **महामौद्गल्यायन स्थविर**को **ऋद्धिचमत्कार**को विषयमा कुराकानी भइरहेको थियो। उहाँको गुण-वर्णन गरिरहेका थिए। त्यसबेला **भगवान बुद्ध** त्यहाँ आइपुग्नु भयो र कुरा चलिरहेको विषयको जानकारी लिनु भयो।

तथागतले भिक्षुहरूलाई सम्बोधन गर्नु भई भन्नु भयो– "भिक्षुहरू !

Downloaded from http://www.dhamma.digital

कुललाई दमन गर्ने भिक्षुले श्रद्धामा आँच नआउने गरी भोग-सम्पत्ति र कुल-गृहस्थलाई बाधक नहुने गरी फूलबाट रस लिएर जाने भमरा झैं भिक्षाटन गर्न सिक्नु पर्दछ; जसरी मेरो पुत्र **महामौद्‌गल्यायन**ले गरेर दर्शायो । यसरी **महामौद्‌गल्यायन स्थविर**को प्रशंसा गर्नु हुँदै यो गाथा आज्ञा गर्नुभयो—

**"यथापि भमरो पुप्फं - वण्णगन्धंअहेठयं ।**
**पलेति रसमादाय - एवं गामे मुनीचरे ॥"**

अर्थ— जसरी भ्रमरले फूलको वर्ण र सुगन्धलाई नबिग्रने गरी त्यसको रस चुसेर भाग्दछ; त्यसै गरी मुनिहरू गाउँ-घरमा अरूलाई तकलिफ नदिई विचरण गर्दछन् ।

तथागतको यस धर्म-देशनाको अन्तमा धेरै मानिसहरू **स्रोतापत्ति मार्ग-फल** प्राप्त गर्नमा सफल भए ।

Downloaded from http://www.dhamma.digital

# ४.६. पाठिक[१] आजीवकको कथा

४. (५०) **"न परेसं विलोमानि - न परेसं कताकतं ।**
**अत्तनोव अवेक्खेय्य - कतानि अकतानि च ॥"**

एक समय **भगवान बुद्ध श्रावस्ती**को **जेतवनाराम**मा विहार गरिरहनु भएको थियो । त्यसबेला तथागतले **पाठिक** भन्ने एक जना **आजीवक**को कारणमा यो गाथा प्रकाशमा ल्याउनु भएको हो ।

**श्रावस्ती नगर**मा एक जना **गृहपति** बस्दथ्यो । उसले **पाठिक** भन्ने एक जना **आजीवक**लाई ठूलो मान-सम्मान दिई राखेको थियो । उसको घरमा बस्ने मानिसहरू **भगवान बुद्ध** कहाँ गई धर्म-देशना सुनेर आई बुद्धको अनेक प्रकारले प्रशंसा गरी यसो भन्थे– "अहो ! **भगवान बुद्ध**को **धर्म-देशना** अत्यन्त आश्चर्यजनक छ ।"

तथागतको प्रशंसा सुनेर त्यस घरको गृहिणीलाई पनि बुद्ध कहाँ गई धर्म-देशना सुन्न मन लाग्यो । तर **पाठिक आजीवक**ले तिनलाई जान दिएन । बार-बार तिनले भगवान बुद्ध कहाँ जान कोशिश गरिन् । तर त्यस **आजीवक**ले तिनलाई कहिले अनुमति नदिने, कहिले 'त्यहाँ जानु पर्दैन' भनी रोक्ने गर्थ्यो ।

गृहिणीले भगवान बुद्धलाई आफ्नै घरमा निमन्त्रणा गरी उहाँको धर्म-उपदेश सुन्ने विचार गरी आफ्नो छोरोलाई बोलाएर भनी– "पुत्र ! तिमी तथागत कहाँ गई भोलिको लागि भोजनको निमन्त्रणा गरेर आउनु ।"

छोरो चाहिं भगवान बुद्ध कहाँ जानु भन्दा पहिले त्यही **आजीवक**कहाँ गई उसलाई वन्दना गरी बसिरहयो ।

आजीवकले सोध्यो– "तिमी कहाँ जान लागेको ?"

---

१. पावेय्यक (वर्मी) ।

Downloaded from http://www.dhamma.digital

उसले भन्यो– "आमाको आज्ञानुसार तथागतलाई भोलिको भोजनको लागि निमन्त्रणा गर्न जान लागेको ।"

**पाठिक आजीवक**ले भन्यो– "तिमी त्यहाँ निमन्त्रणा दिन नजानु । बुद्धलाई गरिने सत्कार हामी दुइ मिलेर बाँडेर लिउँला ।"

तर छोरो चाहिं उसले भनेको कुरा मानेन । अनि उसले यसरी कुरो सिकाएर पठायो– "हेर बाबु ! तिमी निमन्त्रणा दिन नै जान्छौ भने हाम्रो घर यहाँ पर्छ, त्यहाँ पर्छ भनेर नभन्नु । केवल निमन्त्रणा दिएर सुरुक्क आउनु ।"

उसले **आजीवक**ले भने जस्तै गरेर उसैकहाँ फर्केर आयो ।

**आजीवक**ले सोध्यो– "तिमीले के भनेर आयौ ?"

उसले भन्यो– "तपाईंले जस्तो भन्नु भएको हो त्यस्तै गरेर आएँ ।"

**आजीवक**ले भन्यो– "त्यसो भए तिमीले ठीक काम गरेर आयौ । अब बुद्धलाई ख्वाउने भोजन र सत्कार हामी दुइजना मिलेर लिने ।"

भोलिपल्ट **पाठिक आजीवक** विहान सवेरै त्यस घरमा गयो । उसलाई लगेर बैठकको पछाडिको कोठामा राख्यो । यता तथागतको स्वागतार्थ घर परिवार र छिमेकीहरू समेत मिली लिपपोट गरी पाँच प्रकारका सुगन्धित फूलले राम्रोसँग आसन विछ्याएर राख्यो ।

तथागतलाई भोजन निमन्त्रणा गर्दा बाटोमा अगुवाई गर्नु पर्छ भन्ने आवश्यक पर्दैन । बुद्धले **बोधिवृक्ष मुनि बोधित्व लाभ** गर्दा **दस हजार लोकधातु कम्पायमान** भएको थियो । त्यसै बेला उहाँले यो नरकमा लैजाने बाटो, यो पशुयोनीमा लैजाने बाटो, यो प्रेत हुने बाटो, यो मनुष्य योनीमा जाने बाटो, यो देवलोकमा जाने बाटो, यो अमृत निर्वाणको साक्षात्कार गर्ने मार्ग भनी राम्रैसँग थाहा पाई सक्नुभएको थियो । त्यसैले भगवान बुद्धलाई **गाउँ, निगम, जनपद** आदिको बाटो देखाइरनु पर्ने आवश्यकता पर्दैन ।

Downloaded from http://www.dhamma.digital

त्यसकारण तथागत समय भएपछि पात्र चीवर धारण गर्नु भई उपासिकाको घरमा आउनु भयो। उपासिकाले तथागतलाई सादर वन्दना गरी आसन ग्रहण गर्नु हुन अनुरोध गरिन्। तिनले **दक्षिणोदक** अर्थात् हात धुन जल-धारा हाली आफ्नै हातले प्रणीत भोजन दान दिई सेवा-सत्कार गरिन्। तथागतले भोजन गरिसक्नु भएपछि हात धुन लगाई तिनले भिक्षापात्र आफ्नो हातमा लिइन्। तथागतलाई **अनुमोदना धर्म-देशना** गर्नु हुन सादर अनुरोध गरिन्।

**भगवान बुद्ध**ले मधुर स्वरले **भुक्तानुमोदना धर्म-देशना** आरम्भ गर्नु भयो। उपासिकाले ठाउँ-ठाउँमा '**साधु** !', '**साधु** !' भनी **साधुकार** दिंदै ध्यान दिई धर्म-देशना सुनी रहिन्।

**पाठिक आजीवक** बैठकको पछिल्लो कोठामा बसेर उपासिकाले '**साधुकार**' दिंदै धर्म-श्रवण गरिरहेको कुरा सहन सकेन। "अब यो गृहिणी मेरो उपासिका भएन" भन्दै रिसले चूर भई कोठाबाट बाहिर निस्क्यो र तिनलाई गालि गऱ्यो– "**कालकण्णि** ! तिम्रो विनाश होस्। उसलाई भने यस्तो भव्य रूपले स्वागत सत्कार गऱ्यो। मलाई भने केही वास्तै गरेन" भन्दै नाना प्रकारले मुख छोड्यो। तथागतलाई पनि भन्न सम्म भनेर गालि गरेर त्यहाँबाट भागेर गयो।

**आजीवक**को गालिले गर्दा उपासिकालाई साह्रै लाज लाग्यो। मन कहाँ कहाँ भाग्न थाल्यो। **तथागत**को धर्म-उपदेशमा तिनले चित्त स्थिर गर्न सकिनन्। तिनको चित्तको स्थिति **तथागत**लाई थाहा थियो।

**तथागत**ले सोध्नु भयो– "उपासिका ! तिम्रो चित्त **धर्म-देशना**मा स्थिर भएन कि क्या हो ? किन ? के भयो ?"

तिनले बिन्ति गरिन्– "भगवन् शास्ता ! त्यस **पाठिक आजीवक**को कुरा सुनेदेखिन् मेरो चित्त अस्थिर भयो। बाहिर कता कता जान थाल्यो।"

Downloaded from http://www.dhamma.digital

**तथागतले** भन्नु भयो– "त्यस्तो लक्षहीन व्यक्तिको कुरामा लागेर आफ्नो चित्तलाई बिगार्नु ठीक छैन। यस्तो निन्दा र उपहासको कुरालाई ध्यान दिनु हुँदैन। अर्काको दोषलाई ध्यान दिनु भन्दा आफूले गरेको गुण-दोषमा विचार गर्नु राम्रो हुन्छ।"

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाश पार्नु भयो—

**"न परेसं विलोमानि - न परेसं कताकतं।**
**अत्तनो'व अवेक्खेय्य - कतानि अकतानि च॥"**

अर्थ— अर्काको दोष अर्थात् 'अरूले के गऱ्यो, के गरेन' भनी हेर्नु भन्दा आफ्नो दोष अर्थात् 'आफूले के गरें, के गरिन' भनी हेर्नु नै राम्रो हुन्छ।

तथागतको यस **धर्म-देशनाको** अवसानमा उपासिका **स्रोतापत्ति फलमा** प्रतिष्ठित भइन्। यो **धर्म-देशना** अरू धेरै मानिसहरूलाई सार्थक भयो।

Downloaded from http://www.dhamma.digital

# ४.७. छत्तपाणि उपासकको कथा

४. (५१) "**यथापि रुचिरं पुप्फं – वण्णवन्तं अगन्धकं ।**
**एवं सुभासिता वाचा – अफला होति अकुब्बतो ॥**"

४. (५२) "**यथा'पि रुचिरं पुप्फं – वण्णवन्तं सुगन्धकं ।**[1]
**एवं सुभासिता वाचा – सफला होति सकुब्बतो ॥**[2]"

एक समय **भगवान बुद्ध श्रावस्ती**को **जेतवनाराम**मा विहार गरिरहनु भएको थियो । यी दुइ गाथा तथागतले **छत्तपाणी उपासक**को कारणमा आज्ञा गर्नु भएको हो ।

**श्रावस्ती नगर**मा **छत्तपाणि** भन्ने एक जना **उपासक** बस्दथ्यो । उनी त्रिपिटक धारी अर्थात् धर्ममा विज्ञ, पण्डित, मेधावी थियो । उनले **अनागामी मार्ग र फल** पनि प्राप्त गरिसकेको **आर्यपुद्गल** थियो । **अनागामी मार्ग-फल** प्राप्त गरिसकेका **आर्यपुद्गल**हरू प्रकृति स्वभावले नै **उपोसथ ब्रत धारण** गर्ने र **सहज ब्रह्मचर्य** पालन गर्ने हुन्छन् । त्यस्तै **छत्तपाणि उपासक** पनि **उपोसथ शील** पालन गरी तथागत कहाँ गई सादर वन्दना गरी **धर्म-कथा** श्रवण गर्न एक छेउमा बसिरहेको थियो ।

त्यसबेला **कोशल राजा पसेनदि तथागत**को सेवामा सवारी भयो । **तथागत**को समक्ष बसिरहेको हुनाले 'तथागतलाई अनादर होला' भन्ने विचार गरी **छत्तपाणि उपासक**ले राजालाई उठेर स्वागत गरेन । उनी उठेर स्वागत नगरेकोले राजालाई रिस उठ्यो । तैपनि केही नभनी **भगवान बुद्ध**लाई सादर वन्दना गरी एक छेउमा बस्यो । तथागतले राजा रिसाएको भाव बुझ्नु भई **छत्तपाणि** उपासकलाई प्रशंसा गर्दै भन्नु भयो– "महाराज ! **छत्तपाणि उपासक**

---

१. सगन्धकं ।

२. कुब्बतो ।

Downloaded from http://www.dhamma.digital

पण्डित हो, धर्मको ज्ञाता हो; उनी **अनागामी मार्ग-फल**मा पुगी सकेको छ। उनलाई अर्थ र अनर्थ कुरा राम्रोसँग थाहा छ।"

यसरी तथागतको श्रीमुखबाट **छत्तपाणि उपासक**को गुण-वर्णन सुन्दा सुन्दै राजाको रिस बिलाएर गयो।

एक दिन मध्यान्ह समयमा **राजा पसेनदि** राजदरवारको झ्यालबाट वाहिर हेरिरहेको थियो। त्यसबेला **छत्तपाणि उपासक** भोजन पश्चात् जुत्ता लगाई छाता ओढेर राजदरबारको बाटोबाट गइरहेको थियो। राजाले देखी उसलाई वोलाउन पठायो। **छत्तपाणि उपासक**ले जुत्ता खोली, छाता एक छेउमा राखी राजालाई नमस्कार गरी उभिरह्यो। राजाले सोध्यो- "**छत्तपाणि**! तिमीले किन जुत्ता र छाता एकातिर राखेर आएको ?"

**छत्तपाणि**ले भन्यो- "महाराजले बोलाई बक्सेकोले त्यसो गरेको हुँ।"

राजाले भन्यो- "आज मात्रै तिमीलाई म राजा हुँ भनेर थाहा भयो ?"

**छत्तपाणि**ले भन्यो- "होइन महाराज! हजुर, सँधैं राजा नै होइबक्सिन्छ भनी मलाई थाहा छ।"

राजाले सोध्यो- "त्यसो भए अस्ति तथागतको समक्ष मलाई देखेर पनि किन नउठेको त ?"

**छत्तपाणि**ले भन्यो- "महाराज! त्यो दिन म **भगवान बुद्ध** अर्थात् **अग्र राजा**को अघिल्तिर बसिरहेको थिएँ। हजुर **प्रदेश राजा** होइबक्सिन्छ। अतः **अग्र राजा**को अघिल्तिर **प्रदेश राजा**लाई देखेर म जुरुक्क उठें भने **तथागत**लाई अगौरव हुन्छ भन्ने मनसायले त्यहाँ म नउठेको हुँ।"

राजाले भन्यो- "ठीक छ ! तिमी जे भएपनि **दृष्ट धर्म सम्परायिक**हरू मध्ये अत्यन्त **दक्ष** र **त्रिपिटकधर** पनि हौ। मेरो अन्तपुरमा महारानीहरूलाई धर्म-देशना गर्ने काम गरी देऊ।"

Downloaded from http://www.dhamma.digital

**छत्तपाणि**ले भन्यो– "महाराज ! म धर्म-देशना गर्न सक्तिन; किनभने दरबारमा अनेक प्रकारका दोषहरू हुन सक्छन् । राज-गौरवको कारणले मैले यसो भनेको हुँ । महाराज ! बरु मेरो विचारमा एक जना भिक्षुलाई धर्म-देशना गर्न आग्रह गरिबक्से राम्रो होला ।"

एक दिन **राजा पसेनदि** भगवान बुद्ध कहाँ गई सादर वन्दना गरी पाँच शय भिक्षुसंघ सहित दिनहुँ राजदरवारमा आउनु भई महारानीहरूलाई **धर्म-देशना** गर्न तथागतलाई सादर अनुरोध गऱ्यो । तथागतले सँधैं एकै ठाउँको निमन्त्रणा स्वीकार गर्न सम्भव नभएको कुरा जानकारी दिनु हुँदै राजाको आग्रह अनुसार **आनन्द स्थविर**लाई यो कार्य सुम्पिनु भयो ।

**आनन्द स्थविर** दिनहुँ अन्तपुरमा गई महारानीहरूलाई धर्म-उपदेश दिन थाल्नु भयो । **मल्लिका महारानी**ले आदर गौरवपूर्वक धर्म-श्रवण गर्थिन्, सम्झेर राख्थिन् र बुझ्ने प्रयत्न पनि गर्थिन् । अर्की महारानी **वासभ खत्तिया**ले भने धर्म-श्रवण गर्नमा आदर-सत्कार नगर्ने, सम्झेर पनि नराख्ने, बुझ्ने प्रयत्न पनि गर्दैन थिइन् ।

एक दिन भगवान बुद्धले **आनन्द स्थविर**सँग सोध्नुभयो– "**आनन्द** ! तिमीले उपदेश गरेको धर्मलाई महारानीहरूले बुझ्न सकेका छन् कि छैनन् ?"

**आनन्द**ले बिन्ति गऱ्यो– "भन्ते ! बुझ्न सक्नेहरू पनि छन् । **मल्लिका महारानी**ले आदर-सत्कारपूर्वक धर्म-देशना सुन्छिन्, सम्झेर राख्छिन् र त्यसको उद्देश्यलाई बुझ्छिन् पनि । तर तथागतको आफन्त पर्ने **वासभ खत्तिया**ले भने आदर-सत्कारपूर्वक धर्म-श्रवण नगर्ने, सम्झिने कोशिश पनि नगर्ने अनि बुझ्न पनि नसक्ने रहिछिन् ।"

**आनन्द स्थविर**को कुरा सुन्नु भई तथागतले भन्नु भयो– "**आनन्द** ! मैले उपदेश गरी राखेको धर्मलाई आदर-सत्कारपूर्वक नसुन्ने, सम्झिने कोशिश नगर्ने र बुझ्ने क्षमता पनि नभएको वर्ण सम्पन्न भई हेर्दा राम्रो भए पनि

Downloaded from http://www.dhamma.digital

सुगन्ध नभएको फूल समान हो । त्यस्तो व्यक्तिले धर्मको फल साक्षात्कार गरी लिन सक्तैन । जसले आदर-सत्कारपूर्वक धर्म-श्रवण गर्दछ; सुने अनुसार सम्झेर राख्दछ अनि आफूले आचरण गरी अरूलाई पनि देशना गर्दछ; उसलाई **महत्फल महान आनिशंस** प्राप्त हुन्छ ।"

यसरी देशना गर्नु भई **तथागत**ले यी गाथा प्रकाशमा ल्याउनु भयो—

**"यथापि रुचिरं पुप्फं - वण्णावन्तं अगन्धकं ।**
**एवं सुभासिता वाचा - अफला होति अकुब्बतो ॥"**

अर्थ— फूल राम्रो भए पनि वास्ना आएन भने काम लाग्दैन; त्यस्तै कुरा राम्रो भए पनि कार्यान्वयन भएन भने निष्फल हुन्छ ।

**"यथापि रुचिरं पुप्फं - वण्णावन्तं सुगन्धकं ।**
**एवं सुभासिता वाचा - सफला होति सकुब्बतो ॥"**

अर्थ— फूल राम्रो भएर वास्ना पनि मीठो भएमा त्यो फूल काम लागे झैं कुरा गरे अनुसार काम पनि गरेमा त्यस कुराको मूल्य रहन्छ ।

तथागतको यस धर्म-देशनाको अन्तमा धेरै मानिसहरूले **स्रोतापत्ति मार्ग-फल** प्राप्त गरे ।

यो **धर्म-देशना** अरू थुप्रै मानिसहरूलाई सार्थक सिद्ध भयो

Downloaded from http://www.dhamma.digital

# ४.८. विशाखाको कथा

४. (५३) "**यथा'पि पुप्फरासिम्हा - कयिरा मालागुणे बहु ।**
**एवं जातेन मच्चेन - कत्तब्बं कुसलं बहुं ।।**"

एक समय **भगवान बुद्ध श्रावस्ती**को **जेतवनाराम**मा विहार गरिरहनु भएको थियो । त्यसबेला **विशाखा महाउपासिका**को कारणमा तथागतले यो गाथा उल्लेख गर्नु भएको हो ।

**विम्बिसार राजा**को **मगध राज्य**मा पाँच जना **अमृत भोगी कुबेर-पति**हरू थिए । तिनीहरू मध्ये **मेण्डक श्रेष्ठी** सबै भन्दा धनी थियो । **मेण्डक श्रेष्ठी**को जेष्ठ सुपुत्रको नाम **धनञ्जय** थियो, बुहारी **सुमनादेवी** । यिनकै कोखबाट **विशाखा**को जन्म भएको थियो । यिनीहरू **अङ्ग देश**को **भद्रवती नगर**मा बस्दथे ।

एक समय **भगवान बुद्ध सेल ब्राह्मणहरूलाई** धर्मोपदेश गर्न चारिका गर्नु हुँदै **अङ्ग देश**को **भद्रवती नगर**मा आइपुग्नु भयो । तथागत **भद्रवती नगर**मा आउनु भएको खबर सुनी **मेण्डक महाजन**ले आफ्नी नातिनी बालिका **विशाखा**लाई बोलाएर भन्यो– "**विशाखे** ! हाम्रो नगरमा **तथागत सम्यक् सम्बुद्ध** पाल्नुभएको छ । तिमी आफ्नो पाँच शय बालिका साथीहरूसँग पाँच शय दासीहरू लिई पाँच शय रथहरूमा बसी भगवान बुद्धको स्वागत गर्न जाऊ । यसो गरेमा तिम्रो पनि मंगल हुन्छ; हाम्रो पनि मंगल हुन्छ ।

त्यसबेला **विशाखा** सात वर्षकी थिइन् । वर्षले सानै भए पनि '**हुने विरुवाको चिल्लो पात**' भने झैं तिनी साह्रै बुद्धिमती, विवेकी थिइन् । बाजे **मेण्डक श्रेष्ठी**को आज्ञानुसार आफ्ना परिवारहरूका साथ तिनी **भगवान बुद्ध** कहाँ पुगिन् । **विशाखाले पद्मोत्तर तथागत**को समयदेखि अनेक तरहले **पारमिता**हरू पूर्ण गर्दै ठूलो पुण्य आर्जन गर्दै आइरहेकी थिइन् ।

Downloaded from http://www.dhamma.digital

**भगवान बुद्ध**ले तिनको चरित्र अनुकूल ज्ञान बुद्धिलाई सुहाउँने गरी उपदेश गर्नुभयो जसबाट **विशाखा** आफ्नो पाँच शय परिवारहरूका साथ **निर्वाणको स्रोत**मा पुगिन् । पछि **मेण्डक महाजन**ले पनि भगवान बुद्धको उपदेश सुनी **स्रोतापत्ति मार्ग-फल** साक्षात्कार गर्नमा सफल भयो । उनले भिक्षुसङ्घ सहित निमन्त्रणा गरी दुइ हप्तासम्म महादान दियो ।

एक दिन **कोशल राजा पसेनदि**ले **मगध राजा विम्बिसार**लाई एक जना **कुवेरपति कोशल राज्य**मा पठाई दिन हुन अनुरोध गऱ्यो । **राजा विम्बिसार**ले **धनञ्जय श्रेष्ठी**लाई **श्रावस्ती**मा पठाउने व्यवस्था गरी दियो । **धनञ्जय श्रेष्ठी**लाई विशाल परिवार भएको कारणले **श्रावस्ती**बाट छ योजन टाढा रहेको स्थानमा नगर बसाली बसोवास गराइयो । त्यस नगरको नाम '**साकेत**' राखियो । पछि **साकेत नगर** छ प्रमुख महानगरहररू मध्ये एक भयो ।

**श्रावस्तीमा मृगार श्रेष्ठी** भन्ने एक जना धनी व्यक्ति थियो । उसको **पूर्णवर्धन** भन्ने एक जना छोरो थियो । बाबुले छोरोलाई विवाह गर्न वार-वार आग्रह गर्थ्यो । तर छोरोको भने यस कुरामा सहमत भएको थिएन ।

एक दिन फेरि **मृगार श्रेष्ठी**ले **पूर्णवर्धन**लाई भन्यो– "प्रिय पुत्र ! त्यसो नभन । सन्तान परम्परा नरहेमा हाम्रो कुलवंश कसरी रहन्छ ? तिमीलाई मन पर्ने कन्या तिमी आफै खोज ।"

**पूर्णवर्धन**ले भन्यो– "पिताजी ! त्यसो भए **पञ्च कल्याण गुण**ले युक्त भएकी कन्या पाएमा तपाईको वचन स्वीकार गर्नेछु ।"

## पञ्चकल्याण गुण

१) **केश-कल्याण**, (२) **मंस-कल्याण**, (३) **अष्ठि-कल्याण**, (४) **छवि कल्याण** र (५) **वैश कल्याण** ।

(१) **केश-कल्याण**– जो महिलाको केश मयूरको प्वाँखको वर्ण भई लामो हुन्छ र चुल्ठो फुकाउँदा भुइँमा छोएर माथितिर फर्कन्छ; त्यसलाई

Downloaded from http://www.dhamma.digital

**केश-कल्याण** भनिन्छ ।

(२) **मंस-कल्याण**– जो महिलाको ओंठ **बिम्वफल** समान रातो हुन्छ र गिजाले दाँतहरूलाई राम्रोसँग समातेको हुन्छ; त्यसलाई **मंस-कल्याण** भनिन्छ ।

(३) **अष्ठि-कल्याण**– जसको दाँतहरू सेतो शंख वर्णका हुन्छन् । कुनै छिद्र नभएका टम्म मिलेका हुन्छन्; त्यसलाई **अष्ठि-कल्याण** भनिन्छ ।

(४) **छवि-कल्याण**– जो स्त्रीको वर्ण श्रृङ्गार (मेकअप) नगरे पनि छालाको रंग राम्रो हुन्छ, स्निग्ध हुन्छ, कोमल र गोरो वर्णको हुन्छ; त्यसलाई **छवि-कल्याण** भनिन्छ ।

(५) **वैश-कल्याण**– दसवटा बच्चाको आमा भए पनि एउटा मात्रै बच्चा भएको जस्तो देखिने, जहिले हेरे पनि तरुणी जस्तो देखिने स्त्रीलाई **वैश-कल्याण** भनिन्छ ।

छोरो **पूर्णवर्धन**को यस्तो कुरा सुनी आमा-बाबु दुबैले एक शय **ब्राह्मणहरूलाई** निम्त्याई ती मध्ये आठ जनालाई छानेर **पञ्चकल्याण गुण** सम्पन्न कन्या खोज्न पठाए । साथै कन्याको लागि बहुमूल्य सुवर्ण माला पनि दिएर पठायो ।

ती ब्राह्मणहरू **श्रावस्ती नगर** तथा अन्य नगरहरूमा **पञ्चकल्याण गुण**ले सम्पन्न कन्या खोज्दै **साकेत नगर**मा पुगे । त्यस बखत त्यहाँ नव-वर्षको उत्सव थियो । त्यस उत्सवमा घरबाट कहिल्यै ननिस्कने कन्याहरू पनि राम्रा राम्रा वस्त्रहरू र आभूषणले अलंकृत भई हिंडेर गई नदीमा नुहाउन जानु पर्थ्यो । त्यस उत्सवमा धनी, कुलघरानका क्षत्री आदि कुमारहरू हातमा माला लिई समान जातका आफूलाई मन पर्ने कुमारीलाई स्वयंवर गर्ने विचारले ठाउँ ठाउँमा बसी रहन्थे ।

ती ब्राह्मणहरू पनि यसै उत्सवको मौका छोपी नदीको किनारको

Downloaded from http://www.dhamma.digital

एउटा सत्तलमा बसी त्यहाँबाट आवत-जावत गर्ने कन्या केटीहरूलाई हेर्न थाले ।

नव-वर्षको **नक्षत्र-क्रीडा**को **उत्सव**मा सरीक हुन पन्द्र-सोह्र वर्षकी **विशाखा** आफ्ना पाँच शय सहेलीहरूका साथ वस्त्राभूषणले अलंकृत भई स्नान गर्न नदीमा पुगीन् । त्यसबेला अचानक मूसलधारे पानी पर्न थाल्यो । **विशाखा**का सबै सहेलीहरू दगुरेर सत्तल भित्र पसे । विशाखा एक जना मात्र दगुरेर नआई वस्त्र भिजे पनि विस्तारै आइरहिन् । ती ब्राह्मणहरू तिनको स्वभाव र सौन्दर्य देखेर अति प्रसन्न भए । तिनलाई कुरा गर्न बाध्य तुल्याई दाँतका लक्षण हेर्न पानी परे पनि तिनी दगुरेर नआएका कारण सोधे ।

**विशाखा**ले भनिन्– "म दगुर्न चाहेको खण्डमा दर्गुन सक्थें । मसँग पाँच हात्तीको बल छ । तैंपनि अर्काको घरमा जानु पर्ने कन्याहरू दगुर्दा अङ्गभङ्ग हुन सक्ने र शोभा नदिने भएकोले म विस्तारै आइरहेकी हुँ ।"

तिनले फेरि भनिन्– "भो ब्राह्मणहरू ! चार प्रकारका व्यक्तिहरू दगुर्दा शोभा दिंदैन; **लोकको अपवाद** पनि सुन्नु पर्ने हुन्छ । को को चार ?"

१) सबै प्रकारका आभूषणले सजाइएको अभिषेक प्राप्त राजा दगुर्दा शोभा दिंदैन;

२) अलंकृत राजाको मंगल हात्ती दगुर्दा राम्रो देखिंदैन । हस्तिलीलाले युक्त भई हिंडेमा मात्र शोभा दिन्छ ।

३) **प्रव्रजित** भएका **श्रमणहरू** दगुर्दा पनि राम्रो देखिंदैन । 'गृहस्थीहरू झैं दगुर्ने कस्ता असंयमी **श्रमणहरू** रहेछन्' भनी निन्दा गर्दछन् ।

४) त्यस्तै स्त्रीहरू दगुर्दा पनि राम्रो देखिंदैन । 'कस्ती लाज नभएकी वेशोभत स्त्री रहिछिन् । पुरुषहरू जस्तै, सिपाहिंहरू जस्तै दगुर्दा रहेछन्' भन्ने कुरा सुन्नु पर्ने हुन्छ ।

ब्राह्मणहरूले बोलिरहेकी **विशाखा**को दन्त-लक्षण देखे । तिनको

Downloaded from http://www.dhamma.digital

बोलिवचनमा माधुर्यता, सुभाषितता, मिठास र कारणाकारण अभिव्यक्त गर्ने सामर्थ्य आदि गुणहरू देखेर ब्राह्मणहरू अत्यन्त प्रभावित भई मृगार कुलबाट ल्याएको सुवर्णमाला तिनको गलामा लगाई दिन लागे । **विशाखा**ले तुरन्तै प्रश्न गरिन्– "तपाईहरू कुन नगरबाट आउनु भएको ?"

ब्राह्मणहरूले भने– "हामी **श्रावस्ती महानगर**बाट आएका हौं ।"

विशाखाले प्रश्न गरिन्– "सुवर्ण माला कुन कुलको तरफबाट पठाएको हो ?"

ब्राह्मणहरूले भने– "**मृगार श्रेष्ठी**को तरफबाट पठाएको हो ।"

विशाखाले फेरि प्रश्न गरिन्– "आर्यपुत्र हुनेको नाम के हो ?"

ब्राह्मणहरूले जवाफ दिए– "**कुमार पूर्णवर्धन** ।"

यति कुरा सुनी सकेपछि 'समान कुलकै रहेछ' भनी विचार गरी सुवर्णमाला स्वीकार गरिन् । अनि त्यस बेलाको सामाजिक रीति अनुसार घरमा रथ मगाउन पठाई ब्राह्मणहरू सहित विशाखा घर फर्किन् ।

Downloaded from http://www.dhamma.digital

# ४.८. (क) विशाखाको विवाह

ब्राह्मणहरू कन्या माग्न **विशाखा**को घरमा पुगे । **विशाखा**को पिता **धनञ्जय श्रेष्ठी**ले तिनीहरूसँग कुशल वार्ता गरिसकेपछि यी प्रश्नहरू गर्‍यो—

— "ब्राह्मणहरू ! तपाईहरू कहाँबाट आउनु भएको ?"

— "**श्रावस्ती महानगर**बाट ।"

— "सेठको नाम के हो ?"

— "**मृगार श्रेष्ठी** ।"

— "पुत्रको नाम ?"

— "**पूर्णवर्धन** ।"

— "धनसम्पत्ति कति छ ?"

— "**चालिस कोटी छ** ।"

**धनञ्जय श्रेष्ठी**ले आफ्नो प्रश्नहरूको उत्तर सुनी विचार गर्‍यो– "मेरो सम्पत्तिको तुलनामा **चालिस कोटी** धन त कनिका प्रमाण मात्रै हो । सबै कुरामा समानता पाउनु गाह्रो हुन्छ । जातियताले समान भएकोले राम्रो भयो। यसरी विचार गरी ब्राह्मणहरूको प्रस्तावलाई स्वीकार गरी तिनीहरूलाई चाहिंदो सम्मान गरी फिर्ता पठायो ।

**साकेत निवासी धनञ्जय श्रेष्ठी**की सुपुत्री **पञ्चकल्याण गुण**ले युक्त भएकी **कुमारी विशाखा** कन्या पाएको शुभ समाचार ब्राह्मणहरूले **मृगार श्रेष्ठी**लाई निवेदन गरे । '**महाकुलकी कन्या पाएँ**' भनेर **मृगार श्रेष्ठी** खुशी भयो । **धनञ्जय श्रेष्ठी**लाई तुरुन्तै कन्या लिन आउने खबर पठायो ।

यता **मृगार श्रेष्ठी**ले **कोशल राजा पसेनदि**को हजुरमा आफ्नो सुपुत्र **कुमार पूर्णवर्धन**को शुभ-विवाह **धनञ्जय श्रेष्ठी**की सुपुत्री **कुमारी विशाखा**सँग

Downloaded from http://www.dhamma.digital

हुने कुरा जाहेर गऱ्यो र **साकेत नगर**मा जान आज्ञा माग्यो । राजाले आज्ञा मात्रै दिएको होइन । अपितु स्वयं जन्ती जानमा तयार रहेको कुरा अवगत गरायो किनभने **धनञ्जय श्रेष्ठी**लाई राजा आफैले **मगध राज्य**बाट ल्याई **साकेत नगर**मा बसालेको थियो ।

**मृगार श्रेष्ठी कोशल राजा पसेनदि** सहित विशाल जनसमूह लिई **साकेत नगर** पुग्यो । **धनञ्जय श्रेष्ठी**ले पनि आधा योजन बाटोसम्म हेर्न गई जन्तीहरूलाई चाहिंदो स्वागत गरी सम्मानपूर्वक राजा सहित सबैलाई दर्जा अनुसार आवश्यक प्रबन्ध मिलाउन लगायो ।

त्यही दिन **धनञ्जय श्रेष्ठी**ले पाँच शय सुनारहरूलाई बोलाउन पठाई **विशाखा**को लागि "**महालता-पसाधन**" भन्ने **आभूषण** बनाउन चाहिने जति असर्फि र हिरा, मोति आदि आवश्यक रत्नहरू दिई पठायो ।

यो '**महालता-पसाधन**' आभूषण बनाउन चार महिना लाग्यो । यसमा कहीं कुनै धागोको प्रयोग गरिएको थिएन । यो **पसाधन मयुर आकार**को थियो । शीरमा राख्दा शरीर सबै ढाकेर तलसम्म पुग्थ्यो । हजार सुवर्णका प्वाँखहरूको आवाज आउँदा **पञ्चाङ्गिक दिव्य-तूर्य वादन**को आवाज जस्तै सुनिन्थ्यो । आभूषण जम्मै सप्त रत्नले जडिएको थियो । यो आभूषण लगाउँदा मानौ पहाडको टुप्पोमा नाचिरहेको मयूर जस्तै देखिन्थ्यो । यो आभूषण तयार हुँदा **नौ करोड** खर्च लागेको थियो ।

"**महालता-पसाधन**" तयार भएको भोलि पल्टै छोरी **विशाखा**लाई बिदा दिई पठाउने निश्चय गरी पतिकुलमा जानु भन्दा पहिले आचरण सम्वन्धी दश अर्तिहरू दिन **धनञ्जय श्रेष्ठी**ले छोरीलाई सम्बोधन गरी भन्यो– "प्रिय पुत्री ! पतिकुलमा बस्ने बुहारीले—

**१) घर भित्रको आगो बाहिर पठाउनु हुँदैन ।**
**२) बाहिरको आगो घर भित्र ल्याउनु हुँदैन ।**

Downloaded from http://www.dhamma.digital

**३) दिनेलाई मात्र दिनु पर्दछ ।**

**४) नदिनेलाई दिनु हुँदैन ।**

**५) दिनेलाई पनि नदिनेलाई पनि दिनु पर्दछ ।**

**६) सुखपूर्वक बस्नु पर्दछ ।**

**७) सुखपूर्वक खानु पर्दछ ।**

**८) सुखपूर्वक सुत्नु पर्दछ ।**

**९) अग्नि परिचर्या गर्नु पर्दछ ।**

**१०) आन्तरिक देवतालाई नमस्कार गर्नु पर्दछ ।**

त्यस बखत **मृगार श्रेष्ठी** सँगैको कोठामा लेटिरहेको थियो र **विशाखा**लाई गुप्त रूपले दिएको अर्ति सबै उसले सुनिरहेको थियो ।

भोलिपल्ट राजा सहित सबै सेना र पाहुनाहरूको अगाडि पतिकुलमा बस्दा **विशाखा**को कुनै दोष भएमा त्यसको छानविन गर्ने गरी निशाफ गर्न **धनञ्जय श्रेष्ठी**ले आठ जना कुटुम्बहरूको हातमा आफ्नी छोरी जिम्मा लगाई दियो ।

चार महिना लगाएर तयार पारिएको **नौ करोड** मूल्य पर्ने '**महालता-पसाधन**' **आभूषण**ले विभूषित गरी विशाखासँग सँधैं सँगै बस्ने पाँच शय स्त्री परिवारहरूका साथ शयौं गाडा धन र अनाजहरू, शयौं गाडा सुन, चाँदी, तामा, पित्तलको भाँडा-कुँडाहरू, हलो-कोदाली आदि उपकरणहरू र अनेक प्रकारका वस्त्रहरू गरी **चवन्न करोड** मूल्यको दाइजो दिई पठायो । दाइजोमा गाई-वस्तुहरू दिई पठाएको गन्ति गरेर साध्यै थिएन ।

**राजा पसेनदि** र **मृगार श्रेष्ठी**लाई विदा दिई **धनञ्जय श्रेष्ठी** आफ्नो घर फर्क्यो ।

यसरी अवर्णनीय रूपले विवाह हुने स्त्री त्यसबेला कमै थियो ।

बरियातको यात्रामा **मृगार श्रेष्ठी**को रथ सबै भन्दा पछि थियो । उसले

Downloaded from http://www.dhamma.digital

महान जनसमूहलाई देखेर 'यत्तिका मानिसलाई कसले ख्वाई राख्न सक्छ' भन्दै फर्काउन लाग्यो । विशाखाले यो दृश्य देखी भनिन्– "जसको आस्रय लिई आएका छन्, उनले ख्वाउने प्रबन्ध गर्ने छिन्" भनी फर्काउन दिइनन् ।

**श्रावस्ती नगर** आइपुग्न लाग्दा **विशाखा** खुला रथमा बसी '**महालता–पसाधन**' **आभूषण**को चमत्कार दर्शाउँदै शहर भित्र पसिन् ।

**विशाखालाई मृगार श्रेष्ठी**को घरमा भित्र्याई सकेपछि नगरवासीहरूले तिनलाई मित्रता स्वरूप उपहार पठाए । **विशाखा**ले त्यसमा अरू थपेर **श्रावस्ती निवासीहरू**लाई बाँडेर दिई आएकै दिन देखि त्यहाँका नागरिकहरूसँग **बन्धुत्व** कायम गरिन् ।

दुलही भित्र्याइएको दिनदेखि **मृगार श्रेष्ठी**को कुलगृहमा एक साता सम्म **मंगल–उत्सव** मनायो । सातौं दिनमा **अचेलक** अर्थात् **नाङ्गा साधुहरूलाई** निम्त्याई खीर भोजन गरायो । अनि आफ्नो कुलगुरुहरूलाई नमस्कार गर्न विशाखालाई बोलाउन पठायो । **विशाखाले नाङ्गासाधुहरूलाई** देखेर लाज मानी नमस्कार नगरिकन फर्केर गइन् । तिनले त्यसरी अनादर गरेको देखी **नाङ्गा साधुहरूले मृगार श्रेष्ठी**लाई निन्दा गर्न सम्म गरे र विशाखालाई तुरन्तै घरबाट निकाल्न आदेश दिए ।

"**विशाखा महाकुल**की छोरी हुन्, यिनलाई त्यसै निकाल्न सकिन्न" भनी विचार गरी **नाङ्गा साधुहरूसँग मृगार श्रेष्ठी**ले क्षमा माग्यो ।

एक दिन **मृगार श्रेष्ठी**ले एक सुसज्जित आसनमा बसी सुनको थालमा खीर भोजन गरिरहेको थियो । त्यसै बेला एक जना स्थविर भिक्षु भिक्षा-चरण गर्दै त्यहाँ आइपुग्यो । **विशाखा** भोजन गरिरहको ससुरालाई पंखा हम्काई रहेकी थिइन् । श्रेष्ठीले भिक्षुलाई देखे पनि नदेखेको जस्तो गरी भोजन गरिरहचो ।

अनि **विशाखा**ले भनिन्– "भन्ते ! उता पाल्नु होस् । मेरो ससुराले वासी

Downloaded from http://www.dhamma.digital

भोजन गरिरहनु भएको छ।"

**विशाखा**को यस्तो कुरा सुन्ने बित्तिकै **मृगार श्रेष्ठी** रिसले आगो भयो र भन्यो– "मलाई **बासी भोजन** खाने भन्ने, निकाली देऊ यसलाई यो घरबाट।"

घरका दास-दासीहरू सबै **विशाखा**को पक्षमा थिए। यो अनौठो वातावरण देखी तिनीहरू सबै जिल्ल परिरहे।

**विशाखा**ले भनिन्– "भो ससुरा ! हामी यत्तिकैमा जानेवाला छैनौं। यस्तै होला भनेर मेरो पिताले मेरो दोष भएमा छानविन गर्न आठ जना कुटुम्बहरूको हातमा मलाई जिम्मा लगाई पठाउनु भएको छ। पहिले उहाँहरूलाई वोलाई मेरो दोषादोष छुटयाउन लगाउनु होस्। अनिमात्र मैले तपाईको आज्ञा पालन गरी घर छोडेर जानेछु।

Downloaded from http://www.dhamma.digital

# ४.८. (ख) मृगार-माता

**विशाखा**को कुरा सुनी **मृगार श्रेष्ठी**ले आठ जना **कुटुम्बिहरू**लाई बोलाउन पठाई भन्यो– “आर्यहरू ! यस्तो मंगल उत्सवको उपलक्ष्यमा सुनको थालमा मैले खीर खाइरहेको थिएँ। तर ‘यी बुहारीले मलाई बासी भोजन गरिरहेछ’ भनिन्। त्यसकारण यिनलाई घरबाट निकाल्न चाहन्छु।”

तिनीहरूले **विशाखा**लाई सोधे– “अम्मे ! तिमीले यस्तो भनेको साँचो हो ?”

**विशाखा**ले भनिन्– “हो, तर मैले यसो भनेको अर्थ अर्कै थियो। एक जना स्थविर भिक्षु भिक्षा माग्न आउँदा भोजन गरिरहनु भएको मेरो ससुराले उहाँलाई देखेर पनि नदेखेको जस्तो गर्नु भयो र ‘केही दिई पठाउनु’ भनी मलाई अह्राउनु पनि भएन। त्यसैले मेरो ससुराले पुरानो पुण्यकर्मको फल मात्रै भोग गरिरहनु भएको, नयाँ पुण्यकार्य गर्नु नभएकोले ‘**बासी भोजन गरिरहनु भएको**’ भनेकी हुँ। ससुराले मेरो आशय बुझ्न सक्नु भएन। यसमा मेरो के दोष छ ?”

**कुटुम्बिकहरू**ले यस कुरालाई स्वीकार गरेर **मृगार श्रेष्ठी**लाई सम्झाए पछि उसले भन्यो– “ठीक छ। तर यिनी आएकै दिनमा राती दासदासीहरूसँग घर बाहिर गएको कारण पनि सोधेपछि ‘एउटी असल जातकी आजन्य घोडीले बच्चा पाएकीले स्याहार्न गएकी कुरा विशाखाले अवगत गराइन्। यसमा पनि तिनलाई दोषी ठहऱ्याउन नसकेपछि बाबु चाहिंले एक गोप्य कोठामा लगी दश अर्तिहरू दिएको कारण सोध्यो।

## दश अर्तिको अर्थ

**विशाखा**ले **दश-अर्तिहरू**को अर्थ स्पष्ट हुने गरी यसरी भनिन्–

(१) मेरो पिताले ‘**घर भित्रको आगो बाहिर पठाउनु हुँदैन**’– भन्नुको

Downloaded from http://www.dhamma.digital

अर्थ– 'सासु-ससुरा वा पतिको कुनै दोष अथवा घरको भैं-भगडाको कुरा बाहिर कसैलाई नभन्नु । यो जस्तो ठूलो **आगो** अरू छैन' भन्नु भएको हो ।

(२) **'बाहिरको आगो घर भित्र ल्याउनु हुँदैन'**– यसको अर्थ हो– बाहिरका साथीभाइ वा अरू कसैले सासू-ससुरा वा पतिको कुनै दोषको कुरा गरेमा ती कुरा घरमा आएर उनीहरूलाई भन्नु हुँदैन । यो पनि **ठूलो आगो** जस्तै कलहको बीज बन्न सक्छ ।

(३) **'दिनेलाई मात्र दिनु पर्छ'**– 'आफ्नो घरमा भएको कुनै चीज-वस्तु काम चलाउनको लागि सापति लिन आउँदा जसले समय मै फिर्ता ल्याई दिन्छ, त्यस्तोलाई मात्रै दिनु पर्दछ' भन्ने यसको आशय हो ।

(४) **'नदिनेलाई दिनु हुँदैन'**– 'घरको चीज-वस्तु सापति लगेर जसले फिर्ता ल्याई दिंदैन, त्यस्तालाई नदिनु' भन्ने यसको अर्थ हो ।

(५) **'दिनेलाई पनि नदिनेलाई पनि दिनु पर्दछ'**– भन्नुको अर्थ हो, कुनै गरीव, याचक, संन्यासी वा ज्ञाति-बन्धुहरूले घरमा आई कुनै चीज माग्न आउँदा त्यस्तोलाई सक्दो सहायता गर्नु, त्याग चेतनाले दिनु पर्दछ ।

(६) **'सुखपूर्वक बस्नु पर्दछ'**– अर्थात् 'सासू-ससुरा वा पतिलाई देख्ने बित्तिकै आसनबाट उठी सम्मान गर्नु पर्दछ । उठ्नु पर्ने ठाउँमा बसिरहनु हुँदैन' भन्ने यसको आशय हो ।

(७) **'सुखपूर्वक खानु पर्दछ'**– 'सासू-ससुरा तथा पति र आफू भन्दा ठूला-वडाले खाइसकेपछि मात्र आफूले खानु पर्दछ' भन्ने यसको अर्थ हो ।

(८) **'सुखपूर्वक सुत्नु पर्दछ'**– यसको आशय हो, सासू-ससुरा तथा पति सुत्नु भन्दा पहिले आफू सुत्नु हुँदैन । उनीहरूलाई गर्नु पर्ने सेवा गरिसकेपछि मात्र सुत्नु पर्दछ ।

(९) **'अग्निको परिचर्या गर्नु पर्दछ'**– 'सासू-ससुरा वा पतिलाई आगो समान ठान्नु पर्दछ । तिनीहरू देखी डर-भर लिई होश पुऱ्याएर काम गर्नु

Downloaded from http://www.dhamma.digital

पर्दछ' भन्ने यसको मतलब हो ।

(१०) '**आन्तरिक देवतालाई नमस्कार गर्नु पर्दछ**'– 'सासू-ससुरा वा पतिलाई आदर-सत्कार गर्नु पर्दछ' भन्ने यसको अर्थ हो ।

**विशाखा**ले दश अर्तिहरूको यसरी व्याख्या गरेको सुनेर **मृगार श्रेष्ठी** केही भन्न नसकी शिर निहुरी बसिरह्यो ।

अनि ती आठ जना **कुटुम्बिकहरू**ले 'हाम्री छोरीको अरू पनि कुनै दोष छ कि ? भनी सोधे ।

"**आर्यहरू** ! यिनको अरू 'कुनै दोष छैन' भनी **श्रेष्ठी**ले जवाफ दिएपछि **विशाखा**ले भनिन्– "म निर्दोष भएँ । अब म घरबाट निस्किन्छु" भन्दै आफ्ना दास-दासीहरूलाई **यान-वाहन** तयार पार्न आज्ञा दिइन् ।

**मृगार श्रेष्ठी**ले ती कुटुम्बहरूको अगाडि **विशाखा**लाई भन्यो– "बुहारी ! मैले जानी नजानी भनेकोमा क्षमा गर ।" तिनले क्षमा गरी दिइन् । र साथै भगवान बुद्ध सहित भिक्षुसंघलाई निमन्त्रणा गर्ने र तथागतलाई सेवा-टहल गर्ने अनुमति पनि लिइन् ।

भोलिपल्ट **विशाखा**ले भगवान बुद्ध र भिक्षुसंघलाई भोजनको निमित्त निमन्त्रणा गरिन् । यो कुरो थाहा पाई **नग्न साधुहरू** आई **मृगार श्रेष्ठी**को घरमा घेरा लगाई बसे ।

**तथागत**लाई भोजन अर्पण गर्न ससुरालाई बोलाउन पठाइन् । तर **मृगार श्रेष्ठी**लाई ती **नग्न साधुहरू**ले जान दिएन । भोजन गराई सकेपछि **भगवान बुद्ध**को **धर्मोपदेश** सुन्न आउनको लागि फेरि खबर पठाइन् । 'अब त नगई हुँदैन' भन्ने विचार गरी **नग्न साधुहरू**को आज्ञा अनुसार पर्दा भित्र बसी तथागतको उपदेश सुनिरह्यो ।

**भगवान बुद्ध**को उपदेश **पूर्ण चन्द्र** समान हुन्छ । जस्तै सबै मानिस '**मेरै शीर माथि चन्द्र छ**' भनी ठान्दछ त्यस्तै बुद्धको उपदेश सुन्नेहरूले

Downloaded from http://www.dhamma.digital

'मेरै लागि उपदेश गरिरहनु भएको हो' भनी ठान्छन् । **मृगार श्रेष्ठी**ले पर्दा भित्र बसी **भगवान बुद्ध**को उपदेश सुन्दा सुन्दै **स्रोतापत्ति मार्ग-फल** साक्षात्कार गर्न सफल भयो । तुरन्तै पर्दा हटाई **भगवान बुद्ध**को चरण कमलमा शीरले ढोगी "**म मृगार हुँ, भन्ते** !" भन्दै आफ्नो परिचय दियो ।

त्यसपछि **मृगार श्रेष्ठी विशाखा**देखी अत्यन्त प्रसन्न भई उद्‌गार व्यक्त गर्दै "**आजदेखि तिमी मेरी बुहारी होइन आमा भयौ**" भन्दै विशाखालाई '**मातृस्थान**' मा राख्यो । त्यस दिनदेखि विशाखाको नाम "**मृगार-माता**" रहन गयो ।

Downloaded from http://www.dhamma.digital

# ४.८. (ग) महालता-पसाधन परित्याग

**विशाखाले** भोलिपल्टको लागि पनि तथागतलाई निमन्त्रणा गरिन् । त्यसबेलादेखि **स्रोतापत्ति फल** प्राप्त गरिसकेका **मृगार महाजनले शासनको** लागि आफ्नो घरको द्वार खुलै राखियो ।

एक दिन **मृगार महाजनले** मन मनै यसरी विचार गर्‍यो– "मेरो बुहारी '**विशाखाले**' मलाई ठूलो उपकार गरिन् । उनी प्रसन्न हुने कुनै एउटा काम गरी दिनु मेरो कर्तव्य हो । तिनको '**महालता-पसाधन**' **आभूषण** साह्रै गह्रौं छ । त्यसलाई सँधैं लगाई राख्न सकिंदैन । तिनले सधैं लगाउन सक्ने हलुंगो गहणा बनाई दिनु पर्‍यो ।"

यसरी निश्चय गरी **मृगार महाजनले विशाखाको** लागि '**धनमट्ठक**' भन्ने एक लाख मोल पर्ने गहणा बनाउन लगायो ।

**धनमट्ठक आभूषण** तयार गरेर ल्याइसकेपछि **मृगार महाजनले** भिक्षुसंघ सहित तथागतलाई निमन्त्रणा गर्‍यो । तथागतलाई आदर सत्कारपूर्वक भोजन गराई सकेपछि **विशाखालाई सुगन्ध जलले** स्नान गर्न लगाई तथागत समक्ष राखी **धनमट्ठक आभूषणले** सिंगारी तथागतलाई वन्दना गर्न लगायो । भगवान बुद्ध **भुक्तानुमोदना** पश्चात् तिनीहरूलाई आशिर्वाद दिनु भई विहारमा फर्कनु भयो ।

त्यसबेलादेखि **विशाखाले** दानादि पुण्यकर्म गर्दै तथागतसँग **आठ वर** प्राप्त गर्नमा सफल भइन् र लोकमा प्रसिद्ध भइन् । पछि तिनी दश छोरा र दश छोरीकी आमा बनिन् । तिनको प्रत्येक सन्तानले तिनले जस्तै दश-दश छोरा-छोरी जन्मायो । यसरी **विशाखाको** परिवारको संख्या बढ्दै गयो । तिनी एक शय बीस (१२०) वर्ष बाँचिन् । तैपनि तिनको कपाल फुलेको देखिंदैनथ्यो । तिनी आफ्नी छोरा-छोरी, नाति-नातिनीहरूसँग विहारमा जाँदा **विशाखालाई** चिन्न गाह्रो हुन्थ्यो । उठिरहँदा, हिडिंरहँदा, बसिरहँदा, लेटिरहँदा तिनकी यी

Downloaded from http://www.dhamma.digital

चारै **इरियापथ** मानिसहरूलाई हेरिरहुँ जस्तो लाग्थ्यो ।

‘**विशाखा**मा पाँच हात्तीको बल छ’ भन्ने कुरा सुनेर एक दिन **कोसल राजा**ले तिनी धर्म श्रवण गरी विहारबाट फर्किरहँदा तिनी आइरहेको बाटोमा तिनको बलको परिक्षा गर्न एउटा हात्ती छोड्न लगायो । हात्ती दौडेर आइरहेको देखेर तिनको साथमा आइरहेको पाँच शय महिला परिवारहरू यताउति भाग्न थाले । **विशाखा**ले त्यस हात्तीको सूडमा दुइ औंलाले मात्र घचार्दा पनि राजदरवारतिर पछारिन गयो । यस्तो आश्चर्यजनक घटना देखि त्यहाँ भेला भइरहेका जनताहरूले ‘**साधुकार**’ दिए ।

**विशाखा**को सन्तानमा नाति-पनातिहरू वृद्धि हुँदै हजारौंको संख्यामा पुग्दा पनि कसैको अकाल मृत्यु नभएको कारणले **श्रावस्ती**का जनताहरूले **मंगल-उत्सव** हुँदा सबभन्दा पहिले **विशाखा**लाई निमन्त्रणा गरी भोजन गराउँथे ।

एकदिन यस्तै मंगल-उत्सवमा भोजनको लागि विशाखालाई निमन्त्रणा दिएको थियो । **विशाखा**ले **मंगल-उत्सव** भोजनमा जान ‘**महालता-पसाधन**’ **आभूषण** लगाएर गइन् । त्यो दिन भगवान बुद्ध कहाँ धर्म-श्रवण गर्न जाने दिन थियो । ‘**महालता–पसाधन**’ **आभूषण** लगाएर तथागत कहाँ जान **विशाखा**ले उचित ठानिनन् । तिनले आभूषण फुकालेर एउटा कपडामा पोको पारेर आफ्नी दासी **सुप्रिया**लाई बोक्न लगाई भनिन्– “**सुप्रिया** ! अहिले यो आभूषणको पोको तिमीसँग राख्नु । तथागतको धर्म-श्रवण गरी फर्कंदा विहार बाहिर पुगिसकेपछि मात्र लगाएर घर जानेछु ।”

त्यसपछि **विशाखा**ले ‘**धनमट्ठक**’ **आभूषण** लगाई तथागत कहाँ गइन् । धर्म-देशना सुनिन् । विहारबाट फर्केर आई बाटोमा दासीसँग आभूषणको पोको मागिन् । दासीले आभूषणको पोको लिन बिर्सेर विहारमा नै छोडेर आएकी रहेछिन् । विहारमा कसैले केही चीज-वस्तु छोडेर गएको खण्डमा त्यो चीज **आनन्द स्थविर**ले एक ठाउँमा सुरक्षित गरी राखी दिने चलन थियो ।

Downloaded from http://www.dhamma.digital

## (ग) महालता पसाधन परित्याग (८३)

त्यस दिन पनि **विशाखा**ले गहणा लिएर जान बिर्सेको कुरा थाहा पाई तथागतलाई बिन्ति गऱ्यो। 'तथागतले एक ठाउँमा राखी दिनु' भन्नु भएपछि आनन्द स्थविरले त्यस पोको लगी भऱ्याङ्ग मुनितिर राखी दियो।

**विशाखा**ले भनिन्– "**सुप्रिया** ! जाऊ। विहारमा गई गहणाको पोको लिएर आउनु। यदि तिमीले राखेको ठाउँमा त्यस पोको रहेनछ; **आनन्द भन्ते**ले अन्तै राखिसकको रहेछ भने नल्याउनु। त्यतिकै फर्कनु।"

दासी **सुप्रिया** फर्केर आएको देखी आनन्द स्थविरले भन्नु भयो– "तिम्रो मालिकनीको गहणाको पोको भऱ्याङ्ग मुन्तिर राखी दिएको छु; लिएर जानु।"

तिनी खालि हात **विशाखा** कहाँ फर्केर गई। त्यहाँ भएको कुरो निवेदन गरिन्।

**विशाखा**ले भनिन्– "**सुप्रिया** ! **आर्यहरू**ले छुनु भइसकेको गहणा लगाउनु उचित छैन। त्यो गहणा म **आर्यहरू**को लागि परित्याग गर्छु। तर **आर्यहरू**लाई ती आभूषण सुरक्षा गरी राख्नु सजिलो हुँदैन। बरु त्यो आभूषण बिक्री गरी त्यसबाट आएको मूल्यबाट **आर्यहरू**लाई चाहिने **प्रत्यय** पुऱ्याई दिनु राम्रो हुनेछ। जाऊ, तिमी गएर त्यो आभूषणको पोको लिएर आउनु।"

**सुप्रिया** फेरि विहारमा फर्केर गई '**महालता-पसाधन**' **आभूषण**को पोको लिएर आउनु। सुप्रिया फेरि विहारमा फर्केर गई '**महालता-पसाधन**' आभूषणको पोको लिएर आइन्।

Downloaded from http://www.dhamma.digital

# ४.८. (घ) पूर्वाराम विहार निर्माण

**विशाखा** त्यस दिन ‘**महालता-पसाधन**’ **आभूषण** नलगाइकन घर गइन् । तिनले सुनको गहणा बनाउनेहरूलाई बोलाउन पठाइन् । ‘त्यस आभूषणको मूल्य कति पर्छ’ भनी सोधिन् ।

तिनीहरूले भने– “आभूषणको मूल्य नौ करोड र बनाएको ज्याला एक लाख पर्छ ।”

**विशाखा**ले भनिन्– “त्यसोभए यो आभूषण बिक्री गरिदिनु ।”

तिनीहरूले भने– “यतिका धन तिरेर यो आभूषण किनेर लिन सक्ने मानिस यहाँ हुँदैन । फेरि यो आभूषण लगाउन सक्ने महिला पनि दुर्लभ नै हुनेछ ।”

किनभने बुद्धकालीन समयमा ‘**महालता-पसाधन**’ **आभूषण** लगाउने महिलाहरू जम्मा तीन जना मात्रै थिए– (१) **विशाखा स्वयं**; (२) **बन्धुल मल्ल सेनापतिको भार्या बन्धुल मल्लिकादेवी** र (३) **वाराणशी श्रेष्ठीकी छोरी** ।

त्यसकारण आफ्नो आभूषण **विशाखा** आफैले नौ करोड एक लाख धन तिरेर किनेर लिइन् र ती धन गाडामा राखेर **जेतवनाराम**मा गइन् । तथागतलाई सादर वन्दना गरी यसरी बिन्ति गरिन्– “भन्ते, भगवन् ! मेरो आभूषणको पोको **सुप्रिया**ले लिएर जान बिर्सेर गयो । तिनलाई फर्काई लिन पठाउँदा **आनन्द स्थविर**ले अन्तै सम्हालेर राखी सक्नु भएको रहेछ । त्यसैले त्यस आभूषण मैले लगाउन योग्य सम्झिन । त्यसलाई बिक्री गर्न खोज्दा किनेर लिने मानिस नभएर म आफैले त्यसको मूल्य तिरी यहाँ ल्याएको छु । तथागत सहित भिक्षु महासंघलाई आवश्यक पर्ने **चार प्रत्यय** मध्ये कुन चाहिं **प्रत्यय**मा यो धन खर्च गरुँ ?”

तथागतले भन्नु भयो– “**विशाखा** ! **जेतवनाराम**को पूर्वपट्टि संघको

Downloaded from http://www.dhamma.digital

लागि एउटा आवास बनाई दिए राम्रो होला ।"

तथागतको वचनलाई **विशाखा**ले सहर्ष स्वीकार गरिन् । नौ करोड मूल्य पर्ने जमिन किन्न लगाइन् । नौ करोड खर्च गरी विहार बनाउने काम शुरु गराउन थालिन् ।

विहार निर्माणको काम शुरु भइरहेको बेलामा एक विहान सवेरै **भगवान बुद्धले करुणा समापत्ति ध्यान**मा देवलोकबाट च्यूत भई **भद्दिय नगर**को महाजन कुलमा जन्मेको **भद्दिय** भन्ने महाजन पुत्र अरहन्त हुन सक्ने **उपनिस्सय सम्पत्ति** देख्नु भयो । त्यस दिन तथागत **अनाथपिण्डिक महाजन**को घरमा जलपान गर्नु भई उत्तर ढोकातिर लाग्नु भयो । **भगवान बुद्ध** उत्तर द्वारबाट निस्कनु भयो भने 'तथागत चारिकाको लागि निस्कनु हुन्छ' भन्ने कुरा त्यहाँ सबैलाई थाहा थियो । **विशाखा**ले यो खबर सुनी तुरन्तै तथागत समक्ष पुगी सादर वन्दना गरी बिन्ति गरिन्– "भन्ते, भगवन् ! यतिका धन खर्च गरी मैले तथागतको लागि विहार बनाउने काम शुरु गर्न लगाएँ ।

"भगवन् शास्ता ! मलाई अनुकम्पा राख्नु भई तथागत बाहिर जानु नभए बेस हुने थियो ।"

भगवान बुद्धले भन्नु भयो– "**विशाखे** ! तथागतको यो गमन नरोकिने गमन हो ।"

तथागतको कुरा सुनी अवश्यमेव तथागतले कोही **हेतु सम्पन्न पुरुष**लाई देख्नु भयो होला भनी विचार गरी **विशाखा**ले फेरि प्रार्थना गरिन्– "भन्ते, भगवन् ! त्यसो भए विहार निर्माणको कार्यमा हेर विचार गर्न सक्ने कुनै एक भिक्षुलाई छोडेर जानु भए वेस हुने थियो ।"

विशाखाको इच्छानुसार **महामौद्गल्यायन महास्थविर**लाई आफ्ना पाँच शय भिक्षु परिवार सहित **जेतवनाराम**मा फर्केर जान तथागतले अनुमति दिनु भयो ।

Downloaded from http://www.dhamma.digital

त्यसपछि विहार निर्माण गर्ने कार्यमा **महामौद्गल्यायन महास्थविर**को **ऋद्धिप्रभाव**द्वारा ठूलो सघाऊ पुग्यो। **पचासौं योजन** टाढाबाट काठहरू ल्याउने ढुंगाहरू ओसार्ने कामहंरू सरलताका साथ सम्पन्न भयो। कामदारहरूलाई जति काम गरे पनि कुनै किसिमको थकावटको महसुस भएन। यस प्रकार विहार निर्माण कार्य चाडै नै सम्पन्न भई विशाल प्रासाद तयार भयो। त्यस प्रासादको भूई तल्लामा पाँच शय कोठाहरू र माथिल्लो तल्लामा पाँच शय कोठाहरू गरी जम्मा एक हजार कोठाहरू थिए। त्यस्तै गरी यस विहार भित्र दुइ दुइ गजुर भएका ५०० घरहरू, सान-साना ५०० घरहरू र लामा लामा **शाला** (Hall) हरू ५०० थिए। यस विहारको **भूमि प्रमाण जेतवनाराम**को **आठ भाग**को **एक भाग** अर्थात **चवालिस पाथी धान**को बिउ रोप्न सक्ने भूमि भाग थियो। यस विहारको निर्माण कार्यमा जम्मा **नौ करौड** धन लागेको थियो। **नौ महिना** भित्र निर्माण कार्य पूरा भयो।

चारिकामा जानु भएका **भगवान बुद्ध** नौ महिना पछि **जेतवनाराम**मा फर्कनु भयो। तथागत फर्कनु भएको खबर पाउने वित्तिकै **विशाखा** तथागत समक्ष पुगी 'नव निर्मित पूर्वाराम प्रासादमा भिक्षुसंघसहित **चतुर्मास** भरी बस्नु हुन सादर निवेदन गरिन्।

भगवान बुद्धले तिनको निवेदनलाई स्वीकार गर्नु भयो।

Downloaded from http://www.dhamma.digital

# ४.८. (ङ) पूर्वाराम विहार महोत्सव

**भगवान बुद्ध**को स्वीकृति पाईसकेपछि **विशाखा उपासिका**ले पूर्वाराम विहारलाई सजाउन सरसामानहरू तयार गर्न लगाइन् । भव्यताका साथ विहार सजाइयो । विहार महोत्सव हुने बेलामा **विशाखा**की एउटा साथीले एक हजार मोल पर्ने एउटा गलैंचा लिएर आई तिनलाई भनिन्– "**विशाखा** ! तिम्रो पुण्य कार्यमा म पनि सहभागी हुन चाहन्छु । यो गलैंचा कहाँ उपयुक्त हुन्छ ओछ्याउन लगाई देऊ ।"

**विशाखा**ले भनिन्– "साथी ! प्रासादमा घुमेर हेरी जहाँ सुहाउँछ त्यहाँ तिमी आफैले ओछ्याई दिनु ।"

तिनले विहार भरी घुमेर हेर्दा पनि ओछ्याउने सुहाउँदो ठाउँ नदेखी एक कुनामा बसी रोइरहिन् । **आनन्द स्थविर**ले त्यसको कारण बुझेर तिनलाई आश्वासन दिंदै भिक्षुहरूले खुट्टा धोएर पुछ्ने ठाउँमा ओछ्याउन लगाउनु भयो ।

**पूर्वाराम विहार**को सजावटको भव्यता कस्तो होला भन्ने कुरा उपर्युक्त घटनाबाट पुष्टि हुन्छ ।

भिक्षु महासंघ सहित **भगवान बुद्ध**लाई चतुर्मास भरी विहारमै राखी **विशाखा उपासिका**ले **भोजन दान** दिइन् । अन्तिम दिनमा भिक्षुसंघ सहित तथागतलाई अनेक **परिष्कार** सहित **चीवर-वस्त्रहरू** प्रदान गरिन् । सबै भिक्षुहरूको पात्र भरी **औषधी**हरू प्रदान गरिन् । संघको सबै भन्दा नौलो भिक्षुलाई प्राप्त भएको चीवर आदि वस्त्रहरूको मूल्य नै एक हजार पुगेको थियो ।

यसरी **विशाखा उपासिका**ले चार महिनासम्म दानादि पुण्य कार्य गर्न र विहार महोत्सव मनाउन जम्मा **नौ करोड** खर्च गरिन् ।

Downloaded from http://www.dhamma.digital

**विशालता**मा जति अनाथपिण्डिक महाजनको जेतवन विहार थियो । उत्तिनै **सुन्दरतामा विशाखा मृगार माता**को **पूर्वाराम विहार** थियो । **जेतवन विहार**को लागि **अनाथपिण्डिक महाजनले चवन्न** (५४) **करोड** धन खर्च गऱ्यो भने **पूर्वाराम विहार**को निम्ति **विशाखा महाउपासिकाले सत्ताइस करोड** (२७, ००,००,०००) धन खर्च गरिन् । यस्तो महान् परित्याग गर्ने स्त्रीहरू मध्ये बौद्ध इतिहासमा **विशाखा महाउपासिका** नै अग्रगण्य छिन् र तिनले अग्रस्थान प्राप्त गरेकी थिइन् ।

विहार महोत्सवको अन्तिम दिनमा **विशाखा महाउपासिका प्रीति-प्रमोद**ले आप्लावित भईन् । त्यही दिनको सन्ध्या समयमा आफ्ना छोरा-छोरी, नाति-नातिनीहरूका बीचमा बसी प्रासादमा घुम्दै मधुर स्वरले पाँच वटा गाथाद्वारा उद्‌गार स्वरूप प्रकट गरिन् जसको सारांश हो–

**१) "सेतो चूनले पोतेको सुरम्य विहार प्रासाद कहिले दान दिन सकुँला भन्ने मेरो मनोकामना थियो, त्यो आज पूरा भयो ।**

**२) पलङ्ग, कुर्सी, तकिया, डसना र शयनासन आदि वस्तुहरूकहिले दान दिन सकुँला भन्ने मेरो मनोकामना थियो, त्यो आज पूरा भयो ।**

**३) शुद्ध सूप ब्यञ्जन सहित सलाक भोजन कहिले दान दिन सकुँला भन्ने मेरो मनोकामना थियो, त्यो आज पूरा भयो ।**

**४) काशीको वस्त्र, रेशम तथा सूतिका वस्त्रहरू कहिले दान दिन सकुँला भन्ने मेरो मनोकामना थियो, त्यो आज पूरा भयो ।**

**५) घ्यू, नौनी, मधु, तेल तथा गुँडयुक्त भैषर्य आदि कहिले दान दिन सकुँला भन्ने मेरो मनोकामना थियो; त्यो आज पूरा भयो ।"**

**विशाखा महाउपासिकाले प्रीति**ले भरिएको **उदान** गाइरहेको देखेर भिक्षुहरूले **भगवान बुद्ध** समक्ष बिन्ति गरे– "भन्ते, भगवन् ! **विशाखा महाउपासिका**ले यसरी गीत गाएको हामीले कहिल्यैं सुनेको थिएनौं । तिनलाई के भयो ? तिनको चित्त मात्रै विकृत भयो कि ?"

Downloaded from http://www.dhamma.digital

तथागतले भन्नु भयो– "भिक्षुहरू ! विशाखाको शारीरिक र मानसिक स्थिति ठीक छ । तिनले **पदुमुत्तर तथागत**को समयदेखि प्रार्थना गरी आएको मनोकामना सिद्ध भएकोले तिनी साह्रै प्रसन्न भई तिनको भित्री हृदयदेखि निस्किरहेको मनोभाव व्यक्त गरिरहेकी हुन् ।

**पदुमुत्तर तथागत**को समयदेखि कुनै **एक बुद्ध**को पालमा **चतुप्रत्यय** दान गर्नमा **अग्रस्थान** प्राप्त गर्ने हेतुले जन्म जन्मान्तरमा दान-पुण्य गर्दै आई आज तिनको त्यस प्रार्थना सफल भयो ।"

यसै प्रसङ्गमा **तथागत**ले यो गाथा प्रकाशमा ल्याउनु भयो—

**"यथापि पुप्फरासिम्हा – कयिरा माला गुणे बहू ।**
**एवं जातेन मच्चेन – कत्तब्बं कुसलं बहु ॥"**

अर्थ— फूलको माला गाँस्नमा सिपालु मालिले फूलको राशबाट राम्रा–राम्रा फूलहरू छान्दै माला गाँसै झैं संसारमा जन्मने मानिसहरूले धेरै पुण्य कर्म गर्नु पर्दछ ।

तथागतको यस धर्म-देशनाको अन्तमा धेरै मानिसहरूले **श्रोतापति मार्ग-फल** आदि प्राप्त गर्नमा सफल भए । अरू थुप्रै जनताहरूको लागि धर्म-उपदेश सार्थक सिद्ध भयो ।

Downloaded from http://www.dhamma.digital

# ४.९. शीलको सुगन्ध उत्तम हुन्छ

## (आनन्द स्थविरको प्रश्नको कथा)

**४. (५४) "न पुप्फगन्धो पटिवातमेति,**
**न चन्दनं तगरमल्लिका वा ।**
**सतं च गन्धो पटिवातमेति,**
**सब्बा दिसा सप्पुरिसो पवायति ॥"**

**४. (५५) "चन्दनं तगरं वापि - उप्पलं अथ वस्सिकी ।**
**एतेसं गन्धजातानं - सीलगन्धो अनुत्तरो ॥"**

एक समय **भगवान बुद्ध श्रावस्ती**को **जेतवनाराम**मा विहार गरिरहनु भएको थियो। त्यसबेला तथागतले आनन्द स्थविरको प्रश्नको उत्तरमा यी दुइ गाथा प्रकाशमा ल्याउनु भएको हो ।

एक दिन साँझ पख **आयुष्मान आनन्द** एकान्तमा ध्यान गरिरहनु भएको थियो । ध्यान गर्दा-गर्दै उहाँको मनमा यस्तो प्रश्न उठयो–"**भगवान बुद्ध**ले भन्नु भएको छ– '**सार-गन्ध**, **मूल-गन्ध** र **पुष्प-गन्ध** । यी तीन प्रकारका उत्तम गन्धहरू छन् । यी गन्धहरू जतातिर हावा वहन्छ उतातिर मात्र जान सक्छन्, हावा नबहेको ठाउँमा जान सक्तैनन् ।' यस संसारमा के यस्तो सुगन्ध होला, जुन हावा नबहेको ठाउँमा पनि जान सक्छन् ?"

त्यसपछि **आयुष्मान आनन्द** आफ्नो ध्यानबाट उठेर जहाँ **भगवान बुद्ध** हुनु हुन्छ, त्यहाँ जानु भई सादर वन्दना गरी एक छेउमा बस्नु भई यसरी बिन्ति गर्नु भयो– "भन्ते, भगवन् ! यस संसारमा तीन प्रकारका सुगन्धहरू छन्; ती हुन्– **सार-गन्ध** अर्थात् काठ भित्रको सुगन्ध; **मूल-गन्ध** अर्थात् रूख-विरुवाको जराको सुगन्ध (जडीबुटी); **पुष्प-गन्ध** अर्थात् फूलको सुगन्ध । यी तीन प्रकारका सुगन्धहरू हावा, बहेको ठाउँमा मात्र जान सक्तछन् । हावा

Downloaded from http://www.dhamma.digital

नबहेको ठाउँमा जान सक्तैनन् । भगवन् शास्ता ! यस संसारमा यस्तो कुनै **सुगन्ध** होला जुन हावा बहने ठाउँमा पनि जान सक्तछ, हावा नबहने ठाउँमा पनि जान सक्तछ ?"

भगवान बुद्धले **आयुष्मान् आनन्द**को प्रश्नको उत्तर दिनु भयो– "**आनन्द** ! त्यस्तो सुगन्ध अवश्य छ जुन हावा बहने ठाउँमा पनि जान सक्तछ र त्यसको उल्टो दिशा तिर पनि जान सक्तछ ।"

**आनन्द**ले बिन्ति गर्नु भयो–"शास्ता ! त्यस्तो सुगन्ध के हो ?" कस्तो हुन्छ ?"

तथागतले भन्नु भयो– "**आनन्द** ! जुन गाउँमा अथवा निगममा बस्ने महिला होस् वा पुरूष जो **त्रिरत्न**को **शरण**मा गई **प्राणी हिंसा** गर्ने कामबाट अलग रहन्छ, **चोरी गर्ने** कामबाट अलग रहन्छ, **व्यभिचार**बाट विरत रहन्छ, झुठ कुरा बोल्नुबाट अलग रहन्छ, **लाग्ने पदार्थ सेवन गर्ने** कार्यबाट अलग रहन्छ । ऊ शीलवान सदाचारी हुन्छ, कल्याणकारी धर्म गर्नमा इच्छुक रहन्छ, रिस-रागबाट अलग रही गृहस्थ धर्ममा बस्ने हुन्छ । जो व्यक्ति दान गर्नमा, परित्याग गर्नमा सधैं तत्पर रहन्छ, याचक-माग्नेहरूलाई दान दिने हुन्छ, दान गर्नमा सधैं लागिरहन्छ, त्यस्तो व्यक्तिलाई दिशा विदिशामा रहने **श्रमण-ब्राह्मणहरू**ले गुण वर्णन गर्दछन्, **देवताहरू**ले पनि गुण-वर्णन गर्दछन्, **अमनुष्यहरू**ले पनि गुण-वर्णन गर्दछन् । **आनन्द** ! यस्तो गुण-वर्णन एक प्रकारको सुगन्ध हो । यस्तो **सुगन्ध** हावा बहने दिशामा पनि बहन्छ, उल्टो दिशातिर पनि बहन्छ अर्थात हावा नबहने ठाउँमा पनि बहन्छ ।"

यसै सन्दर्भमा तथागतले यी दुइ गाथा प्रकाशमा ल्याउनु भयो—

**"न पुप्फगन्धो पटिवातमेति,**
**न चन्दनं तगरमल्लिका वा ।**
**सतं च गन्धो पटिवातमेति,**
**सब्बा दिसा सप्पुरिसो पवायति ॥"**

Downloaded from http://www.dhamma.digital

अर्थ— **पुष्प**, **चन्दन**, **तगर**, **चमेली**को सुगन्ध हावा नबहेको ठाउँमा जान सक्तैन । तर सत्पुरूषको सुगन्ध सबै दिशाहरूमा फैलिएर जान्छ । अर्थात् '**चन्दन**' भनेको श्रीखण्डको सुगन्ध, '**तगर**' अर्को एक प्रकारको सुगन्ध '**मल्लिका**' चमेली फूलको सुगन्ध हावा बहेको दिशातिर मात्र जान सक्तछ, उल्टो दिशातिर जान सक्तैन । '**सतंच**' सत्पुरूषहरू अर्थात् **बुद्ध**, **प्रत्येक बुद्ध** र **श्रावक संघ**हरूको **शील** रूपी **सुगन्ध** दशै दिशामा प्रवाहित हुन्छ ।

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भयो—

**"चन्दनं तगरं वापि - उप्पलं अथ वस्सिकी ।**
**एतेसं गन्ध जातानं - सीलगन्धो अनुत्तरो ॥"**

अर्थ— **चन्दन**, **तगर**, **कमल**को **फूल** र **चमेली**को **फूल**को सुगन्ध भन्दा पनि **शील**को **सुगन्ध** अधिक उत्तम छ। अर्थात् **श्री खण्ड**, **पुष्प** आदिको **सुगन्ध** भन्दा **शीलवान्** सत्पुरुषहरूको **शील रूपी** सुगन्ध उत्तम छ, श्रेष्ठ छ, अतुलनीय छ, अद्वितीय छ ।

तथागतको यो धर्म-देशना सुनेर थुप्रै मानिसहरूले **स्रोतापत्ति मार्ग-फल** आदि प्राप्त गरे । यो धर्म-उपदेश धेरै जनतालाई सार्थक भयो ।

Downloaded from http://www.dhamma.digital

# ४.१०. महाकाश्यप स्थविरलाई देवराज इन्द्रको दान

**४. (५६) "अप्पमत्तो अयं गन्धो – यायं तगरचन्दनं ।**
**यो च सीलवतं गन्धो – वाति देवेसु उत्तमो ॥"**

एक समय **भगवान बुद्ध राजगृह नगर**को **वेलुवन**को **कलन्दक निवाप**मा विहार गरिरहनु भएको थियो । त्यसबेला **आयुष्मान् महाकाश्यप राजगृह नगर** कै **पिप्पली** भन्ने **गुफा**मा बस्नु भएको थियो । त्यस **गुफा**मा उहाँ एउटै आसनमा पँलेति कसी एक सप्ताहसम्म नउठीकन **निरोध समापत्ति**मा बस्नु भएको थियो ।

'**निरोध समापत्ति**' यस्तो समाधि हो, जसमा '**अनागामी**' र **अरहन्त**को स्थितिमा पुगिसकेका **आर्यपुद्गल**हरू मात्रै बस्न सक्छन् । यस **समापत्ति**मा सात दिनसम्म एउटै आसनमा बस्ने अधिष्ठान गरिन्छ । **निरोध समापत्ति**बाट उठेर भिक्षाचरणमा आउने त्यस **आर्यपुद्गल**को **खालि पात्र**मा सबैभन्दा पहिले जसले दान दिने सौभाग्य प्राप्त गर्दछ; त्यसले मनले जे चिताउँछ, त्यसको फल तत्काल प्राप्त हुन्छ ।

**महाकाश्यप स्थविर निरोध समापत्ति**बाट उठ्नु भई विचार गर्नु भयो– "आज राजगृह नगरमा भिक्षा जाँदा गरीब परिवारबाट भिक्षा पाए राम्रो हुनेछ ।"

त्यस समय **देवराज इन्द्र**लाई **महाकाश्यप स्थविर**लाई **पिण्डपात्र** भिक्षा दान दिने **श्रद्धा** उत्पन्न भयो । तुरन्तै उनले गरीब र वृद्धको भेष धारण गरी एउटा झुप्रोमा बसी कपडा बुन्ने काम गरिरहचो । उनी सँगै **असुर कन्या सुजा**ले धागो काटिरहेकी थिइन् । **महाकाश्यप स्थविर** वृद्ध रूपी इन्द्रको घरनिर आइपुग्नु हुँदा उहाँको हातबाट भिक्षा पात्र लिई घर भित्र पस्यो । अनि घिऊमा

Downloaded from http://www.dhamma.digital

पकाई राखेको सुगन्धित भोजन सूप-व्यञ्जन आदि पात्रमा राखेर **महाकाश्यप स्थविर**लाई दान दियो । उक्त पिण्डपात्र भोजन र अनेक **सूप-व्यञ्जन**को **सुगन्ध राजगृह नगर**मा फैलियो । **स्थविर**ले विचार गर्नु भयो– "कुनै अशरण गरीव व्यक्तिले यस्तो सुस्वादिष्ट भोजन बनाउन सक्तैन । अवश्य पनि यो **देवराज इन्द्र**को काम हुनु पर्छ ।"

उहाँले इन्द्रलाई सम्बोधन गरी भन्नु भयो– "देवेन्द्र ! आज मलाई दान दिएको पुण्यको फलले कुनै गरीव व्यक्तिले सेनापतिको पद अथवा महाजनको पद पाउने सुअवसर पाउने थियो । तिमीले गरीवले पाउने सम्पत्तिमा हस्तक्षेप गऱ्यौ ।"

इन्द्रले भन्यो– "भन्ते ! म पनि गरीव नै छु ।"

स्थविरले सोध्नु भयो– "देवलोकमा देवताहरूको राजा भई सुख अनुभव गर्न पाएर पनि तिमी के कारणले गरीव भयौ ?"

इन्द्रले भन्यो– "भन्ते ! बुद्ध उत्पन्न हुनु भन्दा पहिले मैले धेरै कल्याण-कारी काम गरेको थिएँ । त्यसैको फलस्वरूप म अहिले **इन्द्र** भएको हुँ । वर्तमान समयमा **बुद्ध उत्पन्न** भइसकेपछि पनि मैले अनेक कल्याणकारी कर्म गरी **चूलरथ देवपुत्र, महारथ देवपुत्र, अनेक वण्ण देवपुत्रहरू** उत्पन्न गर्नमा सहयोग गरें । पहिले तिनीहरूको भन्दा मेरो तेज बढी थियो । अहिले तिनीहरूको अगाडि मेरो तेज मलिन हुँदै गइरहेको छ । भन्ते ! अब म भन्दा गरीव अरू को होला ?"

स्थविरले भन्नु भयो– "त्यसो भएता पनि अबदेखि तिमीले मलाई यसरी छल गरेर दान नदिनु ।"

**इन्द्रले** प्रश्न गऱ्यो– "भन्ते ! तपाईलाई मैले यसरी छल गरेर दान गरेको **पुण्य** हुन्छ कि हुँदैन ?"

महाकाश्यप स्थविरले भन्नु भयो– "अवश्य हुन्छ ।"

Downloaded from http://www.dhamma.digital

'त्यसो भए **कुशल कर्म** गर्नु मेरो कर्तव्य हो', भन्दै स्थविरलाई वन्दना गरी, प्रदक्षिणा गरी आकाश मार्गबाट गइरहेको इन्द्रको मुखबाट निस्केको यो **उदान** अर्थात् **प्रीतिवाक्य** आकाशमा घन्किदै गयो–"अहो ! मेरो सौभाग्य ! काश्यप भन्तेलाई दानमा अति उत्तम दान दिने अवसर मलाई प्राप्त भयो !"

**वेणुवन**को **कलन्दक निवाप**मा विहार गरिरहनु भएका तथागतले **देवेन्द्र**को यस प्रीति वाक्य सुन्नु भई भिक्षुहरूलाई आमन्त्रण गरी भन्नु भयो–"भिक्षुहरू ! शक्र **देवराज इन्द्र प्रीति वाक्य** उच्चारण गर्दै आकाश मार्गबाट गइरहेको शब्द तिमीहरूले सुन्यौ ?"

भिक्षुहरूले बिन्ति गरे– "**भगवन् शास्ता** ! **देवेन्द्र**ले के कारणले यस्तो **उदान** प्रकट गरेको ?"

भगवान बुद्धले भन्नु भयो– "भिक्षुहरू ! **शक्र देवराज इन्द्र**ले छद्म भेष धारण गरी मेरो पुत्र **काश्यप**लाई **पिण्डपात्र भिक्षा** दान दियो। यस्तो दान दिन पाएकोमा प्रसन्नता व्यक्त गर्दै उनी **उदान वाक्य** प्रकट गर्दै आकाश मार्गबाट गइरहेको हो ।"

भिक्षुहरूले बिन्ति गरे– "भन्ते, भगवन् ! **महाकाश्यप स्थविर**लाई **पिण्डपात्र भोजन** दान दिनु पर्छ भनी इन्द्रलाई कसरी थाहा भयो ?"

तथागतले भन्नु भयो– "भिक्षुहरू ! मेरो पुत्र **महाकाश्यप भिक्षा** मात्र गरी जीवन निर्वाह गर्ने भएकोले उनलाई मानिसहरूले मात्र होइन देवताहरूले पनि आदर-सत्कार र सम्मान गर्दछन्" भन्नु हुँदै यो **उदान वाक्य** घोषणा गर्नु भयो—

**"पिण्डपातिकस्स भिक्खुनो, अत्त भरस्स अनञ्ञपोसिनो ।**
**देवा पिहयन्ति तादिनो, उपसन्तस्स सदा सतीमतो' ति ॥"**

अर्थ— **पिण्डपात्र**ले मात्र जीवन निर्वाह गर्ने भिक्षु आफू एक्लैले मात्र खाए पुग्ने, अरू कसैलाई पालन-पोषण गर्नु नपर्ने, **इन्द्रिय उपशान्त** भएको **स्मृतिवान्** त्यस्तो अरहन्त भिक्षु **देवताहरू**को पनि प्रिय हुन्छ।

Downloaded from http://www.dhamma.digital

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भयो—

**"अप्पमत्तो अयं गन्धो - यायं तगर चन्दनं ।**
**यो च सीलवतं गन्धो - वाति देवेसु उत्तमो ॥"**

अर्थ— **तगर, चन्दन**को सुगन्ध भन्दा **शीलवान्हरू**को **शील रूपी सुगन्ध** निकै मात्रामा बढी हुन्छ । यी उत्तम सुगन्ध देवलोकसम्म पनि फैलिन्छ ।

तथागतको यस धर्म-देशनाको अन्तमा धेरै मानिसहरू **स्रोतापत्ति मार्ग-फल**मा प्रतिष्ठित भए । यस धर्म-उपदेश अरू धेरै मानिसहरूलाई सार्थक भयो ।

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# ४.११. गोधिक स्थविरको परिनिर्वाणको कथा

४. (५७) **"तेसं सम्पन्नसीलानं – अप्पमादविहारिनं ।
सम्मदञ्ञा विमुत्तानं – मारो मग्गं न विन्दति ॥"**

एक समय **भगवान बुद्ध राजगृह नगर**को **वेलुवन**मा विहार गरिरहनु भएको थियो । **गोधिक स्थविर परिनिर्वाण** भएको कारणमा तथागतले यो धर्म-देशना गर्नु भएको हो ।

एक समयमा **गोधिक स्थविर राजगृह नगर**को **'इसिगिलि पर्वत'** मुनि **कालशिला** भन्ने ठाउँमा विहार गरिरहनु भएको थियो । उहाँ ध्यान गर्नमा साह्रै मेहनती र परिश्रमी हुनुहुन्थ्यो । उहाँ रात दिन ध्यानमा लागिरहनु हुन्थ्यो ।

एक दिन उहाँ अप्रमादी बनी ध्यान गरी **चित्तविमुक्ति**को स्पर्श हुन लागेको बेलामा एउटा स्वाभाविक आकस्मिक रोगले गर्दा त्यस ध्यानबाट खुस्किनु भयो । दोस्रो, तेस्रो पटक पनि उहाँले ध्यान लाभ गर्न खूब परिश्रम गर्नु भयो । तर ध्यान लाभ हुन लाग्दा **परिहीन** हुन्थ्यो । यसरी छ पटकसम्म उहाँको ध्यान **परिहीन** भयो ।

सातौं पटकमा उहाँले विचार गर्नु भयो– "ध्यान प्राप्त नभएसम्म मनुष्यको मरण पछि कुन गति प्राप्त हुन्छ भन्ने कुरा निश्चित हुँदैन । मैले छ-छ पटकसम्म ध्यान लाभ गर्ने कोशिश गरिसकें तर ध्यान लाभ हुन लाग्दा मेरो चित्त कमजोर भई ध्यान प्राप्त गर्न नसकिने हुन्छ । अब के गर्ने ? बरु आत्म हत्या गरेर मर्नु परे पनि मैले ध्यान प्राप्त गरेर नै छाड्ने छु ।"

यसरी निश्चिय गरी कपाल काट्ने छुरी हातमा लिई आफ्नो गला घोट्न ओछ्यानमा गई पल्टचो ।

त्यसबेला **मार**ले उहाँको चित्तलाई जानेर विचार गऱ्यो– "यस भिक्षुले

Downloaded from http://www.dhamma.digital

शस्त्रले आफ्नो गला काटेर जीवन परित्याग गर्नु परेतापनि **विपश्यना ध्यान** गरी अरहन्त नभई छोड्दैन । यसलाई जसरी भएपनि **विपश्यना ध्यान** गराउनुबाट रोक्नु पर्‍यो । अवश्य पनि यसले मेरो कुरा सुन्दैन । बरु भगवान बुद्धकहाँ गई उहाँलाई प्रार्थना गरी उसलाई तथागतबाट नै यो कार्य गर्नबाट रोक लगाउनु पर्‍यो ।

यसरी विचार गरिसकेपछि त्यस **मार**ले एउटा मान्छेको भेष धारण गरी भगवान बुद्धकहाँ गई बिन्ति गर्‍यो– "हे **महावीर** ! **तथागत महान् प्रज्ञा, ऋद्धि, यश** र **ऐश्वर्य**ले प्रज्वलित हुनुहुन्छ; **चक्षुमान** हुनुहुन्छ । तथागतको चरण कमलमा सादर वन्दना गर्दछु ।"

मारले फेरि भन्यो– "हे **महावीर** ! तथागतको शिष्य **गोधिक स्थविर अरहन्त** नभइकन नै आत्म हत्या गरी मर्न तयार भइरहेछ । कृपया तथागतले उसलाई रोकी आत्म-हत्या गर्नबाट बचाउनु होला ।"

तथागतले उसलाई 'यो **मार** हो' भनेर चिन्नु भई यो गाथा आज्ञा गर्नु भयो—

**"एवम्पि धीरा कुब्बन्ति – नावकङ्खति जीवितं ।**
**समूलं तण्हं अब्बुय्ह – गोधिको परिनिब्बुतोति ॥"**

अर्थ— आफ्नो जीवनलाई पर्वाह नगरी धैर्यवान् पण्डितहरू यस्तो पनि गर्दछन् । तृष्णाको जरा समेत उखेलेर **गोधिक स्थविर**ले **परिनिर्वाण** प्राप्त गरिसकेको छ ।

त्यसपछि **भगवान बुद्ध** दुइ, चार जना भिक्षुहरू साथमा लिनु भई **गोधिक स्थविर**कहाँ जानु भयो । त्यसबेला **गोधिक स्थविर** हातमा शस्त्र लिई ओछ्यानमा पल्टिरहेको थियो । त्यसै बेला **पापी मार**ले '**गोधिक स्थविर** कहाँ जन्म भयो होला' भनी खोजिरहेको थियो ।

तथागतले **मार**लाई भन्नु भयो– "**गोधिक स्थविर धैर्य** भएको हो, **प्रज्ञा**

Downloaded from http://www.dhamma.digital

भएको हो, जहिले पनि ध्यान गर्नमा लीन भइरहने हो । आफ्नो जीवनलाई पर्वाह नगरी दिन रात ध्यानमा नै लागिरहने हो ।"

तथागतले फेरि **मार**लाई सम्बोधन गर्नु भन्नु भयो– "हे **पापी मार** ! **गोधिक कुलपुत्र** जन्मेको ठाउँ तिमीले त के देख्न सक्छौ ? तिमी जस्तो शय जना, हजार जना मिलेर खोज्न गए पनि भेट्टाउन सक्दैनौ ।

यसै सन्दर्भमा तथागतले यो गाथा आज्ञा गर्नु भयो—

**"तेसं सम्पन्न सीलानं - अप्पमादविहारिनं ।**
**सम्मदञ्ञा विमुत्तानं - मारो मग्गं न विन्दति ॥"**

अर्थ— शीलले सम्पन्न भई अप्रमादी भई विहार गर्ने, राम्रोसँग बोध गरी विमुक्त भइसकेकाहरूको मार्ग **मार**ले देख्न सक्तैन ।

तथागतको यस धर्म-देशनाबाट थुप्रै मानिसहरूले **स्रोतापत्ति मार्ग-फल** प्राप्त गरे । बाँकी रहेका श्रोतावर्गलाई यो धर्म-उपदेश सार्थक सिद्ध भयो ।

Downloaded from http://www.dhamma.digital

# ४.१२. गरहदिन्नको कथा

४. (५८) "**यथा संकारधानस्मिं - उज्झितस्मिं महापथे ।**
**पदुमं तत्थ जायेथ - सुचिगन्धं मनोरमं ॥**"

४. (५९) "**एवं सङ्कारभूतेसु - अन्धभूते पुथुज्जने ।**
**अतिरोचति पञ्ञाय - सम्मासम्बुद्ध सावको ॥**"

एक समय **भगवान बुद्ध श्रावस्ती**को **जेतवनाराम**मा विहार गरिरहनु भएको थियो । त्यसबेला तथागतले यी दुइ गाथाहरू '**गरहदिन्न**' भन्ने उपासकको कारणमा आज्ञा गर्नु भएको हो ।

बुद्धकालीन समयमा **श्रावस्ती नगर**मा **सिरिगुत्त** र **गरहदिन्न** भन्ने दुइ जना साथीहरू थिए । ती दुबै साथीहरू धनी अर्थात् धनले सम्पन्न थियो । ती दुइ मध्ये **सिरिगुत्त** भगवान बुद्धको **उपासक** थियो । अर्को **गरहदिन्न निगण्ठ** अर्थात् **नाङ्गो साधुहरू**को चेला थियो ।

**निगण्ठ साधुहरू**ले आफ्ना शिष्य **गरहदिन्न**लाई जहिले पनि यसो भन्ने गर्दथे– "हे **गरहदिन्न** ! तिमीले तिम्रो साथी **सिरिगुत्त**लाई यसो भन– "तिमी श्रमण गौतम कहाँ किन गएको ? त्यहाँ गएर तिमीले के पाउँछौ ? हाम्रो गुरुहरू कहाँ जाऔं । हाम्रो गुरुहरूले कस्तो-कस्तो राम्रो उपदेश दिनु हुन्छ ।

**गरहदिन्न**ले **निगण्ठ साधुहरू**को बारम्बार प्रशंसा गरेको सुनेर **सिरिगुत्त**ले प्रश्न गर्‍यो– "तिम्रो गुरुहरूले के के जानेका छन् ?"

**गरहदिन्न**ले भन्यो– "अहो साथी ! मेरो गुरुहरूको बयान गरेर साध्य छैन । उहाँहरूले **अतीत, अनागत** र **वर्तमान**का सबै कुरा जान्नु हुन्छ । शरीर, वचन र मनले गरिने सबै कर्मको अर्थ, अनर्थ हुने भविष्यवाणी गर्न सक्नु हुन्छ ।"

यो कुरा सुनेर **सिरिगुत्त**ले पाँच शय जना **निगण्ठ साधुहरू**लाई आफ्नो

Downloaded from http://www.dhamma.digital

घरमा निमन्त्रणा गर्न लगायो। ती साधुहरू आउनु भन्दा पहिले उसले आफ्नो दुइ घरको बीचमा लामो ढल जस्तो खन्न लगायो । त्यसमा ठाउँ-ठाउँमा दुबैतिर काठहरू गाड्न लगाई डोरीले बाध्न लगायो। त्यस ढलमा चाहिने जति फोहर, असुचिले भर्न लगाई फोहर नदेखिने गरी कपडा, तन्नाहरू बिछ्याउन लगायो। ठाउँ ठाउँमा ठूल-ठूला माटाका भाँडाहरू राख्न लगाई त्यसमा सेतो कपडाले बेरी त्यसमाथि केराको बोटको पातहरू ओछ्याउन लगाई त्यसमा दाल-भात, तरकारी आदि सुगन्धित खाद्य-भोज्य चीजवस्तुहरूले सिंगार्न लगायो। अनि भोजन तयार भएको कुरो आफ्नो साथीलाई सूचना पठायो।

पाँच शय **निगण्ठ साधुहरू सिरिगुत्त**को घरमा आइपुगे । **सिरिगुत्त**ले तिनीहरूलाई सादर प्रणाम गरी यसो भन्यो– "भन्तेहरू ! यहाँको नियमानुसार तपाईहरू सबै भित्र पसिसकेपछि आफूलाई प्राप्त भएको आसन अघिल्तिर सबै जना लाइनमा उभिरहने र '**बस्ने**' भन्ने संकेट पाए पछि एकै पटक आसनमा बस्नु होला ।" 'निगण्ठ साधुहरूले हुन्छ' भनी त्यस्तै गर्दा सबै साधुहरू एकै पटक ढलमा खसेर फोहरमा लट्पटिन पुगे । लाजले भुतुक्क भई त्यहाँबाट तिनीहरू भाग्न खोज्दा **सिरिगुत्त**का मानिसहरूले "**अतीत, अनागत, वर्तमान**का कुरा जान्ने तिमीहरू नै होइन र ?" भन्दै तिनीहरूलाई फेरि चुट्न सम्म चुटेर पठाए ।

आफ्ना गुरुहरूको यस्तो दुर्दशा देखी **गरहदिन्न**लाई **सिरिगुत्त** देखेर साह्रै रिस उठ्यो। अनि उसले यस्तो अत्याचार गरे वापत **सिरिगुत्त**लाई एक हजार रुपैया जरिवाना गर्न राजालाई बिन्ति चढायो । यो सूचना **सिरिगुत्त** कहाँ पठाइयो। ठीक-बेठीक राम्रोसँग परीक्षा गरेर मात्र जरिवाना गर्न मिल्ने कुरा उल्लेख गरी **सिरिगुत्त**ले राजालाई बिन्ति चढायो । राजाले दुबैलाई अगाडि राखेर सबै भए गरेका कुराहरू सुनी सकेपछि भूल **गरहदिन्न** कै ठहरियो र जरिवाना पनि उसैलाई तिर्न लगाइयो । यस घटनाले गर्दा दुइ साथीहरूको बीचमा बोलचाल समेत बन्द भयो ।

Downloaded from http://www.dhamma.digital

केही दिनपछि **गरहदिन्न**ले **सिरिगुत्त**को गुरु **भगवान बुद्ध**सँग बदला लिने विचार गरी आफ्नो साथीलाई भेट्न गयो र विस्तारै तिनीहरू दुबै पहिले जस्तै मिल्न थाल्यो ।

एक दिन **गरहदिन्न**ले भगवान बुद्ध सहित पाँच शय भिक्षुहरूलाई निमन्त्रणा गर्ने इच्छा आफ्नो साथीलाई व्यक्त गऱ्यो । **सिरिगुत्त** तथागत कहाँ गई आफूले पहिले **निगण्ठ साधुहरू**लाई गरेको सबै घटनाको बयान गरिसकेपछि 'यो निमन्त्रणा बदला लिनको लागि पनि हुन सक्ने' भन्ने आशय व्यक्त गर्दै 'परिणामलाई विचार गरेर मात्रै निमन्त्रणा स्वीकार गर्ने हो कि' भनी तथागतलाई बिन्ति गऱ्यो ।

भगवान बुद्धले दिव्य दृष्टिले हेर्नु हुँदा उसले दुइ घरको बीचमा लामो खाडल खन्न लगाएर त्यसमा दाउरा भर्न लगाई आगो बालेर सबैलाई भष्म गर्ने विचार गरेको कुरो जान्नु भयो । 'यस निमन्त्रणा स्वीकार गर्दा के कति लाभ हुन्छ' भनी तथागतले फेरि विचार गर्नु भयो– "त्यस आगोमा तथागतले पाइला हाल्न लाग्दा आगो निभेर त्यसमा रातो कमलको फूल उत्पन्न भई त्यसमा बसेर उपदेश गर्दा **सिरिगुत्त** र **गरहदिन्न** दुबै साथीले **स्रोतापत्ति फल** प्राप्त गर्ने र महान जन समूहलाई धर्म लाभ हुने कुरो देख्नु भयो ।" त्यस कारण तथागतले त्यस निमन्त्रणा स्वीकार गर्नु भयो ।

तथागतले भोजन स्वीकार गर्नु भएको कुरो **सिरिगुत्त**ले साथीलाई सूचना दियो ।

"**श्रमण गौतम**लाई अब के गर्छु, मलाई थाहा छ" भन्दै **गरहदिन्न**ले दुइ घरको बीचमा लामो खाडल खन्न लगायो र त्यसमा दाउरा भर्न लगाई त्यसमा आगो लगाई दियो । त्यस खाल्डो माथि लहरै फल्याक ओछ्याउन लगाई गोवर-माटोले लिप्न लगायो । ती फल्याकहरू पाइला हाल्ने वित्तिकै आगोमा पर्ने हिसाबले व्यवस्था मिलाइएको थियो । अनि **सिरिगुत्त**ले जस्तै ठाउँ ठाउँमा खालि माटाका भाँडाहरू माथि भोजनका परिकारहरू सजाएर राखेको थियो ।

Downloaded from http://www.dhamma.digital

कोही **मिथ्यादृष्टि** भएका मानिसहरू 'आज **श्रमण गौतम**को विपत्तिको तामास हेर्ने' भनी त्यहाँ जम्मा हुन आइरहेका थिए । कोही **सम्यक् दृष्टि** भएका मानिसहरू 'आज बुद्ध लीलाको दर्शन गर्ने र तथागतको महान धर्म-देशना सुन्ने' भनी त्यहाँ जम्मा भइरहेका थिए ।

समय भएपछि तथागत पाँच शय भिक्षुहरूका साथ **गरहदिन्न**को घरमा आइपुग्नु भयो । **गरहदिन्नले तथागत**लाई सादर वन्दना गरी उहाँको हातबाट भिक्षा पात्र लिई **तथागत**लाई अगुवाई गर्दै लग्यो– "शास्ता ! यहाँको नियम अनुसार एक जना भित्र गएर आसन ग्रहण गरिसकेपछि मात्र अर्को भिक्षुलाई भित्र पठाइन्छ ।"

**तथागत**ले उसको कुरो स्वीकार्नु भयो र एक्लै भित्र जानु भई बिछ्याइएको आसनमा पाइला राख्न लाग्नु हुँदा बिछ्याइएको आसन अन्तर्धान भई आगो माथि ठूलो रातो कमलको फूल उत्पन्न भयो । त्यसैमा पाइला राखी **तथागत बुद्धासन**मा बस्नु भयो । त्यस्तै गरी अरू भिक्षुहरू पनि आ-आफ्नो आसनमा बसे ।

यो दृश्य देखी **गरहदिन्न**लाई शरीर भरी आगोले पोलेको जस्तो डाह भयो । उसले तुरन्तै आफ्नो साथीलाई बोलाउन पठाई त्यहाँ भएको सम्पूर्ण घटनाको जानकारी दियो र भोजनका परिकारहरू पनि अलि अलि मात्रै तयार गरेको कुरा उसलाई अवगत गरायो । **सिरिगुत्त**को सल्लाह अनुसार फेरि गएर हेर्दा ती माटाका खालि भाँडाहरूमा सबै खाद्य-भोज्य परिकारहरू टन्न भरिएको देखेर **गरहदिन्न** आश्चर्य चकित भई उसको शरीर **प्रीति प्रमोद**ले भरियो । प्रसन्न चित्तले सत्कारपूर्वक तथागतसहित सबै भिक्षुसंघलाई भोजन दान गरिसकेपछि **गरहदिन्न**ले तथागतलाई **भुक्तानुमोदना**को लागि प्रार्थना गऱ्यो ।

**भगवान बुद्ध**ले धर्मोपदेश गर्नु भई भन्नु भयो– "सबै प्राणीहरूले **प्रज्ञा**

Downloaded from http://www.dhamma.digital

**चक्षु** नभएको कारणले **बुद्ध शासन** र **श्रावकसंघ**को गुणलाई जान्न नसकेको हो । **प्रज्ञा चक्षु नभएका** प्राणीहरू अन्धा समान हुन् । प्रज्ञा चक्षु भएकाहरू नै साँचिकै आँखा भएका हुन् ।

यसै सन्दर्भमा तथागतले यी दुइ गाथा प्रकाशमा ल्याउनु भयो—

**"यथा संकारधानस्मिं - उज्झितस्मिं महापथे ।**
**पदुमं तत्थ जायेथ - सुचिगन्धं मनोरमं ॥"**

**"एवं सङ्कारभूतेसु - अन्धभूते पुथुज्जने ।**
**अतिरोचति पञ्ञाय - सम्मासम्बुद्ध सावको ॥"**

अर्थ— ठूलो फराकिलो बाटोमा फ्याँकिएका फोहरबाट राम्रो कमलको फूल फुले जस्तै **क्लेशयुक्त** भएका **पृथगजनहरू**को बीचमा **सम्यक्सम्बुद्ध**का **श्रावक शिष्यहरू प्रज्ञा ज्ञान**ले प्रकाशमय हुन्छन् ।

Dhamma.Digital

यस धर्म-देशनाको अन्तमा **सिरिगुत्त** र **गरहदिन्न** दुबैले **स्रोतापत्ति फल** प्राप्त गरे र त्यहाँ रहेका श्रोतागणहरूले महान धर्म लाभ प्राप्त गरे ।

**सिरिगुत्त** र **गरहदिन्न**ले आ-आफ्नो सम्पत्ति **बुद्ध शासन**मा अर्पण गरे ।

Downloaded from http://www.dhamma.digital

# शब्दार्थ

**अग्रस्थान –** प्रथम स्थान, श्रेष्ठ स्थान, विशेष स्थान ।

**अनागामी –** संसारमा फेरि फर्केर नआउने; यस्तो व्यक्तिले चौथो र पाँचौ संयोजन (काम राग र व्यापाद) लाई नष्ट गरी सम्बोधि प्राप्त गर्नको लागि तेस्रो अवस्था प्राप्त गरी सकेको हुन्छ। अनागामी पुद्गलले यसै जीवनमा अथवा अर्को जन्ममा रूप ब्रह्मलोक (सुद्धावास) मा उत्पन्न भई अरहन्त अवस्था प्राप्त गर्दछ ।

**अनुपूर्व –** क्रमशः ।

**अपाय दुर्गति –** नर्क, प्रेत, तिर्यक, असूर– यी चारलाई अपाय दुर्गति भनिन्छ ।

**अभिधर्म –** धर्म सम्बन्धी गम्भीर विषयको विवेचना अर्थात् धर्मको व्यवस्थित प्रकारले तात्विक व्याख्या ।

**अभिध्या –** गहिरो लोभ ।

**आचार्य –** शिक्षक ।

**आजीवक –** नाङ्गा साधुहरूको एक सम्प्रदाय ।

**आयुध –** शस्त्र ।

**आलम्बन –** इन्द्रियको विषय जस्तै- आँखाको रूप, कानको शब्द आदि ।

**इरियापथ –** शरीरको चार अवस्था– उठ्नु, हिंड्नु, बस्नु, लेट्नु ।

**उत्कण्ठित –** तर्सने, डराउने ।

**उदय-व्यय –** उत्पन्न-विनाश; अनित्य, यस सत्यलाई अनुभूतिको स्तरमा शरीर भित्र हुने संवेदनाको निरन्तर परिवर्तन भइरहने स्वभाव ।

**उदान वाक्य –** प्रीति वाक्य ।

**उत्सर्ग –** त्याग ।

**उपनिस्सय सम्पत्ति –** आर्य सत्य-धर्मको अवबोध ।

**उपस्थान –** सेवा-टहल ।

Downloaded from http://www.dhamma.digital

**उपस्थानसाला** – सभा भवन ।

**उपाध्याय** – अनुशासक ।

**उपासना** – सेवा; धनुर्विद्या ।

**कर्मस्थान ध्यान** – ध्यानको विषय, जसमा ध्यान एकाग्र गरिन्छ ।

**क्लेश** – विकार, मल ।

**कुटंम्बिक** – परिवारको मुखिया ।

**गन्धकुटी** – भगवान बुद्ध बस्नु हुने कोठा ।

**बत्तीसकोट्ठास** – केसा, लोमा, नक्खा, दन्ता, तचो आदि बत्तीस प्रकारका अशुभको ध्यान ।

**बुद्ध** – बोधि प्राप्त व्यक्ति, जसले विमुक्तिको मार्गको खोजी गर्दछ, यसमा अभ्यास गर्दछ र आफ्नै परिश्रमद्वारा अन्तिम लक्ष प्राप्त गर्दछ । बुद्ध दुइ प्रकारका छन्–
१) **पच्चेक बुद्ध** (प्रत्येक बुद्ध) एकांकी अथवा मौन बुद्ध जसले आफूले खोजी गरेको विधिबाट अरूलाई शिक्षा दिनमा असमर्थ हुन्छ ।
२) **सम्मासम्बुद्ध**– परिपूर्ण अथवा **सम्यक् बुद्ध** जो अरूलाई शिक्षा दिनमा समर्थ हुन्छ ।

**चतुप्रत्यय** – भिक्षुहरूको चार आवश्यक वस्तु– **चीवर**, **पिण्डपात्र**, **विहार** र **औषधी** ।

**चीवर** – भिक्षुहरूले लगाउने पीत वस्त्र ।

**छ वण्ण रश्मि** – भगवान बुद्धको छ प्रकारका रश्मि ।

**दिट्ठधम्म** – यही लोकमा सत्यको साक्षात्कार गर्नु ।

**द्वेष** – **राग**, **दोस**, **मोह**– यी तीन मुख्य चित्त-मलहरूमा एक ।

**निर्वाण** – (अग्नि) निभ्नु, **दुःख विमुक्ति**, **परमार्थ सत्य**, **असंस्कृत** ।

**परिहीन** – कमजोर ।

Downloaded from http://www.dhamma.digital

**पारमी –** पूर्णता; गुण; संसार चक्रबाट पार लगाई दिने; अहंकारलाई पगालेर विमुक्तितिर लैजाने **कुशल चेतसिक** स्वभाव ।

**दस पारमिता –** १) **दान** (त्याग), (२) **सील** (शील, सदाचार), (३) **नेक्खम्म** (नैष्क्रम्य, घर छोड्ने), (४) **पञ्ञा** (प्रज्ञा), (५) **वीरिय** (वीर्य, उद्योग), (६) **खन्ति** (क्षान्ति, सहिष्णुता), (७) **सच्च** (सत्य), (८) **अधिट्ठान** (अधिष्ठान, दृढ संकल्प), (९) **मेत्ता** (निःस्वार्थ मैत्रीभाव) र (१०) **उपेक्खा** (उपेक्षा, समता-भाव)

**पृथग्जन –** साधारण व्यक्ति, **आर्य मार्ग-फल** प्राप्त नभएको व्यक्ति ।

**योजन –** नापि विशेष, चार कोस ।

**लौकिक अभिञ्ञा –** **पञ्च अभिञ्ञालाई** लौकिक ध्यानमा लिइन्छ ।

**वर्षावासिक दान** वर्षावास तीन महिना दिने दान ।

**विनय –** भिक्षु-भिक्षुणीको लागि बनाइएको नियम ।

**विपस्सना भावना –** शरीर भित्रको संवेदना अनुभव गर्दै आफ्नो विषयमा सत्य दर्शाउने साधना-विधिको माध्यम्‌बाट अन्तदृष्टिको व्यवस्थित रूपले विकास गर्ने ।

**श्रद्धा –** चित्त प्रसन्न हुनु, हर्षित हुनु ।

**समापत्ति –** प्राप्ति, आठ ध्यानहरूको प्राप्तिलाई **अष्ठ समापत्ति** भनिन्छ ।

**निरोध समापत्ति –** निरोध अवस्थाको प्राप्ति (जसलाई नवौं) ध्यान पनि भनिन्छ ।

**सासन –** शासन, बुद्धको शिक्षा, विधान, भगवान बुद्धको शिक्षाको समयावधि ।

Downloaded from http://www.dhamma.digital

**सिहंसय्या** – दाहिने कुहिनाले टेकेर लेट्नु, भगवान बुद्ध **सिंहसय्या**मा लेटेर आराम लिनु हुन्थ्यो ।

**सोतापन्न** – स्रोतापन्न, यस्तो व्यक्ति जसले पहिलो **तीन संयोजन (सत्काय दृष्टि, विचिकित्सा र शीलव्रत परामार्श)** लाई उच्छेद गरी सम्बोधिको प्रथम अवस्था प्राप्त गरिसकेको हुन्छ। अब त्यो व्यक्ति **अपाय दुर्गतिमा** पतन हुँदैन। ऊ बढीमा सात जन्ममा पूर्ण विमुक्ति प्राप्त गर्नमा सुनिश्चित भएको हुन्छ ।

**सम्मोदनीय** – यथायोग्य ।

**शैक्ष पुद्‌गल** – उन्नतिको पथमा आरुढ, अरहन्त नभएको पुद्‌गल ।

**संघ** – समूह, **अरियो** अर्थात् जसले **निब्बान (निर्वाण)** को अनुभूति गरेको हुन्छ– तिनीहरूको समुदाय; बौद्ध भिक्षुहरू अथवा भिक्षुणीहरूको समुदाय; भिक्षु संघ अथवा भिक्षुणी संघ; **अरिय-संघ**को सदस्य ।

**हेतु सम्पन्न** – धर्म अवबोध गरी लिन सक्ने सत्व ।

**सैतिस बोधिपक्षिय धर्म** – परम ज्ञान, निर्वाण, आर्य मार्ग-फल प्राप्त गर्न सैंतीस बोधिपक्षिय धर्मको आवश्यकता पर्दछ । ती हुन् :–

१) **चार सतिपट्ठान,**

२) **चार सम्मप्पधान,**

३) **चार इद्धिपाद,**

४) **पाँच इन्द्रिय,**

५) **पाँच बल,**

६) **सात बोज्झङ्ग र**

७) **आठ मग्गङ्ग ।**

Downloaded from http://www.dhamma.digital

# सहायक ग्रन्थहरू

१) धम्मपद-अट्ठकथा – विपश्यना विशोधन विन्यास धम्मगिरि, इगतपुरी ।

२) THE DHAMMAPADA Verses and Stories.

— Translated by DAW MYA TIN, M.A.

३) बुद्धकालीन ग्रन्थहरू – लेखक– भिक्षु अमृतानन्द महास्थविर

४) धम्मपद – नेपाली अनुवाद सहित – भिक्षु अमृतानन्द ।

५) पालि-हिन्दी कोश – डा. भदन्त आनन्द कौसल्यायन ।

६) धम्मपद – अनुवादक एवं सम्पादक– डा. त्रिपिटकाचार्य भिक्षु धर्मरक्षित एम. ए. डी. लिट्.

७) नेपाली भाषा र व्याकरण – विष्णु गोपाल रिसाल, शिव गोपाल रिसाल ।

८) बोधिपक्खिय दीपनी – अनु. सुश्री नानीमैयाँ मानन्धर ।

९) पालि शब्द-संग्रह – इगतपुरी ।

Downloaded from http://www.dhamma.digital

# लेखिकाका प्रकाशित पुस्तकहरू

| पुस्तकको नाम | प्रकाशन वर्ष वि. सं. | प्रकाशन वर्ष ई. सं. |
|---|---|---|
| १) बुद्ध वचन ................................ | २०२९ | १९७२ |
| २) नारी प्रति बुद्धका देन .................. | २०३१ | १९७४ |
| ३) विधुर जातक (नेपाली) ................. | २०३३ | १९७६ |
| ४) मग्गङ्ग-दीपनि (प्रथम, दुतीय, तृतीय, चतुर्थ संस्करण) ....... | २०३३ | १९७६ |
| ५) महाचीन यात्रा ................................ | २०३४ | १९७७ |
| ६) विपश्यना अभ्यास पद्धति ..................... | २०३४ | १९७७ |
| ७) बुद्धका प्रथम सन्देश ......................... | २०३६ | १९७९ |
| ८) बोधिपक्खिय दीपनी (प्रथम, दुतीय संस्करण) | २०३८ | १९८० |
| ९) नियाम-दीपनी ................................ | २०४० | १९८२ |
| १०) नियाम दीपनी (बर्मीज अनुवाद) ...... | २०४२ | १९८५ |
| ११) जिगु पौ ................................................ | २०४२ | १९८६ |
| १२) धर्म : जीवन जिउने कला ............ | २०४३ | १९८६ |
| १३) चतुसच्च-दीपनी ............................ | २०४५ | १९८८ |
| १४) त्रिरत्न वन्दना ................................ | २०४६ | १९८८ |
| १५) प्रवचन प्रवाह ............................ | २०४६ | १९८८ |
| १६) धर्म ज्योति ............................ | २०४६ | १९८९ |
| १७) बुद्ध वचन (पालि सहित) ................ | २०४९ | १९९२ |
| १८) विपश्यना : एक जीवनोपयोगी साधना .... | २०५६ | २००० |
| १९) धम्मपद-अट्ठकथा [भाग-१] ............ | २०५८ | २००१ |
| २०) धम्मपद-अट्ठकथा [भाग-२] ............ | २०५९ | २००२ |

**प्रकाशन प्रतीक्षामा :**

१) धम्मपद-अट्ठकथा [भाग-३, भाग-४]

२) निर्मल धारा धर्मको

३) विधुर जातक (नेपाल भाषा)

४) उपयोगी विचार धारा

५) बुद्ध-धर्म-संघ (तथागत)

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital